# विद्यालय शिक्षा क्षेत्र योजना, २०८०-२०८४

# School Education Sector Plan, 2023-2027




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

**प्रकाशक**

**चन्द्रनगर गाँउपालिका**

**सर्लाही**

**२०८० जेष्ठ**

CamScanner

# चन्द्रनगर गाउँपालिका
# नाढीमन ताल, सर्लाही
# मधेश प्रदेश, नेपाल

## गाउँपालिका अध्यक्षको संदेश

वि.स. २०७२ मा जारी नेपालको संविधान अनुसार संघीय गणतन्त्रात्मक राज्य व्यवस्था प्रारम्भ भई संघ, प्रदेश र स्थानीय गरि तीन तहका सरकार क्रियाशील छन् । संविधानको मूल मर्मलाई सफलीभूत पार्न अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा यस सम्बन्धी नियमावली, २०७७ कार्यान्वयनमा छन् । अन्तर्राष्ट्रियस्तरका सभा सम्मेलनमा गरेका प्रतिबद्धता, सन्धि-सम्झौताले बालबालिकाको शिक्षाको हकलाई सुनिश्चित गरेका छन् । बालबालिका सम्बन्धि ऐन, २०७५ ले बालबालिकाको शिक्षाको हकलाई थप सुनिश्चित गरेको छ । राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य, इन्चोन सम्मेलन, २०१५ ले जारी गरेका घोषणापत्र, नेपाल सरकारको दीर्घकालीन सोच सहितको पन्ध्रौ योजनामा समेत शिक्षालाई महत्वपूर्ण स्थान दिनु सकारात्मक पक्ष हो । यस गाउँपालिकाको सामाजिक-सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसांख्यिकीय स्वरूप, शासकीय स्वरुप लगायत शिक्षाको समग्र अवस्थाका आधारमा योजना निर्माण गरि व्यवस्थित र योजनावद्ध ढंगले कार्य गरेमा मात्र शैक्षिक सुधारमा ठोस योगदान पुग्न सक्छ । विद्यालयमा विद्यार्थी भर्ना भएर मात्रै गुणस्तरीय सिकाइ हुन सक्दैन् यसलाई शिक्षकको क्षमता तथा उत्प्रेरणामा निरन्तर पेसागत सहयोग पद्धति विकास गर्न अहिलेको टड्कारो आवश्यकता हो । तिनै तहका सरकारहरूको समन्वय, सहकारिता र सहकार्यबाट मात्र शिक्षा प्रणालीमा आमूल परिवर्तन गरि पहुँच, गुणस्तर र सहभागिता सुनिश्चित गर्न सकिन्छ ।

गाउँपालिकामा सञ्चालन भएका सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरू व्यवस्थित र योजनाबद्ध ढंगले सञ्चालन गरे मात्रै गाउँपालिकाको अपेक्षित उपलब्धि प्राप्त हुन्छ, त्यसका लागि सही दिशाबोध गर्ने कार्य योजनाले गर्छ । योजनाले शैक्षिक क्षेत्रमा के-के गर्ने, कसरी गर्ने, कहिले गर्ने, क-कसले गर्ने, कहाँ गर्ने जस्ता कार्यक्रम पूर्वनिर्धारित देखाई गाउँपालिकाको लक्ष्य, उद्देश्य, रणनीति, साधनस्रोत र नीति निर्धारण बजेट व्यवस्थापन जस्ता कार्यमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

गुणस्तरीय शिक्षाबाट देशका लागि आवश्यक पर्ने सक्षम, प्रतिस्पर्धी, समाज तथा मुलुक प्रत्युत्तरदायी जनशक्ति तयार गर्नुको साथै व्यक्तिको सर्वाङ्गीण विकासमा टेवा पुर्याउन र मुलुकको सर्वाङ्गीण विकासका लागि आवश्यक ज्ञान, सीप र अभिवृद्धि भएका जनशक्ति उत्पादन गर्नु आजको आवश्यकता हो । साथै शिक्षालाई उत्पादनमूलक बनाई शिक्षामा सबैको पहुँच स्थापित गर्नु राज्यको प्रमुख दायित्व हो । नेपालको संविधानले शिक्षालाई मौलिक रूपमा प्रत्याभूत गर्दै आएको सबै नागरिकले शिक्षाको समान अवसर प्रदान गर्नु राज्यको दायित्व हुने व्यवस्था गरेको छ । यो दायित्व पुरा गर्नु तीनै तहका सरकारहरूको उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ । गाउँपालिकाको विशिष्ट परिवेश, आवश्यकतालाई सम्बोधन हुनेगरि विभिन्न नीति कार्यक्रम बन्ने गरेका छन् । गाउँपालिकाको शिक्षाको कार्यदिशा तथा यस गाउँपालिकाले प्राथमिकता निर्धारण गरि सोच, लक्ष्य, उद्देश्य, रणनीति र उपलब्धि समेत समावेश गरि यो योजना निर्माण गरिएको छ । शिक्षा क्षेत्रमा देखिएका समस्या चुनौती र अवसरहरूलाई सही ढंगले सम्बोधन गर्न यस योजनाले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

.................................

राज कुमार महतो

अध्यक्ष

CS CamScanner

# चन्द्रनगर गाउँपालिका
# नाढीमन ताल, सर्लाही
# मधेश प्रदेश, नेपाल

## गाउँपालिका उपाध्यक्षको संदेश

शिक्षा सभ्यताको मुहान हो । शिक्षा विकास र सम्वृद्धिको आधार पनि हो । गुणस्तरीय शिक्षा आम नागरिकको चाँसो र सरोकारको विषय बनेको छ । यस सन्दर्भमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर सबैको पहुँचमा पुर्याउनको लागि योजनावद्ध शैक्षिक कार्यक्रम निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक छ । यही आवश्यकतालाई पुरा गर्ने लक्ष्यका साथ निर्माण गरिएको शिक्षा योजनाले समग्र गाउँपालिकाको विकासमा विशेष सहयोग पुर्याउने विश्वास लिएको छु । गाउँपालिकाले आफ्नै विशिष्ट बस्तुस्थितिको सापेक्षतामा विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरि कार्यान्वयनमा लादै गर्दा थुप्रै चुनौतीहरू आउने कुरामा हामी सबै सरोकारवालाहरू सचेत हुन आवश्यक छ । हामी सबै मिलेमा गाउँपालिकाको शिक्षा मूलतः सामुदायिक विद्यालयको शैक्षिक अवस्थामा अपेक्षित सुधार ल्याउन सक्छौं । यस योजनाले गाउँपालिकाको शैक्षिक सुधारमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा म विश्वस्त छु । गाउँपालिकाले शैक्षिक सुधार गर्ने अठोटका साथ निर्माण गरेको यो समावेशी विद्यालय शिक्षा क्षेत्र योजना शैक्षिक विकासमा एक महत्वपूर्ण कदम हुनेछ भन्ने मेरो विश्वास छ । छोटो समयको तयारीमा उत्कृष्ट शिक्षा योजना निर्माण गर्न सकेको यस सुखद अवसरमा म सबै सरोकारवालाहरूलाई बधाइ ज्ञापन गर्न चाहन्छु । अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको बदलिएको राजनीतिक मान्यता र प्रशासनिक संरचनामा माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानतः स्थानीय तहको भएकोले स्थानीय तहले आफ्नो स्थानीय परिवेश र स्थानीय आवश्यकताको जगमा शैक्षिक योजना र कार्यक्रमहरू निर्माण गर्न सक्ने प्रावधान रहेको छ । यसै संविधान प्रदत्त अधिकारको जगमा टेकेर गाउँपालिकाले आफ्नै परिवेशमा विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरि कार्यान्वयन गर्ने गाउँसभा र शिक्षा समितिको निर्णयलाई आत्मसात गरेको हो । यस प्रक्रियामा प्रधानाध्यापक, अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, विभिन्न सामाजिक संघ संस्थामा संलग्न व्यक्ति सबैको भूमिका महत्वपूर्ण रह्यो । खासगरि सिकाइ परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगको लागि विशेष धन्यवाद दिन चाहन्छु ।

यो विद्यालय शिक्षा क्षेत्र योजनाले समावेशी र सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात गर्दै सबै बालबालिकाहरूलाई रमाइलो वातावरणमा शिक्षा प्राप्त गर्न पाउने अधिकारको संरक्षण गर्नेछ भन्ने विश्वास पैदा गरेको छ । शिक्षालाई सबैको पहुँचमा पुर्याउन तथा निरक्षरता उन्मुलन गर्नमा पनि यस योजनाले सहयोग गर्ने छ । श्रमप्रति सकारात्मक चिन्तन भएका नागरिक निर्माण गरि उत्पादनमूखी शिक्षाको वातावरण निर्माण गर्नमा पनि यो योजना सफल हुनेछ । विद्यालय शिक्षा क्षेत्र योजना निर्माणमा सहयोग गर्नु हुने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदन बहादुर थिङ र शिक्षा प्रमुख कमला कुमारी बस्नेत लगायत सम्पुर्ण शिक्षक, अभिभावक, राजनीति दलका प्रतिनिधिहरूप्रति म धन्यवाद ज्ञापन गर्न चाहन्छु । छोटो समयमा उत्कृष्ट र व्यवहारिक विद्यालय शिक्षा क्षेत्र योजना निर्माणमा सहयोग गर्नु हुने सिकाइ परियोजनाका परामर्शकर्ता श्री भरत सहनी विशेष धन्यवादको पात्र हुनुहुन्छ । उहाँको विद्धताको म उच्च सम्मान गर्दै यस योजनाको प्रभावकारी कार्यान्वयनमा सबैको साथ र सहयोग पाउने अपेक्षा गरेको छु ।

.................................

गिता देवी महतो

उपाध्यक्ष

CS CamScanner

**चन्द्रनगर गाउँपालिका**
**नाढीमन ताल, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

## प्रमुख प्रशासकिय अधिकृतको संदेश

देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ। यो निरन्तर चलिरहने प्रक्रिया हो। यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरू हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ। स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरू तयार गरि वर्तमान एवम् भावी पुस्तालाई "सुनौलो चन्द्रनगर सुसम्पन्न गाउँपालिका" ले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको सर्वविदित नै छ। चन्द्रनगर गाउँपालिकाले यस गाउँपालिकाको शैक्षिक सुधार गरि गुणस्तरीयता ल्याउन विद्यालय शिक्षा क्षेत्र योजना (२०८०-२०८४) तयार गरि कार्यान्वयन हुने क्रममा रहेको छ।

विद्यालय शिक्षा क्षेत्र योजना यस गाँउपालिकाको समग्र शैक्षिक क्षेत्रको ५ वर्षे मार्गदर्शन हो। यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरूमा शैक्षिक कार्यक्रमहरू तयार गर्दै अगाडि बढ्ने अपेक्षा गाँउपालिकाले राखेको छ। यस विद्यालय शिक्षा क्षेत्र योजना निर्माणमा सामाजिक विकास समिति, गाउँ शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा, विद्यालय शिक्षा क्षेत्र योजना निर्माण समिति, प्राविधिक समिति, सिकाइ परियोजना र सम्पूर्ण महानुभावहरूको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु।

..................................
मदन बहादुर थिङ्ग
प्रमुख प्रशासकिय अधिकृत
चन्द्रनगर गाउँपालिका, सर्लाही

CamScanner

# चन्द्रनगर गाउँपालिका
# नाढीमन ताल, सर्लाही
# मधेश प्रदेश, नेपाल

## शिक्षा शाखा प्रमुखको संदेश

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो । दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरूसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा विद्यालय शिक्षा क्षेत्र योजनाले महत्वपूर्ण योगदान पुर्याउँछ ।

चन्द्रनगर गाँउपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरूद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ । विद्यालय शिक्षा क्षेत्र योजना तयार गर्न आवश्यक निर्देशन तथा परामर्श प्रदान गर्ने गाउँ शिक्षा समिति तथा प्राविधिक रुपमा सहयोग गर्ने शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाइ सर्लाही र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयप्रति धन्यवाद व्यक्त गर्दछौ ।

यस विद्यालय शिक्षा क्षेत्र योजनालाई आकारमा ल्याउन आफ्नो महत्वपूर्ण समय दिई निरन्तर प्राविधिक सहयोग गर्नु भएका सिकाइ परियोजना र परामर्शकर्ता श्री भरत सहनीलाई धन्यवाद दिन चाहन्छु । यस विद्यालय शिक्षा क्षेत्र योजना निर्माणमा महत्वपूर्ण योगदान पुर्याउने प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह तथा सुझाव प्रदान गरि सहयोग पुर्याउने गाउँपालिका परिवार, गाउँ शिक्षा समिति, नेपाल शिक्षक महासंघ, शिक्षकका पेसागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी, राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता लगायतका महानुभावहरूप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ ।

................................

कमला कुमारी बस्नेत<br>
शिक्षा, युवा तथा खेलकुद शाखा<br>
शाखा अधिकृत<br>
चन्द्रनगर गाँउपालिका

CS CamScanner

Contents

परिच्छेद एक 1
१.१ परिचय 1
१.२ चन्द्रनगर गाँउपालिकाको समग्र परिचय 2
१.३ चन्द्रनगरको शैक्षिक अवस्था 8
१.४ योजना निर्माण प्रक्रिया 18
परिच्छेद दुई – दूरदृष्टि, ध्येय, उद्‌देश्य, रणनीति तथा लक्ष्य 19
२.१ परिचय 19
२.२ राष्ट्रिय दीर्घकालिन सोच 20
२.३ गाउँपालिकाको दीर्घकालिन सोच 20
२.४ ध्येय 20
२.५ गाउँपालिकाको उद्‌देश्य 20
२.६ गाउँपालिकाको रणनीति 20
२.७ अपेक्षित मुख्य उपलब्धी 22
२.८ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य 23
परिच्छेद तीन – विद्‌यालय शिक्षाका मुख्य उपक्षेत्रहरु 25
३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा 25
३.२ आधारभूत शिक्षा 29
३.३ माध्यमिक शिक्षा 38
३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तथा तालिम 42
३.५ पाठ्यक्रम तथा मूल्याँकन 44
३.६ शिक्षक व्यवस्थापन र विकास 51
३.७ अनौपचारिक शिक्षा, खुला सिकाइ, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइ 58
परिच्छेद चार – अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु 63
४.१ परिचय 63
४.२ शैक्षिक समता र समावेशीकरण 63
४.३ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम 67
४.४ छात्रवृति 72
४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा 74
४.६ विद्‌यालय भौतिक पूर्वाधार विकास 77
४.७ शिक्षामा सूचना र प्रविधि 81

CamScanner

परिच्छेद पाँच – सुशासन तथा व्यवस्थापन 86
५.१ परिचय 86
५.२ वर्तमान अवस्था 88
५.३ अवसर तथा चुनौतीहरु 90
५.४ उद्देश्य 91
५.५ रणनीतिहरु 91
५.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलापहरु र लक्ष्य 92
परिच्छेद छ – लगानी र स्रोत व्यवस्थापन 94
६.१ परिचय 94
६.२ वर्तमान अवस्था 95
६.३ अवसर तथा चुनौतीहरु 96
६.४ उद्देश्य 97
६.५ रणनीतिहरु 97
६.६ स्रोतको अनुमान र विश्लेषण 98
६.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान 98
परिच्छेद सात – कार्यान्वयन, अनुगमन, मूल्याँकन, समन्वय र सहजीकरण 100
७.१ परिचय 100
७.२ वर्तमान अवस्था 100
७.३ अवसर तथा चुनौतीहरु 101
७.४ उद्देश्य 101
७.५ रणनीतिहरु 101
७.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलापहरु र लक्ष्य 102
७.७ विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको प्रबन्ध 103
परिच्छेद आठ – योजनाको नतिजा खाका 106
८.१ परिचय 106
८.२ योजनाको समग्र नतिजा खाका 106
८.३ प्रमुख कार्य सम्पादन सूचकहरु 109
अनुसूचीहरु 111
अनुसूची १ – गाउँ शिक्षा समितिको विवरण 111
अनुसूची २ – सामाजिक विकास समितिको विवरण 111

CamScanner

अनुसूची ३ – विद्यालय शिक्षा क्षेत्र योजना निर्माण प्राविधिक समितिको विवरण 111
अनुसूची ४ – शिक्षा, यूवा तथा खेलकूद शाखाका कर्मचारीको विवरण 112
अनुसूची ५ – सामुदायिक विद्यालय तर्फ रहेको विद्यालयगत दरबन्दी संख्या 112
अनुसूची ६ – सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुको विवरण 113
प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान (६.७) को विस्तृतिकरण 115
महत्वपूर्ण लिंकहरु 129
सन्दर्भ सामग्रीहरु 130

CamScanner

# Abbreviations:

| | | |
|---|---|---|
| 1. | MoEST | Ministry of Education, Science and Technology |
| 2. | CEHRD | Centre for Education and Human Resource Development |
| 3. | CDC | Curriculum Development Centre |
| 4. | ERO | Education Review Office |
| 5. | CBS | Central Bureau of Statistics Nepal |
| 6. | SSDP | School Sector Development Plan |
| 7. | SESP | School Education Sector Plan |
| 8. | SIP | School Improvement Plan |
| 9. | IEMIS | Integrated Educational Management Information System |
| 10. | PMEC | Prioritized Minimum Enabling Conditions |
| 11. | NEGRP | National Early Grade Reading Program |
| 12. | EGRP | Early Grade Reading Project |
| 13. | EGRA | Early Grade Reading Assessment |
| 14. | CB-EGRA | Classroom-Based Early Grade Reading Assessment |
| 15. | CLC | Community Learning Centre |
| 16. | NARN | National Assessment for Reading and Numeracy |
| 17. | NASA | National Assessment of Student Achievement |
| 18. | TST | Time Spent in Teaching |
| 19. | TVET | Technical and Vocational Education and Training |
| 20. | CTEVT | Council for Technical Education and Vocational Training |
| 21. | ENSSURE | Enhanced Skills for Sustainable and Rewarding Employment |

CS CamScanner

# परिच्छेद एक

## १.१ परिचय

नेपालको संविधान, २०७२ ले संघीय गणतन्त्र अन्तरगत राज्य व्यवस्था संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारको परिकल्पना अनुरुप क्रियाशील रहेका छन् । उक्त संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरू स्थापित गरेको छ । उक्त संवैधानिक शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरूलाई प्रत्याभूत गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ ।

त्यसैगरि स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ वटा अधिकारको कार्यान्वयनका साथै शिक्षा क्षेत्रको १० वर्षे योजना, शिक्षा नीति २०७६, १५ औं आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पुरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । समावेशी समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजिवन सिकाइका अवसरहरूलाई प्रोत्साहित गरि यस चन्द्रनगर गाँउपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य तथा उद्देश्य शिक्षा योजनाले गरेको छ । यसैगरि स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ (२४) मा योजना तयारीको नीतिगत व्यवस्था भएको छ । जसमा गाँउपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक वार्षिक क्षेत्रगत योजना निर्माण गर्नुपर्ने र उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका नीति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलवायू परिवर्तन, लैङ्गिक समानता तथा समावेशीकरण, विपद् व्यवस्थापन, सुसाशन आदि विषयलाई ध्यान दिई दिर्घकालिन किसिमका योजनाको सूची (Project Bank) तयार तथा सहभागितामुलक योजना तर्जुमा, सरोकारवालाहरूको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था छ ।

नेपालको शिक्षा क्षेत्रमा राणाकालको उत्तरार्धदेखि प्रयास हुँदै आएको पाइएतापनि व्यवस्थित रुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ । यसैगरि सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्चस्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ जस्ता आयोगका प्रतिवेदनहरू तयार गरि कार्यान्वयन भइसकेका र हुने क्रममा छन् । यसका अलावा शिक्षा क्षेत्रमा विभिन्न योजना, परियोजना र कार्यक्रम लागू भएका छन् । जस अन्तरगत रेडियो शिक्षा शिक्षक तालिम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो २०४९, दोश्रो २०५६), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा आयोजना (२०५९-२०६५), माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००३-२००८), सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२०५९-२०६६), व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (२०६८-२०७२) का साथै सबैका लागि शिक्षा कार्यक्रम (सन् २००१-२०१५), सहश्राब्दी विकास लक्ष्य (२०००-२०१५), दिगो विकासका लागि शिक्षा कार्यक्रम (२०१५-२०३०) मा उल्लिखित उद्देश्य एवम् सूचकहरूलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५), विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२१) को



CS CamScanner

समाप्तिसँगै चन्द्रनगर गाँउपालिकाले विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan-SESP) आगामी ५ वर्षे शिक्षा विकासको दृष्टिकोण सहित वि.सं. २०८०-२०८४ का लागि तयार गरेको छ ।

## १.२ चन्द्रनगर गाँउपालिकाको समग्र परिचय

नेपालमा २०५२ देखि २०६२/६३ सम्म चलेको द्वन्द्व पश्चात वि.सं. २०७० को संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान (२०७२) जारी भई संघ, प्रदेश र स्थानीय तहको कानुनी तथा व्यवस्थापकीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन २०७४ सँगै चन्द्रनगर गाउँपालिकामा पनि निर्वाचित स्थानीय सरकार गठन भएको हो । यो गाउँपालिकाले यस अवधिमा शैक्षिक, भौत्तिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षेत्रमा केही प्रगति हासिल गरेको छ ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक अवस्था

मिश्रित बसोवास रहेको यस गाउँपालिकामा मुख्य बोलिचालिको भाषा मैथिली रहेको छ । धार्मिक रुपमा हिन्दु धर्मालम्वीहरूको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने चाडपर्वहरूमा जनैपुर्णिमा, कृष्ण जन्माष्टमी, तिज, जितिया, दशै, तिहार, झिझिया, छठ, माघेसंक्रान्ती, फागुपुर्णिमा (होली), चैते दशैं रामनवमी, समाचकेवा आदि रहेका छन् । धार्मिक तथा भाषिक रुपमा करिब एकरुपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । भेषभुषाको रुपमा पुरुषहरूले मुख्य रुपमा धोति, पाइन्ट, कुर्ता, दौरा सुरुवाल, गम्छा, टोपी तथा कोट र महिलाले सारी, धोती, पाइन्ट, कुर्ता सुरुवाल लगाउने गर्दछन् ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस गाँउपालिकाको जम्मा जनसंख्या ३६९०८ रहेको छ, जसमा पुरुष १८,७०५ जना (५०.७ प्रतिशत) र महिला १८,२०३ जना (४९.३ प्रतिशत) रहेका छन । सोही जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये १.४ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन्, जसमध्ये महिला १.१ प्रतिशत र पुरुष १.६ प्रतिशत रहेका छन् । घरधुरी सर्वेक्षण २०७५ का अनुसार यस गाउँपालिकामा कोइरी/कुश्वाहा, मुस्लिम, तेली (साह), यादव, मुसहर, दनुवार, थारू, केवट, बिन, चमार, दुसाध, सुडी, हजाम, कुर्मी, कुम्हाले, बरै, लोहार, कठबनिया, ब्राम्हण, नुनिया लगायत ३१ जातजातीहरूको बसोवास रहेको छ । जस अनुसार कोईरी/कुश्वाहा १५.०२%, मुस्लिम ११.८४%, तेली (साह) १०.१३%, मुसहर ८.४५%, यादव ८.२१%, थारू ६.३०%, दनुवार ५.२६%, जातीहरूको प्रमुख बाहुल्यता रहेको छ । यसैगरि भाषागत रुपमा यस गाँउपालिकामा मैथिली भाषा बोल्ने ८१.१४%, थारु भाषा बोल्ने ४.३०%, उर्दू भाषा बोल्ने ०.८९%, हिन्दी भाषा बोल्ने ०.०६%, नेवारी भाषा बोल्ने ०.०५%, गुरुङ्ग भाषा बोल्ने ०.०२%, भोजपुरी भाषा बोल्ने ०.०१% र अन्य भाषा बोल्ने १३.२१ % रहेका छन् । यसैगरि राष्ट्रिय जनगणना २०७८ का अनुसार ५ वर्ष भन्दा माथिको जनसंख्या मध्ये ५४.७% साक्षर र ४५.२% निरक्षर रहेका छन्, यसैगरि महिला साक्षरता ४५.९% र पुरुष साक्षरता ६३.२% रहेको छ ।

### १.२.२ आर्थिक अवस्था

नेपाल मानव विकास प्रतिवेदन २०१४ तथा गरिबीको लघु क्षेत्र अनुमान २०६८ मा सर्लाही जिल्लाको सन्दर्भमा औंल्याइएका तथ्यहरूलाई चन्द्रनगर गाउँपालिकाको हकमा पनि सामान्यीकरण गरिएको छ । नेपाल मानव विकास प्रतिवेदन, २०१४ अनुसार सर्लाही जिल्ला मानव विकास सूचकांकको दृष्टिकोणले साविक ७५ जिल्लाहरू मध्ये ६४ औं स्थानमा पर्दछ । यस जिल्लाको मानव विकास सूचकांकको मान ०.४०२ रहेको छ । जसअनुसार औषत आयु ७०.०६ वर्ष तथा प्रतिव्यक्ति आम्दानी ८०९ अमेरिकी डलर रहेको छ । राष्ट्रिय योजना आयोगको अनुसार यस जिल्लामा १७.७ प्रतिशत गरिब रहेको देखिन्छ ।



CS CamScanner

कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुर्याउने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन चन्द्रनगर गाउँपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरूलाई अगाडि बढाएको छ । यहाँका मानिसहरूको आर्थिकस्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यवसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रुपमा फैलिएको कोभिड-१९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ । यसै सन्दर्भमा आ.व.२०७९/०८० मा नेपाल सरकार शसर्त अनुदान तथा गाउँपालिकाको आन्तरिक स्रोतबाट शिक्षाका लागि छुट्याएको कार्यक्रम तथा बजेट विवरण तल प्रस्तुत गरिएको छ ।

**आ.व.२०७९/०८० मा शिक्षामा बजेट (आन्तरिक स्रोत)**

| क्र.सं. | कार्यक्रमको नाम | लक्ष्य | बजेट |
|---|---|---|---|
| १ | अरनिको ज.आ.विद्यालयलाई संचालन तथा व्यवस्थापन अनुदान | १ | २००००० |
| २ | किसनपुर मा.वि.लाई संचालन तथा व्यवस्थापन अनुदान | १ | ५००००० |
| ३ | गा.पा.को समावेशी शिक्षा नीति कार्यान्वयन निर्देशिका कार्यान्वयन | १ | ३००००० |
| ४ | चित्रगुप्त विद्यालयलाई संचालन व्यवस्थापन अनुदान | १ | ५०००० |
| ५ | जनता प्रा.वि. कोरयाही टोलमा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १ | ५०००० |
| ६ | जनता प्रा.वि. बबरगंजमा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १ | ५०००० |
| ७ | जनता प्रा.वि. बरगजवा किसनपुरमा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १ | ५०००० |
| ८ | दुर्गा खोभारी ज.मा.वि. लाई विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १ | २०००००० |
| ९ | परीक्षा संचालन तथा व्यवस्थापन | १ | २००००० |
| १० | मरिचमान मा.वि. लाई संचालन व्यवस्थापन खर्च | १ | ८००००० |
| ११ | राजा अभिषेक प्रा.वि. बरकुडवामा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १ | ५०००० |
| १२ | विद्यालय भर्ना अभियान | १ | १५०००० |
| १३ | विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप प्रतियोगिता | १ | १५०००० |
| १४ | विद्यालयहरूको लागि खेलकूद सामग्री खरिद | १ | २००००० |
| १५ | शैक्षिक जनचेतनामूलक अभिभावक अभिमुखिकरण कार्यक्रम | १ | १००००० |
| १६ | शैक्षिक भ्रमण- शिक्षा | १ | २००००० |
| १७ | शैक्षिक भ्रमण- कार्यालय संचालन तथा प्रशासनिक | १ | ५०००० |
| १८ | शिक्षक क्षमता अभिवृद्धि तालिम | १ | ३००००० |
| १९ | शिक्षक दिवस | १ | ५०००० |
| २० | सामुदायिक विद्यालयमा कार्यरत लेखापालहरूको पारिश्रमिक साझेदारी | १ | ३००००० |
| २१ | सामुदायिक विद्यालयहरूको बाल विकास सहजकर्ता र कार्यालय सहयोगीहरूको पारिश्रमिकमा साझेदारी | १ | ४०००००० |
| २२ | हरिदर्वी कृष्णा प्रा.वि.लाई संचालन तथा व्यवस्थापन अनुदान | १ | ७५००० |
| **जम्मा** | | | **९८२५०००** |



CS CamScanner

## आ.व.२०७९/०८० मा शिक्षामा बजेट (नेपाल सरकार-सशर्त अनुदान)

| क्र.सं. | कार्यक्रमको नाम | स्रोत | बजेट |
|---|---|---|---|
| १ | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपद्को समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | शसर्त अनुदान चालु, सोधभर्ना हुने अनुदान र ऋण समेत | ४००००० |
| २ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | शसर्त अनुदान चालु, सोधभर्ना हुने अनुदान र ऋण समेत | २१६०००० |
| ३ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | शसर्त अनुदान चालु, सोधभर्ना हुने अनुदान र ऋण समेत | १३६३००० |
| ४ | संस्थागत क्षमता विकास परीक्षा संचालन एवम् विद्यार्थी मूल्याँकन | शसर्त अनुदान चालु, सोधभर्ना हुने अनुदान र ऋण समेत | ५२१००० |
| ५ | प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | शसर्त अनुदान चालु, सोधभर्ना हुने अनुदान र ऋण समेत | ४८८९००० |
| ६ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | शसर्त अनुदान चालु, सोधभर्ना हुने अनुदान र ऋण समेत | १२१९००० |
| ७ | तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | शसर्त अनुदान चालु, सोधभर्ना हुने अनुदान र ऋण समेत | १२५२९००० |
| ८ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | शसर्त अनुदान चालु, सोधभर्ना हुने अनुदान र ऋण समेत | ११५९००० |
| ९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | शसर्त अनुदान चालु, सोधभर्ना हुने अनुदान र ऋण समेत | १३५०००० |
| १० | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शसर्त अनुदान चालु, सोधभर्ना हुने अनुदान र ऋण समेत | ४५६००० |
| ११ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | शसर्त अनुदान चालु, सोधभर्ना हुने अनुदान र ऋण समेत | ३८२३००० |
| १२ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी प्राविधिक धारका प्रशिक्षक समेत) | नेपाल सरकार-शसर्त अनुदान चालु | ४२००००० |
| १३ | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शसर्त अनुदान चालु, सोधभर्ना हुने अनुदान र ऋण समेत | ३६२००० |
| १४ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरू समेत) | नेपाल सरकार-शसर्त अनुदान चालु | ३३५००००० |
| १५ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृति (आवासीय तथा गैरआवासीय) | शसर्त अनुदान चालु, सोधभर्ना हुने अनुदान र ऋण समेत | १६६९००० |
| **जम्मा** | | | **६९६०००००** |



CamScanner

### १.२.३ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरुप

चन्द्रनगर गाउँपालिका भौगोलिक अवस्थितिका हिसाबले उत्तरमा २६ डिग्री ५८ मिनेट ३२.११ सेकेण्ड र दक्षीणमा २६ डिग्री ५३ मिनेट ४१.६८ सेकेण्ड आक्षांश र पूर्वमा ८५ डिग्री ३३ मिनेट ४७.९७ सेकेण्ड र पश्चिममा र पश्चिममा ८५ डिग्री ३८ मिनेट ३५.४९ सेकेण्ड देशान्तरमा फैलिएको छ ।

सर्लाही जिल्लामा ११ नगरपालिका र ९ गाउँपालिका गरि जम्मा २० स्थानीय तहहरू रहेका छन्, जसमध्ये निर्वाचन क्षेत्र नं. १ (ख) स्थित चन्द्रनगर गाउँपालिका पनि एक हो । यसको पूर्व र दक्षिण दिशामा ब्रह्मपुरी गाउँपालिका, पश्चिममा कविलासी नगरपालिका र उत्तरमा ईश्वरपुर नगरपालिका रहेको छ । सर्लाही जिल्लाको कुल क्षेत्रफल १२५९ वर्ग कि.मि. रहेको छ । जिल्लाको कुल क्षेत्रफलको ३.७७ प्रतिशत भूभाग ओगट्ने यस चन्द्रनगर गाउँपालिकाको कुल क्षेत्रफल ४७.५ बर्ग कि.मि. रहेको छ । यो गाउँपालिका यहाँ रहेको नाढीताल ५२ बिगाहाबाट समेत परिचित छ । यो गाउँपालिका पूर्व पश्चिम लोकमार्गबाट १६ कि.मि. दक्षिण र सदरमुकाम मलंगवाबाट १३ कि.मि. उत्तरमा रहेको छ । वडा अनुसार गाउँपालिकाको क्षेत्रफल तलको तालिकामा उल्लेख गरिएको छ । यहाँको ८० प्रतिशत मानिस कृषि पेसामा निर्भर रहेका छन् । यहाँको अधिकांश सडक ग्राभेल र कच्ची रहेकाले यातायात क्षेत्रमा समस्या देखिन्छ । यो ठाउँ चन्द्र शम्सेरको बिर्ता भएको ठाउँ भएकाले यसलाई चन्द्रनगर नामाकरण गरिएको र हाल चन्द्रनगर गाउँपालिकाबाट परिचित छ । यो गाउँपालिका साबिकका चार गा.वि.स. बबरगन्ज, मोहनपुर, किसनपुर र चन्द्रनगर मिली बनेको छ र यस गाउँपालिकालाई ७ वडाहरूमा विभाजित गरिएको छ ।

**वडागत रुपमा गाउँपालिकाको क्षेत्रफल :**

| वडा नं. | क्षेत्रफल | वडा नं. | क्षेत्रफल |
|---|---|---|---|
| १ | १२.६४ | ५ | ८.८६६ |
| २ | २.२६२ | ६ | १०.४८ |
| ३ | ३.६१७ | ७ | ४.२२३ |
| ४ | ५.३१६ | | |

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस गाउँपालिकाको कुल घरपरिवार र जनसंख्या क्रमशः ६७१३ र ३६९०८ रहेको छ । वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं १ मा ५९९४ रहेको छ भने सबै भन्दा न्युन वडा नं ७ मा ४४३३ रहेको छ । विवरण अनुसार औषत घरपरिवारको आकार ५.५० र लैंगिक अनुपात १०२.७६ रहेको छ । यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ ।

**वडागत आधारमा जनसंख्याको वितरण**

| वडा नं. | घरधुरी | जनसंख्या | | | औसत घरपरिवार आकार | लिंग अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| **१** | १०३५ | ५९९४ | ३०७१ | २९२३ | ५।७९ | १०५।०६ |
| **२** | ११२८ | ५६९४ | २९०० | २७९४ | ५।०५ | १०३।७९ |
| **३** | १०१९ | ५३९४ | २६५३ | २७४१ | ५।२९ | ९६।७९ |
| **४** | ८५७ | ४९२९ | २५२८ | २४०१ | ५।७५ | १०५।२९ |
| **५** | ७३३ | ४५२० | २३१९ | २२०१ | ६।१७ | १०५।३६ |
| **६** | १०९५ | ५९४४ | ३००६ | २९३८ | ५।४३ | १०२।३१ |
| **७** | ८४६ | ४४३३ | २२२८ | २२०५ | ५।२४ | १०१।०४ |
| **जम्मा** | ६७१३ | **३६९०८** | **१८७०५** | **१८२०३** | ५।५० | १०२।७६ |



CS CamScanner

जनगणना २०७८ का अनुसार यस गाँउपालिकाको जम्मा जनसंख्या ३६९०८ रहेको छ, जसमा पुरुष १८,७९५ जना (५०.७ प्रतिशत) र महिला १८,२०३ जना (४९.३ प्रतिशत) रहेका छन । महिलाको भन्दा पुरुषको जनसंख्या ५०२ जना (१.३६ प्रतिशत) ले बढी देखिन्छ । यहाँको लैङ्गिक अनुपात १.०३ छ । विभिन्न उमेर समूहको जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**उमेर समूहमा जनसंख्याको वितरण**

| उमेर समूह | पुरुष | महिला | जम्मा | उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ९५ वर्ष भन्दा माथी | १६ | १६ | ३२ | ४५-४९ वर्ष | ८२७ | ७५८ | १५८५ |
| ९०-९४ वर्ष | १० | १० | २० | ४०-४४ वर्ष | ९०२ | ९४१ | १८४३ |
| ८५-८९ वर्ष | ३२ | ३० | ६२ | ३५-३९ वर्ष | १०८८ | १२३३ | २३२१ |
| ८०-८४ वर्ष | ६६ | ६५ | १३१ | ३०-३४ वर्ष | ११२० | १२२५ | २३४५ |
| ७५-७९ वर्ष | २०९ | १६६ | ३७५ | २५-२९ वर्ष | १३८० | १४७३ | २८५३ |
| ७०-७४ वर्ष | ३४८ | ३६० | ७०८ | २०-२४ वर्ष | १८२८ | १८५२ | ३६८० |
| ६५-६९ वर्ष | ४६५ | ३६९ | ८३४ | १५-१९ वर्ष | २०३० | १९४० | ३९७० |
| ६०-६४ वर्ष | ४८४ | ५१० | ९९४ | १०-१४ वर्ष | २१६७ | २१५४ | ४३२१ |
| ५५-५९ वर्ष | ६२० | ५१२ | ११३२ | ०५-०९ वर्ष | २४०९ | २१५५ | ४५६४ |
| ५०-५४ वर्ष | ६६४ | ६१९ | १२८३ | ००-०४ वर्ष | २०४० | १८१५ | ३८५५ |
| **कुल जम्मा** | | | | | **१८७०५** | **१८२०३** | **३६९०८** |

*श्रोतः राष्ट्रिय जनगणना, २०७८*

**जातीयताको आधारमा जनसंख्याको विवरण**

| क्र.सं. | जातजाती | घरधुरी | महिला | पुरुष | जम्मा जनसंख्या | जनसंख्या प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ब्राम्हण | २२ | ४८ | ६२ | ११० | ०।३१ |
| २ | यादव | ४७३ | १४२५ | १५३२ | २९५७ | ८।२१ |
| ३ | तेली | ६४१ | १६८७ | १९६२ | ३६४९ | १०।१३ |
| ४ | मुसहर | ५६१ | १४८३ | १५६० | ३०४३ | ८।४५ |
| ५ | कानु | ५७ | १७० | १८५ | ३५५ | ०।९९ |
| ६ | चमार | १६२ | ४८९ | ५३९ | १०२८ | २।८५ |
| ७ | कुम्हाले | ९६ | २९२ | ३०६ | ५९८ | १।६६ |
| ८ | तत्मा | ३० | ९५ | ९५ | १९० | ०।५३ |
| ९ | सुडी | १५४ | ४३६ | ४८७ | ९२३ | २।५६ |
| १० | मण्डल | २१ | ५४ | ६० | ११४ | ०।३२ |
| ११ | नुनिया | ७४ | २११ | २४९ | ४६० | १।२८ |
| १२ | कुर्मी | ३८ | १०० | १२४ | २२४ | ०।६२ |
| १३ | सोनार | १७ | ४४ | ६४ | १०८ | ०।३ |
| १४ | लोहार | ६७ | २०५ | २३५ | ४४० | १।२२ |
| १५ | खात्वे | ३ | ९ | ८ | १७ | ०।०५ |
| १६ | राउत | १४७ | ४७५ | ५३१ | १००६ | २।७९ |
| १७ | केवट | १७३ | ५१९ | ५७३ | १०९२ | ३।०३ |
| १८ | डोम | ७ | २३ | १७ | ४० | ०।११ |



CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | मुसलमान | ६०२ | २०५१ | २२१६ | ४२६७ | ११।८४ |
| २० | गिरि | १ | ३ | ३ | ६ | ०।०२ |
| २१ | थारु | ३४९ | १११६ | ११५५ | २२७१ | ६।३ |
| २२ | कुश्वाहा | ८७९ | २५६१ | २८५२ | ५४१३ | १५।०२ |
| २३ | कल्वार | ३६ | ११७ | ११३ | २३० | ०।६४ |
| २४ | धोबी | १९ | ४८ | ६१ | १०९ | ०।३ |
| २५ | वढई | ५२ | १४९ | १६० | ३०९ | ०।८६ |
| २६ | हजाम | १२० | ३७० | ३९३ | ७६३ | २।१२ |
| २७ | कहार | २२ | ५० | ५७ | १०७ | ०।३ |
| २८ | पास्वान | १७४ | ४८९ | ५१५ | १००४ | २।७९ |
| २९ | हलुवाई | २८ | ८९ | ९६ | १८५ | ०।५१ |
| ३० | दनुवार | ३०४ | ९०५ | ९८९ | १८९४ | ५।२६ |
| ३१ | अन्य | ५२१ | १४९३ | १६२६ | ३११९ | ८।६६ |
| **कुल जम्मा** | | **५८५०** | **१७२०६** | **१८८२५** | **३६०३१** | **१००** |

स्रोत : घरधुरी सर्वेक्षण, २०७५

प्रस्तुत तालिकाको जातीयताको आधारमा जनसंख्या अध्ययन गर्दा यस गाउँपालिकामा कुश्वाहा/कोईरीको जनसंख्या सबैभन्दा बढी १५.०२ प्रतिशत रहेको छ ।

**तालिका १.४ मातृभाषाको आधारमा जनसंख्याको वितरण**

| वडा | नेपाली | मैथिली | हिन्दी | थारु | नेवार | गुरुङ्ग | मुस्लिम | भोजपुरी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | ५,५५५ | | ५ | | | १६० | | ३५१ | ६,०७७ |
| २ | १३ | ५,२९४ | | | | | १६ | | १७ | ५,३४० |
| ३ | १३ | २,१२३ | | ५१४ | | | | | २८२३ | ५,४७३ |
| ४ | १७ | ४,८८५ | ९ | | | | ३९ | | | ४,९५० |
| ५ | ४ | ४,२२४ | | | | ७ | १०७ | | | ४,३४२ |
| ६ | ४ | ५,४३६ | | ५ | | | | | | ५,४४५ |
| ७ | ५९ | १,७१९ | ११ | १,०२५ | १८ | | | ४ | १५६८ | ४,४०४ |
| **जनसंख्या** | ११६ | २९,२३६ | २० | १,५४९ | १८ | ७ | ३२२ | ४ | ४,७५९ | ३६,०३१ |
| **प्रतिशत** | ०।३२ | ८१।१४ | ०।०६ | ४।३० | ०।०५ | ०।०२ | ०।८९ | ०।०१ | १३।२१ | १००।०% |
| **घरधुरी** | २० | ४७५८ | ४ | २३९ | ३ | १ | ४६ | १ | ७७८ | ५,८५० |

श्रोत: घरधुरी सर्वेक्षण, २०७५

मातृभाषाको आधारमा जनसंख्याको आकारलाई विश्लेषण गरेर हेर्दा यस गाउँपालिकामा मैथिली भाषा बोल्ने ८१.१४%, थारु भाषा बोल्ने ४.३०%, उर्दू भाषा बोल्ने ०.८९%, हिन्दी भाषा बोल्ने ०.०६%, नेवारी भाषा बोल्ने ०.०५%, गुरुङ्ग भाषा बोल्ने ०.०२%, भोजपुरी भाषा बोल्ने ०.०१% र अन्य भाषा बोल्ने १३.२१ % रहेको छ । मातृभाषाको आधारमा यो गाँउपालिकामा मैथिली मातृभाषीको बाहुल्यता रहेको तथ्याङ्कले देखाउँछ ।



CamScanner

## १.३ चन्द्रनगरको शैक्षिक अवस्था

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन् । ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ । नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरि दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन् । यसैगरि चन्द्रनगर गाँउपालिकाभित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरू सञ्चालनमा आएको छन् । यस खण्डमा चन्द्रनगर गाँउपालिकाको संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दिगो विकासका लक्ष्यहरूको सन्दर्भ चर्चा गरिएको छ ।

### १.३.१ नीतिगत प्रवन्ध

नेपालको संविधान २०७२ मा शिक्षालाई प्राथमिकता दिएको छ, साथै संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ । जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । धारा ३१ मा शिक्षालाई नागरिकको आधारभूत अधिकारको रुपमा व्यवस्था गरि प्रत्येक नागरिकलाई आधारभूत तह शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ, साथै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । त्यस्तै दृष्टिविहिन नागरिकलाई ब्रेललिपि, बहिरा तथा बोलाई सम्बन्धी समस्या भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसकालागि शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ । त्यसैगरि संविधानको धारा ३८ मा महिलाको हक अन्तरगत उपधारा (५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ । नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । साथै सोही धाराको उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक उल्लेख छ र उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिनपाइने छैन भनी उल्लेख गरिएको छ । त्यसैगरि संविधानको धारा ४० मा दलितको हक अन्तरगत उपधारा (२) मा दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ साथै प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ भन्ने व्यवस्था गरिएको छ । त्यसैगरि नेपालको संविधानमा शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक सीपमुलक, रोजगारमुलक जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने कुरा उल्लेख छ साथै नागरिकको व्यक्तित्व विकासका लागि पुस्तकालय, सामुदायिक सुचना केन्द्रको स्थापना र प्रबर्द्धन गर्ने कुरा उल्लेख छ । संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तरगत उपधारा (२) मा आर्थिकरुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख भएको छ । संविधानको धारा ४७ मा मौलिक हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ भनी उल्लेख भएको छ ।



CS CamScanner

त्यसैगरि संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरू अन्तर्गत धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिभित्र शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजीक्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरि सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने भनी उल्लेख भएको छ ।

नेपालको संविधानको अनुसूचि ५ मा केन्द्र सरकार वा संघको अधिकार सूचिभित्र शिक्षा सम्बन्धी अधिकारहरूमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरको प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ। त्यसैगरि संविधानको अनुसूचि ६ मा प्रदेशको अधिकार सूचिभित्र शिक्षा सम्बन्धी अधिकारमा प्रदेश विश्वविद्यालय, उच्चशिक्षा, पुस्तकालय, संग्रहालय तोकिएको छ साथै संविधानको अनुसूचि ८ मा स्थानीय तहको अधिकार सूचिभित्र शिक्षा सम्बन्धी अधिकारहरूमा आधारभूत र माध्यमिक शिक्षा तोकिएको छ साथै संविधानको अनुसूचि ७ र ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारका साझा सूचिभित्र शिक्षा समेत समावेश गरिएको छ। नेपालको संविधानले संघ, प्रदेश तथा स्थानीय तहलाई निर्दिष्ट गरेका एकल वा साझा अधिकारहरूको व्यवहारिक रुपमा कार्यान्वयन गर्दै राष्ट्रले लिएका शैक्षिक नतिजाहरूको लागि आपसी समन्वय, सहकार्य र सह-अस्तित्व आजको आवश्यकता हो ।

त्यसैगरि चालु अवस्थामा रहेको १५ औं आवधिक योजनाले शिक्षा क्षेत्रको विकासको लागि स्पष्ट मार्गनिर्देशन गरेको छ । यस योजनाले पनि गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ भने उद्देश्यहरूमा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरि शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु, प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु, पहुँच र गुणस्तर अभिवृद्धि गरि उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनसुन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु, सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु तथा संघीय संरचना अनुरूप सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु रहेका छन् ।

शिक्षा क्षेत्रको सुधार तथा विकासको लागि नेपाल सरकारले शिक्षा नीति २०७६ पनि जारी गरेको छ । उक्त नीतिले शिक्षा क्षेत्रमा सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ । त्यसैगरि यस नीतिले उद्देश्यहरूमा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु, आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु, गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरि सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति



CS CamScanner

तयार पार्नु, ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहूँच र गुणस्तर अभिवृद्धि गरि विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, वैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु, नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरि जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु, शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु, सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास (Best practices) लाई सम्मिलन (Fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरि सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु, औपचारिक, अनौपचारिक र अतिरिक्त शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरि योग्यताको समकक्षता, गतिशिलता र पारगम्यता  सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु, शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता समन्यायिकता र प्रतिफलमुखी हुने गरि शैक्षिक लगानी सुनिश्चित गर्नु र व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु राखेको छ ।

दिगो विकास लक्ष्यहरू सन् २०१५ को सेप्टेम्बरमा संसारका १९३ राष्ट्रहरूले संयुक्त रूपमा अङ्गीकार गरेका आवधिक विकासका दस्तावेजहरू हुन् । संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूको सहमतिमा अघि सारिएका १७ वटा दिगो विकासका लक्ष्यहरू सन् २०१६ को जनवरी १ बाट कार्यान्वयनमा आएको र नेपाल सरकारले पनि यसका लक्ष्यहरू पुरा गर्न प्रतिबद्धता व्यक्त गरिसकेको अवस्थामा यसले तय गरेको शिक्षाको लक्ष्य संख्या चारमा रहेको समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने लक्ष्यले पनि प्रदेश तथा स्थानीय तहको शिक्षा योजना निर्माणमा निर्देशन प्रदान गर्दछ । त्यस्तै १५ औं आवधिक योजनामा गुणस्तरीय शिक्षा मार्फत दक्ष, प्रतिस्पर्धी, उत्पादनशिल र नबप्रवर्तनशिल मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ । यसैगरि विद्यालय क्षेत्र विकास योजना २०७३/०७४-२०७९-०८० ले समाजका विविधतापुर्ण परिवेश तथा आवश्यकताका यथार्थतालाई आत्मसात गरि सबै नागरिकलाई उत्पादनशिल जिवनयापन गर्न चाहिने पूर्ण कार्यमुलक साक्षरता, गणितिय सीप तथा आधारभूत जिवनोपयोगी सीपको विकासको अवसर प्राप्त गर्न सहजिकरण गर्दै जनशक्तिको क्षमता विकास निरन्तर एवम् समावेशी प्रयत्न मार्फत मुलुकको सामाजिक आर्थिक, विकासमा योगदान दिई विद्यमान असमानता हटाउने लक्ष्य तथा राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक स्वाबलम्बी प्रबर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुर्याउने दुरदृष्टि राखेको छ ।

त्यसैगरि यस गाँउपालिकाको शिक्षा क्षेत्रमा तलका अधिकारहरू रहेका छन् :

१. प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन ।
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन ।

३. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन ।
४. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन र नियमन ।
५. गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
६. गाउँ शिक्षा समिति गठन र व्यवस्थापन,
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
८. विद्यालयको नामाकरण,
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण,
११. सामुदायिक विद्यालयको शिक्षक एवं कर्मचारीको दरबन्दी मिलान,
१२. विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
१५. विद्यार्थी सिकाइको उपलब्धिको परीक्षण र व्यवस्थापन,
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
१७. ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
१८. स्थानीय स्तरका शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
२१. सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
२२. शिक्षण सिकाइ तथा शिक्षक र कर्मचारीको क्षमता विकास,
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

## १.३.२ अवस्था, उपलब्धी र अन्तर

### १.३.२.१ अवस्था

यस चन्द्रनगर गाँउपालिकाको स्थापनासँगै शिक्षामा विशेष जोड दिदै आएको छ । हरेक वर्ष शिक्षा क्षेत्रको वजेट विस्तारका साथै भौत्तिक पूर्वाधारमा सुधार, शैक्षिक गुणस्तरमा सुधार, शैक्षिक उपलब्धी हासिल लगायतका सम्पुर्ण पक्षको विस्तार हुदै आएको छ । यस गाँउपालिकामा पछिल्ला दिनहरूमा शिक्षाको पहुँचमा उल्लेखिय विस्तार भएपनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चितता एक मुख्य चुनौतीको विषयको रुपमा रहेको छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको साक्षरताको अवस्थालाई विश्लेषण गर्दा समग्र स्थानीय तहको साक्षरता प्रतिशत ५४.६ रहेको छ भने अझैपनि ४५.४ प्रतिशत जनसंख्या निरक्षर रहेको छ । महिला भन्दा पुरुषको साक्षरता प्रतिशत १७.३ प्रतिशतले बढी रहेको छ ।

चन्द्रनगर गाँउपालिकाको शिक्षाको अवस्थालाई विश्लेषण गर्दा यस गाँउपालिकाभित्र प्रारम्भिक बालविकास केन्द्र ३२ (सामुदायिक-१९, संस्थागत-१३), आधारभूत तह (कक्षा १-५) ३३ (सामुदायिक-१७, मदर्सा-६, संस्थागत-१०) आधारभूत तह (कक्षा १-८) ५ (सामुदायिक-२, संस्थागत-३), माध्यमिक तह (कक्षा १-१०) १ सामुदायिक र माध्यमिक तह (कक्षा १-१२) २ वटा विद्यालयहरू रहेका छन् । तहगत रुपमा हेर्दा आधारभूत तहमा सामुदायिक तर्फ १९, मदर्सा तर्फ ६ र संस्थागत तर्फ १३ गरि ३८ वटा विद्यालय रहेका छन् भने माध्यमिक तर्फ सामुदायिक ३ वटा मात्र विद्यालय रहेका छन् ।



CamScanner

त्यसैगरि कक्षा १-५ सम्म संचालित विद्यालयको प्रतिशत ८०.४९, कक्षा ६-८ सम्म संचालित विद्यालयको प्रतिशत १२.२० प्रतिशत, कक्षा १-१० सम्म संचालित विद्यालयको प्रतिशत २.४४ र कक्षा १-१२ सम्म संचालित विद्यालयको प्रतिशत ४.८८ रहेको छ ।

चन्द्रनगर गाँउपालिका शिक्षा शाखाको तथ्याङ्क अनुसार शैक्षिक सत्र २०७९ मा यस गाँउपालिकाभित्र प्रारम्भिक बाल विकास केन्द्र देखी कक्षा १२ सम्ममा जम्मा ८७६० (सामुदायिक-६६५४, मदर्सा-४९४, संस्थागत-१६१२) जना विद्यार्थीहरू अध्ययरन छन् । जसमध्ये प्रारम्भिक बालविकास केन्द्रमा १३०२ जना (सामुदायिक-५२०, संस्थागत-७८२), आधारभूत तह (१-५) मा ५३९१ जना (सामुदायिक-४१२३, मदर्सा-४९४, संस्थागत-७७४), आधारभूत तह (६-८) मा १२०९ जना (सामुदायिक-११५३, संस्थागत-५६), माध्यमिक तह (९-१०) मा ६०४ जना र माध्यमिक तह (११-१२) मा २५४ जना विद्यार्थीहरू रहेका छन् । विद्यालयमा भर्ना रहेका विद्यार्थीको तहगत रुपमा प्रतिशत हेर्दा बालविकास केन्द्रमा १४.८६ प्रतिशत, आधारभूत तह (कक्षा १-५) मा ६१.५४ प्रतिशत, आधारभूत तह (कक्षा ६-८) मा १३.८० प्रतिशत, माध्यमिक तह (कक्षा ९-१०) मा ६.८९ र माध्यमिक तह (कक्षा ११-१२) मा २.९० प्रतिशत रहेका छन् । जसअनुसार आधारभूत तहमा ८८.५० र माध्यमिक तहमा ११.५० प्रतिशत रहेका छन् । लिंगको आधारमा हेर्दा समग्र सबै विद्यालय (सामुदायिक, मदर्सा र संस्थागत) मा ५५.२७ प्रतिशत छात्राहरु भर्ना छन् भने ४४.७३ प्रतिशत मात्र छात्र छन् । यसरी हेर्दा छात्रको तुलनामा छात्राको प्रतिशत उच्च रहेको छ ।

सामुदायिक तर्फ आधारभूत तह (१-५) मा ४९ जना, आधारभूत तह (६-८) मा १० जना, माध्यमिक तह (९-१०) मा ६ जना र माध्यमिक तह (११-१२) मा २ जना गरि जम्मा ६७ जना शिक्षकहरू कार्यरत रहेका छन । यसैगरि १३ जना बाल विकास सहयोगी कार्यकर्ताहरू रहेका छन् । समग्रमा हेर्दा आधारभूत तहमा ८८.१ प्रतिशत शिक्षक छन् भने माध्यमिक तहमा ११.९ प्रतिशत मात्र रहेका छन् । कूल शिक्षकहरु मध्ये ५९.७० प्रतिशत स्थायी, ८.९६ प्रतिशत अस्थायी/करार, २८.३६ प्रतिशत राहत र २.९९ प्रतिशत लियन/सट्टा शिक्षकहरू रहेका छन् । लैङ्गिक रुपमा आधारभूत तहमा ११.९४ प्रतिशत र माध्यमिक तहमा ० प्रतिशत महिला शिक्षक रहेका छन् । यस गाँउपालिकाको शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गर्ने हो भने आधारभूत तहमा प्रति शिक्षक ८९.४ जना विद्यार्थी रहेका छन् भने माध्यमिक तहमा १०७ जना र समग्रमा ९१.६ जना रहेका छन् । त्यसैगरि बाल विकास केन्द्रमा प्रति शिक्षक ४० जना विद्यार्थीहरू रहेको छ ।

### १.३.२.२ उपलब्धी र अन्तर

चन्द्रनगर गाउँपालिकाको स्थापनासँगै शिक्षामा जोड दिदै आएको छ । हरेक बर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै आएको छ । विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भएपनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय रहेको छ । समग्र शैक्षिक सुचकको अवस्थालाई तलको टेबलमा प्रस्तुत गरिएको छ ।



CamScanner

**शैक्षिक सूचकाँक, २०७८**

| तह | संघ | मधेश प्रदेश | सर्लाही जिल्ला | चन्द्रनगर | कैफियत |
|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | | | | | |
| कुल भर्नादर (GER) | ९०.९ | ६८.५ | ६६.५ | ४६.२ | |
| खुद भर्नादर (NER) | ६९.९ | ५४.५ | ५१.२ | ३९.९ | |
| खुद भर्नादरमा लैंगिक समता सूचक | ०.९ | १.० | १.१ | १.२ | |
| शिक्षक विद्यार्थी अनुपात | २७.७ | | | ४० | |
| आधारभुत तह (कक्षा १-५) | | | | | |
| बालविकासको अनुभव लिई कक्षा १ मा भर्ना हुने प्रतिशत | ७४.९ | ६७.३ | ६३.८ | ८२.३ | |
| कक्षा १ कुल प्रवेश दर (GIR) | १२७.३ | १२१.६ | ११६.६ | १५८.६ | |
| कक्षा १ मा खुद प्रवेश दर (NIR) | ९६.३ | ९५.३ | ९२.७ | ९९.४ | |
| कुल भर्नादर (कक्षा १-५) (GER) | १२१.८ | १२८.४ | १२६.९ | १५४.३ | |
| खुद भर्नादर (कक्षा १-५) (NER) | ९६.९ | ९६.९ | ९६.८ | ९६.७ | |
| खुद भर्नादरमा लैंगिक समता सूचक | ०.९ | १.० | १.१ | १.१ | |
| कक्षा ५ मा टिकाउ दर | ८८.९ | | | ८४.९ | |
| उत्तीर्ण दर | ८८.२ | ८८.१ | ८९.३ | ८७.७ | |
| कक्षा दोहोऱ्याउने दर | ८.८ | ९.२ | ७.८ | ९.५ | |
| कक्षा छोड्ने दर | ३.० | २.७ | २.९ | २.७ | |
| शिक्षक विद्यार्थी अनुपात (१-५) | ६९.० | २१०.० | २२३.० | ८४.१४ | |
| आधारभुत तह (कक्षा ६-८) | | | | | |
| कुल भर्नादर | १११.५ | ११०.२ | १०५.४ | ११२.४ | |
| खुद भर्नादर | ९४.२ | ९०.३ | ८९.१ | ९४.५ | |
| खुद भर्नादरमा लैंगिक समता सूचक | १.० | १.० | १.० | १.५ | |
| कक्षा ८ मा टिकाउ दर | ८३.५ | | | ५७.७ | |
| उत्तीर्ण दर | ९४.९ | ९३.७ | ९५.३ | ९६.१ | |
| कक्षा दोहोऱ्याउने दर | १.८ | ३.१ | १.७ | १.१ | |
| कक्षा छोड्ने दर | ३.४ | ३.२ | ३.० | २.८ | |
| शिक्षक विद्यार्थी अनुपात | ३५.० | ८६.० | ९३.० | ११५.३० | |
| आधारभूत तह (कक्षा १-८) | | | | | |
| कुल भर्नादर | ११६.६ | ११९.३ | ११६.२ | १३३.४ | |
| खुद भर्नादर | ९५.६ | ९३.६ | ९२.९ | ९५.६ | |
| खुद भर्नादरमा लैंगिक समता सूचक | ०.९ | १.० | १.० | १.१ | |
| आधारभूत तह पुरा गर्ने दर | ७६.२ | | | ६६।१ | |
| उत्तीर्ण दर | ९१.७ | | | | |
| कक्षा दोहोऱ्याउने दर | ५.३ | | | | |
| कक्षा छोड्ने दर | ३ | | | | |



CS CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| शिक्षक विद्यार्थी अनुपात | | | | ८६.०१ | |
| माध्यमिक तह (कक्षा ९-१०) | | | | | |
| कुल भर्नादर | ९८.९ | ९२.८ | ८९.५ | ९१.९ | |
| खुद भर्नादर | ७६.१ | ६८.६ | ७०.६ | ६७.३ | |
| खुद भर्नादरमा लैंगिक समता सूचक | १.० | ०.९ | ०.९ | १.२ | |
| कक्षा १० मा टिकाउ दर | ६६.१ | | | ४९।७ | |
| उत्तीर्ण दर | ९०.५ | ९१.४ | ९३.२ | ९६.१ | |
| कक्षा दोहोऱ्याउने दर | २.५ | ३.६ | १.५ | १.६ | |
| कक्षा छोड्ने दर | ५.५ | ५.० | ५.४ | २.३ | |
| शिक्षक विद्यार्थी अनुपात | ६०.३ | ११३.३५ | ० | १००.६७ | |
| माध्यमिक तह (कक्षा ११-१२) | | | | | |
| कुल भर्नादर | ६२.८ | ४०.४ | | | |
| खुद भर्नादर | ३५.८ | ३४.१५ | | | |
| कक्षा १२ मा टिकाउ दर | ३३.१ | | | | |
| शिक्षक विद्यार्थी अनुपात | ७९.६५ | ९५.४ | ० | १२७ | |
| माध्यमिक तह (कक्षा ९-१२) | | | | | |
| कुल भर्नादर | ७६.१ | ६६.६ | | | |
| खुद भर्नादर | ५४ | ५१.४ | | | |
| खुद भर्नादरमा लैंगिक समता सूचक | १.०१ | | | | |
| कक्षा ९-१२ मा टिकाउ दर | ३३.१ | | | | |
| शिक्षक विद्यार्थी अनुपात | ५० | | ० | १०७.२५ | |

Source: CEHRD-Flash Report 2078

चन्द्रनगर गाँउपालिकामा २२ वटा सामुदायिक, ६ वटा मदर्सा र १३ वटा संस्थागत गरि जम्मा ४१ वटा विद्यालयहरू छन् । गाउँपालिकास्तरीय शिक्षा पार्श्वचित्र अनुसार प्रारम्भिक बालविकास शिक्षामा अनुभव लिई कक्षा १ मा नवप्रवेशी प्रतिशत ८२.३ रहेको छ। कक्षा १ मा कूल र खुद भर्ना दर क्रमश: १५८.६ र ९९.४ रहेको छ । आधारभूत तह (कक्षा १-५) को कूल भर्ना दर १५४.३, खुद भर्ना दर ९६.७, लैङ्गिक समता सूचक १.१, शिक्षक विद्यार्थी अनुपात ८४.१४, कक्षा ५ को टिकाउ दर ८४.९, कक्षा ५ को उत्तीर्ण दर ८७.७ प्रतिशत रहेको छ भने अझै पनि कक्षा ५ दोहोर्याउने दर ९.५% र कक्षा छाड्ने दर २.७% रहेको छ ।

आधारभूत तह (कक्षा १-८) को कूल भर्ना दर १३३.४, खुद भर्ना दर ९५.६, लैङ्गिक समता सूचक १.१, कक्षा ६-८ को शिक्षक विद्यार्थी अनुपात ११५.३०, कक्षा ८ को टिकाउ दर ५७.७, कक्षा ८ को उत्तीर्ण दर ९६.१ प्रतिशत रहेको छ भने अझै पनि कक्षा ८ दोहोर्याउने दर १.१ र कक्षा छोड्ने दर २.८ प्रतिशत रहेको छ ।

माध्यमिक तह (कक्षा ९-१०) को कूल भर्ना दर ९१.९, खुद भर्ना दर ६७.३, लैङ्गिक समता सूचक १.२, शिक्षक विद्यार्थी अनुपात १००.६७, कक्षा १० को टिकाउ दर ४९.७, कक्षा १० को उत्तीर्ण दर ९६.१ प्रतिशत रहेको छ भने कक्षा १० दोहोर्याउने दर १.६ प्रतिशत र कक्षा छोड्ने दर २.३ प्रतिशत रहेको छ ।

चन्द्रनगर गाँउपालिकाको विगत वर्षहरूको शैक्षिक उपलब्धि स्तर र शैक्षिक वर्ष २०७८ को उपलब्धि स्तरलाई समीक्षा गर्दा विगतका वर्षहरूको भन्दा हालको उपलब्धि स्तर क्रमशः सुधार हुँदै गएको स्थिति भएतापनि कोभिड-१९ को महामारीको प्रभावले यहाँको शैक्षिक उपलब्धिको स्तरमा ह्रास पुर्याएको देखिन्छ ।

### १.३.३ विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन

विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७८) ले विभिन्न शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरू परिकल्पना गरि अगाडि सारे पश्चात सो योजनालाई सहयोग पुर्याउने हेतुले चन्द्रनगर गाँउपालिकाले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनमा केही पहलकदमी चालेता पनि अझै कक्षा ५, ८ र १० को टिकाउ र उत्तीर्ण दर बढेको छैन भने कक्षा दोहोर्याउने र छोड्ने दर घटेको छैन् ।

यस गाँउपालिकामा विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम न्यूनतम प्याकेज अन्तर्गत विगत २०७७ देखि कार्यान्वयन हुदै आएको छ । उक्त कार्यक्रम अन्तर्गत हरेक विद्यालयको लागि ९००० का दरले विगत ३ वर्षसम्म विद्यालयको खातामा पठाइदै आइएको थियो र उक्त कार्यक्रम कार्यान्वयनको लागि प्रारभिक कक्षा पढाइ कार्यक्रमको सहयोगमा कक्षा १ देखी ३ सम्मका विद्यार्थीका लागि शिक्षण सिकाइ सामग्रीहरू जसमा शिक्षक निर्देशिका, पिनव्हिल चार्ट, ३ प्रकारका फ्ल्यास कार्ड, कविता चार्ट, बार्हखरी चार्ट आदि खरीद गरिने प्रावधान रहेको थियो ।

त्यसैगरि विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेसागत सहयोग कार्यक्रम अन्तर्गत विगत २०७७ देखि ५० विद्यालयसम्म भएका स्थानीय तहका लागि जम्मा रु.७५ हजार, १०० विद्यालयसम्म भएका स्थानीय तहका लागि जम्मा रु.१ लाख, १५० सम्म विद्यालय भएका स्थानीय तहका लागि जम्मा रु.१ लाख ५० हजार, र १५० भन्दा बढी विद्यालय भएका स्थानीय तहका लागि जम्मा रु.२ लाखका दरले वार्षिक रुपमा व्यवस्थापन र कार्यान्वयन हुंदै आएको व्यवस्था अनुरुप यस गाउँपालिकामा पनि ७५ हजार प्राप्त भई उक्त कार्यक्रमका लागि शिक्षक पेसागत सहयोगका लागि नेपाली, गणित, विज्ञान तथा सामाजिक विषयका शिक्षकहरू मध्ये ११ सदस्यीय विषय विज्ञ समुह गठन गरिएको छ र उनीहरूको क्षमता विकास गरि परिचालन गरिने योजना छ ।

### १.३.४ दिगो विकास लक्ष्यहरू

दिगो विकास लक्ष्य (२०१५-२०३०) को लक्ष्य संख्या ४ "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" लक्ष्य पूरा गर्न नेपाल सरकारले सन् २०१५ मा दक्षिण कोरियाको इन्चोनमा भएको "दिगो विकासका लागि शिक्षा" कार्यक्रम र सेप्टेम्वरको संयुक्त राष्ट्रसंघको साधारण सभाको बैठकबाट पारित प्रतिवद्धता अनुरुप उक्त लक्ष्य संख्या ४ हासिल गर्न चन्द्रनगर गाँउपालिकाले विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरेको छ । सो लक्ष्य प्राप्तिका लागि यस गाँउपालिकाले दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति, लक्ष्य र कार्यक्रम सहित ५ वर्षको विद्यालय शिक्षा क्षेत्र योजना (२०८०-२०८४) तयार गरि कार्यान्वयनमा ल्याउन प्रयासरत छ ।

### १.३.५ विद्यालय शिक्षा क्षेत्रका समस्याहरु

चन्द्रनगर गाँउपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या निम्नानुसार छन् :

१. प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरि मापदण्ड अनुसार सञ्चालन हुन नसक्नु ।



CamScanner

२. नक्शांकनका आधारमा सुलभ दूरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण हुन नसक्नु ।
३. बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण हुन नसक्नु ।
४. इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुर्याउन नसक्नु ।
५. भौत्तिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण हुन नसक्नु ।
६. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरि गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्न नसक्नु ।
७. व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरि विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्न नसक्नु ।
८. व्यवसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्न नसक्नु ।
९. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्न नसक्नु ।
१०. विद्यालयहरूमा देखिएको विद्यालय छाड्ने दरलाई न्युन गर्न नसक्नु ।
११. दलित समुदायका अभिभावकहरूमा शिक्षाको महत्व बोध गराउन गर्न नसक्नु ।
१२. परम्परागत/धार्मिक तथा मदरसा शिक्षालाई मूलधारमा ल्याउन नसक्नु ।
१३. संस्थागत विद्यालयलाई सरकारको प्रणालीभित्र ल्याउन नसक्नु तथा उनीहरुलाई सेवामुखी बनाउन नसक्नु ।
१४. अभिभावकलाई बालबालिकाको शिक्षाप्रति जवाफदेह र सामुदायिक विद्यालयप्रति आकर्षित गर्न नसक्नु ।
१५. विद्यालयमा आवश्यकता अनुसारको भौत्तिक पूर्वाधारहरुको व्यवस्थापन गर्न नसक्नु ।

### १.३.६ विद्यालय शिक्षा क्षेत्रका चुनौती तथा अवसरहरू

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी अनुपातमा शिक्षक दरबन्दि मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन उत्तरदायित्व अभिवृद्धि गर्नु, गाँउपालिकाभित्र रहेका सम्पुर्ण विद्यालयमा भौत्तिक पूर्वाधार सहितको आकर्षक वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गराउनु, कक्षा छाड्ने दर शुन्यमा झारी अपेक्षित सिकाइ उपलब्धी हासिल गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्दै शिक्षकको पेसागत क्षमता अभिवृद्धिका लागि तालिम गोष्ठिको व्यवस्था गर्नु, सम्पूर्ण सामुदायिक विद्यालयहरूमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु, स्थानीय विषयका पाठ्यपुस्तकको निर्माण तथा वितरण, सूचना सञ्चार प्रविधीले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौतिहरू रहेका छन् । यी चुनौतीहरुलाई न्यूनिकरण गर्न निम्नानुसारको कुराहरुको सम्बोधन हुनु आवश्यक रहेको छ :

१. प्रारम्भिक बाल विकास केन्द्रको समायोजन तथा पुनर्वितरण गरि मापदण्ड अनुसार संचालन गर्ने ।
२. आवश्यकतानुसार भौगोलिक नक्साङ्कनको आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण ।
३. विद्यालयलाई बालमैत्री अपाङ्गमैत्री, लैङगिकमैत्री सिकाइ वातावरण निर्माण ।
४. विजुली, ईन्टरनेट तथा सूचना र प्रविधीको पहुँच सम्पूर्ण विद्यालयमा पुर्याउने ।



CamScanner

५. भौत्तिक पूर्वाधार निर्माण/मर्मत र शैक्षिक वातावरणको निर्माण ।
६. अनिवार्य निःशुल्क तथा गुणस्तरीय सिकाइलाई सुनिश्चित गर्ने ।
७. व्यवहारकुशल सीपलाई बालविकास देखि माध्यमिक तहसम्म एकिकृत गर्ने र सिकाइलाई जीवनोपयोगी बनाउन स्थानीय पाठ्यक्रमलाई लागु गर्ने ।
८. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि उपयुक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने ।
९. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गरि सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्ने ।
१०. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितीप्रति उत्थानशिल बनाउने ।
११. बाल विकास सहयोगी कार्यकर्ता तथा शिक्षकहरूलाई तालिम, गोष्ठी, सेमिनारको ब्यवस्था गर्ने ।
१२. अनौपचारिक तथा निरन्तर सिकाइलाई प्रभावकारी बनाउन सामुदायिक अध्ययन केन्द्र, सार्वजनिक पुस्तकालय तथा बाचनालयको स्थापना तथा संचालन ।
१३. अध्ययनका लागि डिजिटल सामाग्रिको विकास तथा वितरण ।
१४. परम्परागत/धार्मिक तथा मदरसा शिक्षालाई मूलधारमा ल्याउन सरकारले तय गरेको प्राथमिकता प्राप्त न्यूनतम आवश्यकताहरु (Prioritized Minimum Enabling Conditions) पूरा गर्ने ।
१५. संस्थागत विद्यालयको शिक्षालाई प्रभावकारी बनाउन नियमित रुपमा नियमन तथा निर्देशन प्रदान गर्ने ।

अवसरको रुपमा हेर्दा यस गाउँपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागु गरिएको शिक्षा तीनवटै सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिनु, विद्यालय शिक्षामा सुधारका लागि गाँउपालिकामा विभिन्न कार्यक्रमहरु लागु हुनु जस्तैः समावेशी शिक्षामा सुदृढिकरण परियोजना, अभिभावक शिक्षक उत्प्रेरण कार्यक्रम लगायतका कार्यक्रमप्रति सार्वजनिक विद्यालयका अभिभावक तथा सरोकारवालाहरुको चाँसो र जनअपेक्षा बढ्दै जानु शैक्षिक सुचाङ्कहरूको प्रगति सकारात्मक दिशातिर हुनु यस क्षेत्रका प्रमुख अवसर हुन् ।

माथि उल्लेख गरिएका चुनौतीहरू समाधान गरि विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरू रहेका छन् :

- विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वाधारका रुपमा रहन सक्ने ।
- शिक्षामा सरकारको लागि राजनीतिक रुपमा सहभागी देखिएको ।
- दिगो विकासको लक्ष्य प्राप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको ।
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकारात्मक जनमत रहेको ।
- शैक्षिक अभियन्ताहरूको अग्रसरता रहेको ।
- विभिन्न सरकारी तथा गैरसरकारी संघसस्थाहरूको सहयोग रहेको ।
- यूवाहरूमा शिक्षा प्रतिको चाँसो बढेको ।



CS CamScanner

## १.४ योजना निर्माण प्रक्रिया

कुनै पनि कार्यलाई सरल र सहज ढंगले समयमा सम्पन्न गर्नको लागि प्रतिफलको आशा सहित गरिएको कार्यको स्वरुपको सिलसिलाबद्ध रुपरेखा नै योजना हो । यो आफैंमा निर्मित हुदैन् साथै यो जटिल र चुनौतीपूर्ण कार्य हो । यसलाई अगाडि बढाउन निम्न चरण र प्रक्रिया अवलम्बन गरिएको छ । गाँउपालिकाले तयार गरेको यस योजनालाई शिक्षा विकास निर्देशनालय जनकपुरसहित विशेष गरि सिकाइ परियोजना र राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले प्राविधिक सहयोग र समन्वय गरेको थियो । समग्रमा योजनालाई व्यवस्थित बनाउनको लागि तलको चरणहरू पुरा गरिएको छ ।

- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले शिक्षा विकास तथा समन्वय इकाइ सर्लाहीको आयोजनामा शिक्षा योजना निर्माण सम्बन्धी ५ दिने आधारभूत क्षमता विकास कार्यक्रम सञ्चालन गरेको ।
- राष्टिय प्रारभ्भिक कक्षा पढाइ कार्यक्रमले शिक्षा विकास तथा समन्वय इकाइ सर्लाहीको आयोजनामा शिक्षा योजना निर्माण सम्बन्धी ३ दिने पुर्नताजगी तालिम सञ्चालन गरेको ।
- गाउँपालिकाको आयोजना तथा सिकाइ परियोजनाको प्राविधिक सहयोगमा विद्यालय शिक्षा क्षेत्र योजना निर्माण सम्बन्धमा सबै सरोकारवालाहरूका लागि एकदिने परामर्श बैठक आयोजना गरिएको ।
- गाउँपालिकाको आर्थिक तथा सिकाइ परियोजनाको प्राविधिक सहयोगमा विद्यालय शिक्षा क्षेत्र योजना सम्बन्धी पालिकास्तरीय शिक्षाका सरोकारवालाहरूका लागि २ दिने क्षमता विकास कार्यक्रम संचालन गरेको ।
- गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) निर्माणमा प्राविधिक सहयोग प्रदान गर्न सिकाइ परियोजनाबाट २ हप्ताका लागि एक प्राविधिक सहजकर्ताको नियुक्ति तथा परिचालन ।
- गाउँ कार्यपालिकाको बैठकले विद्यालय शिक्षा क्षेत्र योजना निर्माणका लागि कार्यादेश सहितको ५ सदस्यीय कार्य दल (Task Team) गठन भएको ।
- सिकाइ परियोजनाका प्राविधिक सहजकर्ताले गाउँपालिकाकाले गठन गरेको कार्यदलसँगको नजिकको समन्वयमा ५ वर्षे विद्यालय शिक्षा क्षेत्र योजनाको पहिलो मस्यौदाको तैयारी ।
- गाउँपालिकास्तरीय शिक्षाका सरोकारवालाहरूको लागि १ दिने कार्यशाला आयोजना गरि पहिलो मस्यौदा उपर छलफल तथा पृष्ठपोषण संकलन ।
- प्राविधिक सहजकर्ताले सरोकारवालाहरूको पृष्ठपोषण सम्बोधन गरि अन्तिम मस्यौदा तयार पारी सिकाइ परियोजनालाई हस्तान्तरण ।
- सिकाइ परियोजनाबाट विद्यालय शिक्षा क्षेत्र योजनाको अन्तिम मस्यौदा गाउँ शिक्षा समितिलाई हस्तान्तरण ।
- गाउँ शिक्षा समितिबाट विद्यालय शिक्षा क्षेत्र योजनाको अन्तिम मस्यौदाको पुनरावलोकन तथा स्वीकृतिका लागि कार्यपालिकाको बैठकमा पेश ।
- कार्यपालिकाबाट स्वीकृति तथा सिफारिस हुँदै गाँउसभाबाट प्रमाणित गरिएको ।



CS CamScanner

# परिच्छेद दुई – दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य

## २.१ परिचय

नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरि अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ । नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो ५ वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (२०८०-२०८४) तयार गरिएको छ ।

वि.सं.२०१० को "नेपालमा शिक्षा" नामक योजना कार्यान्वयन भएपछि शिक्षामा आम नागरिक र राष्ट्रिय माँग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन हुँदै आएका छन् । प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरू कार्यान्वयनमा आए । विश्वको बदलिंदो परिवेश अनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरू र गरेका प्रतिवद्धताहरूलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्वपूर्ण मार्गानिर्देश गर्ने भएकोले यो योजना गरिएको छ । यो योजना तयार गर्ने क्रममा यस गाँउपालिकाको गाँउ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरू, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरि महत्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ । स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरि स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो ।

शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गरि संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा अगाडि बढे मात्रै स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित ५ वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (२०८०-२०८४) निर्माण गर्नु सान्दर्भिक देखिन्छ ।



CamScanner

यस विद्यालय शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइमा नेपालले वि.सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरि यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरू, रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ ।

## २.२ राष्ट्रिय दीर्घकालिन सोच

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने ।

## २.३ गाउँपालिकाको दीर्घकालिन सोच

“समथर भूमि, प्राकृतिक मनोरम, नाढी सागर, सभ्य, शिक्षित, सक्षम र स्वावलम्बीहरूको चन्द्रनगर”

## २.४ ध्येय

नवप्रवर्तक, दक्ष जनशक्ति, जीवनोपयोगी सीपयुक्त, सामाजिक मूल्य मान्यता, समता र समवेशीताप्रति सचेत नागरिक तयार गर्ने ।

## २.५ गाउँपालिकाको उद्देश्य

१. प्रारम्भिक बालविकास देखि माध्यमिक शिक्षामा निःशुल्क समन्यायिक पहुँच विस्तार गर्नु ।
२. विद्यालय शिक्षाको सिकाइ उपलब्धीमा सुधार गर्नु ।
३. सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्य”नतम सिकाइ वातावरणको स्थापनामा अभिवृद्धि गर्नु ।
४. विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
५. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु ।
६. आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु ।
७. प्राविधिक व्यवसायिक तथा प्रविधिमैत्रि शिक्षाको आधार तयार गर्नु ।
८. विद्यार्थीलाई विद्यालयमा टिकाउने र सिकाउने वातावरणको सृजना गर्नु ।
९. सरल र सहज ढंगबाट बालमैत्री शिक्षण पद्धति अवलम्बन गर्दै शिक्षालाई प्रविधिसँग जोड्नु ।
१०. गरिब तथा असहाय बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याउनु ।
११. परम्परागत/धार्मिक तथा मदरसा शिक्षालाई शिक्षाको मूलधारमा ल्याई संस्थागत विद्यालयलाई थप व्यवस्थित, जिम्मेवार तथा जवाफदेह बनाउनु ।

## २.६ गाउँपालिकाको रणनीति

१. एक विद्यालय एक बालविकास केन्द्रको अवधारणालाई निरन्तरता दिइने ।
२. आवश्यकताको आधारमा विद्यालयको नक्साङ्कन, समायोजन र पुनर्वितरण गरिने ।
३. पहुँचको सुनिश्चितताको लागि “एउटा बच्चाको भर्ना : मेरो सामाजिक दायित्व” कार्यक्रम लागु गरिने ।
४. सिमान्तकृत वर्गका तथा कार्यगत सिमितता भएका बालबालिकाहरूको पहिचान गरि शैक्षिक सहयोग कार्यक्रम लागु गरिने ।
५. वडा तथा पालिकास्तरमा सत प्रतिशत विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन गरिने ।



CamScanner

६. प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याइने ।
७. प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि सिक्नको लागि पढ्ने धारणा सहित क्रमिक सिकाइ सहजीकरण रणनीति (म गर्छु, हामी गरौं र तिमी गर) लाई निरन्तरता दिँदै लगिने ।
८. सिकाइ सुधारको लागि प्रविधिमैत्री, पहुँचयुक्त तथा बालमैत्रि शिक्षण सिकाइ क्रियाकलाप क्रमशः लागु गरिने ।
९. शिक्षण सिकाइमा सुधारको लागि सबै कक्षाहरूमा शिक्षक विद्यार्थी तथा अभिभावकबाट निर्मित No cost and low cost शैक्षणिक सामग्री निर्माण कार्यक्रम लागु गरिने ।
१०. बालबालिकाहरूको चौतर्फी विकासको लागि सह-क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाइने ।
११. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सरोकारवाला विच विद्यालय स्तरमा अन्तरक्रिया कार्यक्रम गरिने ।
१२. शिक्षकको पेसागत सहयोगको लागि गाउँपालिकास्तरमा स्थानीय विज्ञ समूहको परिचालन, कलस्टर तथा विद्यालयस्तरमा विषयगत शिक्षक समूहको निर्माण तथा परिचालन सहित मासिक घुम्ति शिक्षण कार्यक्रम लागु गरिने ।
१३. विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोगको लागि पालिकास्तरमा एक कार्यविधि बनाइ एक जना व्यक्तिलाई स्रोत शिक्षकको रुपमा तोक्ने र परिचालन गरिने ।
१४. शिक्षकको क्षमता विकासको लागि माँगमा आधारित छोटो अवधिका तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने ।
१५. स्थानीय तहले एक विद्यालय कम्तिमा एक शिक्षकलाई प्रविधि सम्बन्धि तालिम (आधारभूत कम्प्यूटर सम्बन्धि तालिम) सञ्चालन गरिने ।
१६. सामाजिक सन्जाललाई शिक्षण सिकाइ कार्यमा आवद्ध गर्दै लगिने ।
१७. कक्षाकोठामा शिक्षक र विद्यार्थीको शैक्षिक अन्तरक्रिया बढाउनको लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा विताउने समय (Teacher Spent Time in Teaching-TST) लाई थप प्रभावकारी बनाई कार्यान्वयनमा ल्याइने ।
१८. सिकाइको लागि निरन्तर मुल्यांकनकलाई अनिवार्य गरि कक्षा ३, ५ र ८ मा पालिकास्तरीय परीक्षा सञ्चालन गरिने ।
१९. विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको लागि सिकाइ वातावरणको सुनिश्चित गर्न आवश्यकता तथा प्रस्तावनामा आधारित पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम लागु गरिने ।
२०. सबै विद्यालयको प्राथमिकता प्राप्त न्यूनतम आवश्यक्ताहरु-PMECs (व्यवस्थित कक्षाकोठा तथा पूर्वाधार, शिक्षक-विद्यार्थी अनुपात, समयमा एक सेट निःशुल्क पाठ्यपुस्तक, पानी सहितको छात्रा शौचालय र न्यूनतम शैक्षिक सामग्रीसहितको बुक कर्नर) लाई सुनिश्चित गरिने ।
२१. आवश्यकता अनुसार दरबन्दि मिलान गर्दै शिक्षा ऐन तथा नियमावलीमा तोकिए अनुसार प्रअ व्यवस्थापन गरि प्रअलाई शैक्षिक तथा शैक्षणिक नेतृत्वकर्ताका रुपमा विकास गर्दै लगिने ।
२२. शिक्षक संख्या कम भएका विद्यालयहरूमा स्यम्सेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरि विद्यालयलाई आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिने ।
२३. प्रअलाई शिक्षण सिकाइ सुधारको लागि एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रुपमा तोकि कार्यान्वयनमा ल्याइने तथा तहगत तथा क्षेत्रगत इन्चार्जको व्यवस्था गरिने ।
२४. विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारीता ल्याउन विभिन्न रणनीतिहरू कार्यान्वयनमा ल्याइने ।
२५. विद्यालयको नेतृत्वको क्षमता विकास गरिने ।



CamScanner

२६. विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन गरिने ।
२७. कार्यसम्पादन करार सम्झौता गरि पुरस्कार र दण्डको व्यवस्था गरिने ।
२८. शिक्षा युवा तथा खेलकुद शाखाबाट हरेक वर्ष विद्यालयको कार्य सम्पादन मुल्याँकन गरिने ।
२९. सामाजिक परीक्षणलाई थप प्रभावकारी बनाउने ।
३०. सामाजिक परीक्षण, लेखापरीक्षण र वार्षिक रुपमा हुने विद्यालयको कार्यसम्पादन मूल्याँकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरूको जानकारीको प्रतिवेदन मासिक रुपमा सुचना प्रविधि मार्फत लिने प्रबन्धको व्यवस्था गरिने ।
३१. बालबालिकाहरूको सिकाइका लागि अभिभावक सशक्तिकरण तथा प्रोत्साहन कार्यक्रम लागु गरिने ।
३२. बालबालिकाहरूको सिकाइ सुधारको लागि आमा प्रोत्साहन कार्यक्रम कार्यविधि तयार गरि लागु गरिने ।
३३. निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको स्थापना गरि निरन्तर सिकाइ तथा जीवन उपयोगी सीपका कार्यक्रम सञ्चालनको पुर्ण जिम्मेवारी प्रदान गर्दै लगिने ।
३४. माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि निरन्तर सिकाइका कार्यक्रममा सहभागि गराउँदै लगिने ।
३५. एक वडा एक सिकाइ केन्द्रलाई विस्तार गर्दै निरन्तर सिकाइ तथा जीवनउपयोगी सीपका कार्यक्रमलाई लागु गरिने ।
३६. संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिकास्तरमा कार्यविधि तयार गरि विद्यालय विपद् सहायता कोष सञ्चालन गरिने ।
३७. विपद्मा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालिन आवश्यकता र परिस्थिती अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको वैकल्पिक माध्यम छनौट गरि कार्यान्वयनमा ल्याइने ।
३८. प्राविधिक तथा व्यवसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरूको लागि प्रोत्साहन स्वरुप छात्रवृति प्रदान गरिने ।
३९. अभिभावक, समुदाय, सरकारी तथा गैरसरकारी निकायबीच समन्वय गरि साझेदारीको आधारमा शैक्षिक तथा शैक्षणिक कार्यक्रम कार्यान्वयन गरिने ।
४०. गाउँपालिकाभित्र रहेका परम्परागत/धार्मिक तथा मदरसा शिक्षालाई मूलधारमा ल्याउन संचालन अनुमति र नियमन गर्ने ।
४१. संस्थागत विद्यालयको शिक्षालाई व्यवस्थित तथा प्रभावकारी बनाउन संचालन अनुमति, नियमन तथा तथ्याँक व्यवस्थापनका लागि क्षमता विकास गर्ने ।

## २.७ अपेक्षित मुख्य उपलब्धी

यस विद्यालय शिक्षा क्षेत्रको योजनाको अन्त्य (वि.सं. २०८४) सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुने ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुने ।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुने ।



CamScanner

४. सुरक्षित र उपयुक्त भौत्तिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।
५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू, स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुने ।
६. प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने ।
७. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने ।
८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुने ।
९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुने ।
१०. आर्थिक अभाव तथा अपाङ्गताको कारणले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था नहुने ।
११. हरेक परिस्थितिमा बालबालिकाले भौत्तिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने ।
१२. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्द्धन भएको हुने ।
१३. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने ।
१४. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरू सम्बोधन गरि आवश्यकतामा आधारित योजना निर्माण भएको हुने ।
१५. परम्परागत/धार्मिक तथा मदरसा शिक्षा सरकारको मूलधारमा आएको हुने ।
१६. संस्थागत विद्यालयहरु थप व्यवस्थित, प्रभावकारी तथा किफायती हुने ।

## २.८ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

चन्द्रनगरको ५ वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं. २०८०-२०८४) का मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छ :

**मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य**

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०७८ को अवस्था | लक्ष्य २०८३ |
|---|---|---|---|
| **१. प्रारम्भिक बाल विकाश तथा शिक्षा** | | | |
| १.१ | कुल भर्नादर | ४६.२ | १०० |
| १.२ | चार बर्षका बालबालिकाहरूको भर्ना अनुपात | ३९.९ | ९० |
| १.३ | न्यनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | १०० |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२ | १०० |



CamScanner

| | | | |
|---|---|---|---|
| १.५ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकाश तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ८२.३ | ९० |
| **२. आधारभूत शिक्षा** | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | १५८.६ | १०६ |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९९.४ | ९९ |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | १५४.३ | १०८ |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९६.७ | १०० |
| २.५ | कक्षा १-८ मा कुल भर्ना दर | १३३.४ | ११५ |
| २.६ | कक्षा १-८ मा खुद भर्ना दर | ९५.६ | ९९ |
| २.७ | कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकांक | १.१ | १ |
| २.८ | कक्षा ८ मा टिकाउ दर (२०७७) | ५७.७ | ९८.९ |
| २.९ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर (२०७७) | ५६.९ | ९८.७ |
| २.१० | ५-१२ बर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ६.२ | १ |
| २.११ | कक्षा १-३ मा सिकाइ उपलब्धि | ५९.६९ | ६६ |
| २.१२ | कक्षा ४-५ मा सिकाइ उपलब्धि | ५९.०६ | ७२ |
| २.१३ | कक्षा ६-८ मा सिकाइ उपलब्धि | ३७.७७ | ६० |
| **३. माध्यमिक शिक्षा** | | | |
| ३.१ | कुल भर्ना दर कक्षा ९-१० | ९१.९ | १०५.९ |
| ३.२ | खुद भर्ना दर कक्षा ९-१० | ६७.३ | ८१.४ |
| ३.३ | कक्षा १० सम्म को टिकाउ दर (२०७७) | ४९.७ | ९७.९ |
| ३.४ | कक्षा ९-१० मा खुद भर्ना दरका आधारमा लैङ्गिक समता सूचकांक | १.२ | १ |
| ३.५ | सिकाइ उपलब्धि कक्षा ९-१० | ४६.२८ | ६० |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | |
| ४.१ | ५ बर्ष माथिको साक्षरता दर | ७८ | ८४ |
| ४.२ | १५ बर्ष माथीको साक्षरता दर | ५८ | ९५ |
| ४.३ | १५-२४ बर्षको साक्षरता दर | ९२ | ९९ |
| **५. महिला शिक्षक प्रतिशत** | | | |
| ५.१ | आधारभूत तह | ११.९४ | ५० |
| ५.२ | माध्यमिक तह | ० | २५ |
| **६. प्राथमिकता प्राप्त न्यूनतम आवश्यकताहरु (PMECs) पुरा गरेका विद्यालय प्रतिशत** | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | | ६० |
| ६.२ | आधारभूत विद्यालय | १३.४ | ७० |
| ६.३ | माध्यमिक विद्यालय | | ६० |
| **७. स्थानीय तहको बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत** | | १०.९ | १४.८ |



CamScanner

# परिच्छेद तीन – विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग गरि आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । सर्वाङ्गीण विकास अन्तर्गत बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्दछन् । नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिएको छ । शिक्षा ऐन २०२८ आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालयको संरचनाभित्र कायम गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिनेछ भनी उल्लेख गरेको छ। साथै नेपालको पन्ध्रौं योजनामा पनि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरि सबै बालबालिकाका लागि अनिवार्य गर्ने भन्ने रणनीति लिएको पाइन्छ । प्रारम्भिक बालविकास तथा शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा एकमा प्रवेशका लागि तयार पार्नु हो । हालका वर्षहरूमा प्रारम्भिक बाल शिक्षा तथा पूर्व प्राथमिक शिक्षाका कारण सिकाइको तत्परतामा उल्लेख्य प्रगति भएको र बिचैमा पढाइ छाड्ने तथा कक्षा दोहोर्याउने दर घटाउनमा यसको सकारात्मक प्रभाव रहेको र कक्षा एकमा प्रवेश गरेका बालबालिकाहरूको शैक्षिक उपलब्धि दर बढी हुने गरेको पाइएको छ । यो तह विद्यालय शिक्षाको आधार स्तम्भ मात्र नभई बालबालिकाको जीवनभरीको विकासको पूर्वाधार हो । प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय र समुदाय दुवैमा सञ्चालन गरिएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई थप विस्तार गरि सबैको पहुँचसम्म पुर्याउने रणनीति विकास तथा गुणस्तर अभिवृद्धि गर्ने कार्यमा यो योजना केन्द्रित रहेको छ ।

### ३.१.२ वर्तमान अवस्था

चन्द्रनगर गाँउपालिकाभित्र हाल ३२ (सामुदायिक-१९, संस्थागत-१३) वटा प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा छन् । बालविकास केन्द्र संचालनमा रहेका १९ सामुदायिक विद्यालय मध्ये ११ विद्यालयमा बाल विकास सहजकर्तासहित र ८ वटा विद्यालयमा बाल विकास सहजकर्ता बिना संचालन भईरहेका छन् । सामुदायिक विद्यालयको प्रारम्भिक बालविकास केन्द्रमा हाल १३ जना बाल विकास सहजकर्ता/शिक्षकहरू कार्यरत छन् ।

शैक्षिक सत्र २०७९ को तथ्याङ्क अनुसार यस चन्द्रनगर गाउपालिकामा जम्मा ३२ (सामुदायिक-१९, संस्थागत-१३) वटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन् भने १३ जना बालविकास सहजकर्ताहरू रहेको अवस्था छ। शैक्षिक सत्र २०७९ को तथ्याङ्क अनुसार सामुदायिक र संस्थागत तर्फ गरि जम्मा १३०२ जना बालबालिकाहरू बालविकास केन्द्रमा भर्ना रहेका छन् । जसमध्ये छात्रा ५८१ जना र छात्र ७२१ जना रहेका छन् । यस पालिकाको प्रारम्भिक बालविकास शिक्षामा कूल भर्ना दर ४६.२ प्रतिशत रहेको छ भने खुद भर्नादर पनि ३९.९ प्रतिशत रहेको देखिन्छ। प्रारम्भिक बालविकासको कुल भर्नादरमा सुधार देखिदैन भने प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिई कक्षा एकमा भर्ना भएका बालबालिकाहरू हाल ८२.३ प्रतिशत रहेका छन् । तर प्रत्येक बर्ष सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या क्रमश: घटेको देखिन्छ । यस पालिकामा धेरैजसो संस्थागत तथा निजी क्षेत्रबाट सञ्चालित र केहि सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षामा २ या ३ वर्षका कार्यक्रम



CS CamScanner

सञ्चालनमा छन् भने कतिपय निजी क्षेत्रबाट सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रम ४ वर्ष अवधिका पनि छन् । अधिकांश बालविकास केन्द्रहरू सरकारले तोकेका मापदण्ड पुरा नभएको, बालविकास शिक्षामा सबै बालबालिकाहरूको पहुँचमा अझै पनि नआएको देखिन्छ । प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत शिक्षकहरू शत प्रतिशत महिला शिक्षिका रहेका छन् ।

प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय तहमा मात्र सञ्चालन गरिएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रारम्भिक बालविकास तथा शिक्षामा गुणस्तर कायम गर्नका लागि प्रारम्भिक बालविकास सम्बन्धी सीप विकासको लागि शिक्षकहरूको पेसागत सहयोग तथा तालिमहरू प्रदान गरिदै आइएको छ ।

विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका लागि छुट्टै व्यवस्थापन समितिको व्यवस्था छ भने सञ्चालनका लागि स्थानीय तहले अनुमति तथा स्वीकृति दिने व्यवस्था रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको गुणस्तरका मापदण्डका लागि सञ्चालन कार्यढाँचा र निर्देशिका तयार पारी कार्यान्वयनमा ल्याउने रणनीतिहरू ल्याइएको छ । साथै शिक्षकहरूलाई पेसागत विकास र पुनर्ताजगी तालिम प्याकेज तयार भई तालिम दिने कार्य सुरु भइसकेको छ ।

### ३.१.३ अवसर तथा चुनौतीहरू

अधिकाँश प्रारम्भिक बालविकास केन्द्र वा कक्षाहरूमा प्रारम्भिक बालविकासका मापदण्ड अनुसार न्य''नतम भौत्तिक तथा शैक्षिक प्रबन्ध हुनसकेको छैन । जसबाट बालबालिकाहरू गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकबाट वञ्चित हुनु परेको छ । प्रारम्भिक बालविकास शिक्षामा बालबालिकाहरूको सहभागिता र पहुँचमा वृद्धि गरि गुणस्तर सुधार गर्न देहाय अनुसारका चुनौती तथा समस्याहरू रहेका छन् :

१. सबै प्रारम्भिक बालविकास केन्द्रमा गुणस्तरका न्य''नतम मापदण्ड कायम गर्नु र कार्यान्वयन गर्नु ।
२. अपाङगता भएका बालबालिका, अनाथ तथा टुहुरा बालबालिकालाई बालविकास केन्द्रको पहुँचमा पुर्याउनु,
३. प्रारम्भिक बालविकास केन्द्रको पठनपाठनको समयावधि र पाठ्यक्रम कार्यान्वयनको सम्बन्धमा समन्वय र एकरुपता कायम गर्नु ।
४. प्रारम्भिक बालविकास केन्द्रमा उपयुक्त योग्यता र तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नु ।
५. प्रारम्भिक बालहेरचाह, पोषण, सुरक्षा तथा सिकाइको सम्बन्धमा अभिभावक जागरण गर्नु ।
६. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्ष उमेर पुरा गरेका बालबालिकाहरूका लागि सञ्चालन गरिने कार्यक्रम भएपनि चार वर्षभन्दा कम उमेरका बालबालिकाहरू पनि उपस्थित हुनु र त्यस्ता बालबालिकाहरू उपल्लो कक्षामा अध्ययनरत आफन्त बालबालिकाको पढाइमा बाधा पुर्याउनु ।
७. सबै बालविकास केन्द्रहरूमा निश्चित पाठ्यक्रम र कार्यपुस्तिका नतोकिनु र सोहि अनुरुप सहजीकरण गरिनु ।
८. प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्ड पुरा गर्दै बालबालिकाहरूको सर्वाङगीण विकास गरिनु ।
९. योग्यता तथा तालिम प्राप्त सहजकर्ताको व्यवस्था र समय-समयमा आवश्यक अनुगमन, व्यवस्थापन, तालिम तथा पृष्ठपोषणको सुविधा उपलब्ध हुनु ।
१०. प्रारम्भिक बाल हेरचाह, पोषण, सुरक्षा र सिकाइका सम्बन्धमा अभिभावक जागरण हुनु ।
११. उमेर पुगेपनि बालबालिकाहरु पनि समयमै बाल विकास केन्द्रमा भर्ना हुनु



CamScanner

### ३.१.४ उद्देश्यहरू :

प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू रहेका छन् :

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु,
२. चार वर्ष उमेर पुरा भएका सबै बालबालिकाहरूको सर्वाङ्गीण पक्षको विकास गर्नु,
३. सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा एकमा भर्ना गर्नु ।

### ३.१.५ रणनीतिहरू :

यस गाँउपालिकाले तय गरेका प्रारम्भिक बालविकास शिक्षाको उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गर्नेछ ।

१. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई प्रविधिमैत्री, बालमैत्री एवम् गुणस्तरीय बनाउँदै सबै बालबालिकाहरूको पहुँचमा विस्तार गरिने,
२. माँग, आवश्यक्ता तथा दूरीको आधारमा प्रारम्भिक बालविकास केन्द्रहरूको समायोजन, पुनर्वितरण तथा आवश्यक भएमा नयाँ स्थानमा केन्द्र स्थापना गरिने,
३. प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ कार्यान्वयनलाई अनिवार्य गर्ने,
४. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, सरकारी तथा निजी क्षेत्र र विद्यालयलाई जिम्मेवार बनाउने,
५. प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइ व्यवस्थापनलाई ध्यान दिइ खेल तथा सिकाइ सामाग्री र अडियो भिडियो सामग्री सहितको कक्षाकोठा व्यवस्थापन गरिने,
६. सबै शिक्षकका लागि न्यूनतम योग्यता कक्षा १० (SEE) उत्तीर्ण निर्धारण गर्ने र न्यूनतम योग्यता पुरा नगरेका शिक्षकहरूका लागि योग्यता वृद्धिको अवसर प्रदान गरिने,
७. सबै शिक्षकहरूका लागि सेवाकालीन क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिने,
८. प्रत्येक वडा वा टोलमा खेल तथा सिकाइ सामग्री सहितको बाल उद्यान वा बालपार्कको निर्माण गरिने,
९. प्रत्येक वडामा कम्तीमा एउटा नमुना बालविकास केन्द्रको स्थापना गरिने,
१०. गाँउस्तरीय बालविकास केन्द्र व्यवस्थापन समिति गठन गरिने,
११. शिक्षकहरूसंग कार्यसम्पादन करार सम्झौता गरि पुरस्कार र दण्डको व्यवस्था गरिने,
१२. विव्यस सदस्यहरू, अभिभावकहरू तथा सरोकारवालाहरूका लागि प्रारम्भिक बालविकास शिक्षा सम्बन्धी नियमित अभिमुखीकरण गरिने,
१३. बालबालिकाहरूको संख्या तथा दूरी तथा आवश्यकताको आधारमा केन्द्रहरूको समायोजन तथा थप केन्द्र स्थापना गरिने,
१४. प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रम प्रबोधीकरण सम्बन्धि तालिम प्रदान गरिने,
१५. पाठ्यक्रमको कार्यान्वयनलाई अनिवार्य गरि सो बमोजिम सिकाइ सहजीकरण गरिने,
१६. शिक्षकहरूलाई जिल्लाभित्र वा बाहिरका नमुना तथा उत्कृष्ट केन्द्रहरूको भ्रमण गराई त्यहाँको असल अभ्यासलाई प्रयोगमा ल्याइने ।
१७. बालविकास केन्द्रमा पछिल्ला तिन महिना प्रारम्भिक साक्षरता र गणितीय सीप विकासमा जोड दिइने ।
१८. बालबालिकाहरुलाई अतिरिक्त क्रियाकलापहरु जस्तै : मर्यादित शब्दहरु सिकाउने, Audio/Visual शिक्षण सामग्री मार्फत पठन-पाठन गर्ने ।



CS CamScanner

### ३.१.६ उपलब्धी, नतिजाहरू, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*उपलब्धि*

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

*प्रमुख नतिजाहरू*

यस योजनाको अन्त्य सम्ममा निम्नानुसारको नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ ।

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।
२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।
३. प्रारम्भिक बालविकास केन्द्रहरूका सबै शिक्षकहरूले न्यूनतम योग्यता र तालिम हासील गरेका हुने ।
४. प्रत्येक वडामा कम्तीमा एउटा नमुना बालविकास केन्द्रको स्थापना भएको हुने ।
५. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी संघसंस्था, विद्यालय र स्थानीय सरकार जिम्मेवार हुने ।
६. सबै प्रारम्भिक बालविकास केन्द्रहरूले न्यूनतम मापदण्ड पुरा गरेको हुने ।

*प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.स. | क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क संकलन र विश्लेषण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| २ | भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ३ | शिक्षकहरूको लागि थप प्रोत्साहन भत्ताको व्यवस्था गर्ने | निरन्तर | १३ | १३ | १३ | १३ | १३ | ६५ | गाउँपालिका |
| ४ | शिक्षकहरूको लागी तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ५ | नयाँ बालविकास केन्द्र स्थापना | पटक | ० | ८ | ३ | ३ | ३ | १७ | गाउँपालिका |
| ६ | नमुना बालविकास केन्द्र स्थापना गर्ने | वटा | १ | १ | १ | २ | २ | ७ | गाउँपालिका |
| ७ | वडा वा टोलमा बाल उद्यान वा पार्क स्थापना गर्ने | वटा | | १ | | १ | | २ | गाउँपालिका |
| ८ | सरोकारवाला निकाय तथा स्थानीय सरकारबाट अनुगमन, सुपरिवेक्षण तथा सहयोग | चौमासिक | ३ | ३ | ३ | ३ | ३ | १५ | गाउँपालिका |
| ९ | वार्षिक रुपमा उत्कृष्ट शिक्षकलाई पुरस्कृत र सम्मान गर्ने | जना | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |



CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | केन्द्रलाई कम्प्युटर तथा ल्यापटप वितरण | केन्द्र | २ | २ | २ | २ | ३ | ११ | संघ र गाउँपालिका |
| ११ | बाल स्वास्थ्य परीक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| १२ | शिक्षकहरूका लागी योग्यता वृद्धिको अवसर | जना | २ | २ | २ | ३ | ४ | १३ | गाउँपालिका |
| १३ | मापदण्ड अनुसारको पुर्वाधार सहित शैक्षिक तथा खेल सामग्रीको व्यवस्थापन र प्रयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | संघ र गाउँपालिका |
| १४ | शिक्षकहरूसँग कार्यसम्पादन सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| १५ | पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन | निरन्तर | | | | | | ० | विद्यालय |
| १६ | गैरसरकारी संस्था, निजी क्षेत्र तथा समुदायलाई समन्वय, सहयोग तथा लगानी बढाउन प्रोत्साहन र सहभागिता | निरन्तर | | | | | | ० | गाउँपालिका |
| १७ | सिकाइ सहजीकरणमा मातृभाषालाई प्राथमिकता | निरन्तर | | | | | | ० | गाउँपालिका |
| १८ | सरोकारवालाहरूका लागि अभिमुखीकरण कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | गाउँपालिका |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालमा बहुदलीय व्यवस्थाको पुनःस्थापना पश्चात् सरकारी योजनामा नीतिगत रुपमा विद्यालय शिक्षाको पहूँच अभिबृद्धिका लागि उच्च प्राथमिकता पाउँदै आएको हुनाले सोको प्रतिफल स्वरुप यस गाउँपालिकामा आधारभूत तहको शिक्षामा उल्लेख्य रुपमा पहुँच रहेको देखिन्छ । त्यसकारण यो योजनाले पहुँचलाई कायम राख्दै गुणस्तर वृद्धिमा जोड दिइएको छ ।

विद्यालय शिक्षाको विकासमा भएका विभिन्न प्रयास तथा परियोजनाहरू मध्ये आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, प्राथमिक शिक्षा परियोजना प्राथमिक शिक्षा विकास परियोजना, सेती परियोजना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सबैका लागि शिक्षा कार्यक्रम, विद्यालय क्षेत्र सुधार योजना आदि धेरै परियोजनाहरू संचालन गरिए जसको प्रमुख लक्ष्य नेपालको शिक्षामा पहुँच अभिवृद्धि र शिक्षक व्यवस्थापनमा तालीम अनिवार्य गरिएको हुनाले आधारभूत तहका शिक्षकहरूलाई व्यापक तालीमको व्यवस्था गरियो भने विद्यालयको समग्र भौतिक व्यवस्थापनलाई पनि उच्च महत्वका साथ भौतिक संरचनाहरूको समेत उल्लेख्य विकास गरिएको छ । सन् २०१५ पछाडी शैक्षिक सुधार र गुणस्तर बृद्धिका प्रयासहरू भएको देखिन्छ । विगतमा संचालन गरिएका विद्यालय क्षेत्र विकास योजना र हाल संचालित विद्यालय शिक्षा क्षेत्र योजनाले शैक्षिक गुणस्तरलाई जोड दिँदै संरचनागत रुपमा परिवर्तन गरिएको छ । जस अन्तरगत ४ बर्ष उमेर समूहका लागि प्रारम्भिक वालविकास र शिक्षा, ५ देखि ७ बर्ष उमेर समूहका लागि आधारभूत तह १ (कक्षा १ देखि ३) ८ बर्ष देखि ९ बर्ष उमेर समूका लागि आधारभूत तह २ (कक्षा ४ र ५) १० देखि १२ बर्ष उमेर समूहका लागि आधारभूत तह ३ (कक्षा ६,७ र ८) रहेका छन । यिनै ३ वटा तहलाई नेपालको आधारभूत शिक्षाको तह भनिएको छ ।



CamScanner

नेपालमा शिक्षा विकासको क्रममा नेपालको संविधान २०७२ को धारा ३१ (१) मा नागरिकको मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। संविधानले सबैका लागि अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा सुनिश्चित गर्ने प्रत्याभूति गरिएको सन्दर्भमा शिक्षा क्षेत्रको व्यवस्थापन एवम् सेवा प्रवाह प्रणालीको पुनरावलोकन एवम् परिमार्जन आवश्यकता महसुस गरि संविधानले स्थानीय तहको अधिकारमा बढोत्तरी गरि विद्यालय शिक्षा व्यवस्थापनमा तिनै तहका सरकारको अधिकार सुनिश्चित गरि एकल अधिकार र संघ, प्रदेशको साझा अधिकारभित्र राखिए पनि सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल वा साझा सूचिका आधारमा तिनै तहका सरकार जिम्मेवार रहेको देखिन्छन् । आधारभूत शिक्षाको लक्ष्य ४ देखि १२ बर्ष उमेर समूहका सबै बालबालिकालाई विद्यालय प्रवेशको पूर्वतयारी एवम् गुणस्तरीय आधारभुत शिक्षामा पहुँच सुनिश्चित गरि तिनको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक शिक्षाको विकास गराई जीवन उपयोगी सीप एवम् मूल्यमा आधारित सामाजिक साँस्कृतिक विविधता बारे परिचित गराइ अपाङ्गता तथा सिकाइ कठिनाइ भएका बालबालिकालाई शैक्षिकस्तर बृद्धिका लागि संस्थागत सहयोग आवश्यक पर्ने हुँदा चन्द्रनगर गाउँपालिका सामाजिक विकास समिति शिक्षा तथा स्वास्थ्य शाखा बीच समन्वय कायम गर्दै माध्यमिक शिक्षामा प्रवेश गराई आवश्यकता अनुरुप निर्माण गरिएका शैक्षिक कार्यक्रम कार्यान्वयन गर्नु सबैको समान दायित्व रहनेछ ।

### ३.२.२ वर्तमान अवस्था

गाउँपालिकाको शिक्षा शाखामा रहेको तथ्याङ्क अनुसार यस गाउँपालिकामा जम्मा ४१ विद्यालयहरू रहेका छन् । जस मध्ये २२ वटा सामुदायिक, ६ वटा मदर्सा र १३ वटा संस्थागत विद्यालयहरू रहेका छन् । अर्थात् ५३.६६ प्रतिशत सामुदायिक, १४.६३ प्रतिशत मदर्सा र ३१.७१ प्रतिशत संस्थागत विद्यालयहरू रहेका छन् । सामुदायिक तर्फ आधारभूत विद्यालयहरू ८६.३६ प्रतिशत छन् भने माध्यमिक विद्यालयहरू १३.६४ प्रतिशत रहेका छन् । त्यसैगरि कक्षा १-५ का विद्यालयको प्रतिशत आधारभूतभित्र ८९.४७ प्रतिशत छ भने ६-८ का विद्यालयको प्रतिशत १०.५३ प्रतिशत रहेको छ । IEMIS २०७९ अनुसार ५५.२९ प्रतिशत छात्रा र ४४.७१ प्रतिशत छात्र आधारभूत तहमा सामुदायिक विद्यालयमा रहेका छन् ।

आधारभूत तह (कक्षा १-५) को कुल भर्ना दर १५४.३, खुद भर्ना दर ९६.७, लैङ्गिक समता सूचक १.१, शिक्षक विद्यार्थी अनुपात ८४.१४, कक्षा ५ को टिकाउ दर ८४.९, कक्षा ५ को उत्तीर्ण दर ८७.७ प्रतिशत रहेको छ भने अझै पनि कक्षा ५ दोहोर्याउने दर ९.५ र कक्षा छोड्ने दर २.७ प्रतिशत रहेको छ । आधारभूत तह (कक्षा १-८) को कुल भर्ना दर १३३.४, खुद भर्ना दर ९५.६, लैङ्गिक समता सूचक १.१, कक्षा ६-८ को शिक्षक विद्यार्थी अनुपात ११५.३, कक्षा ८ को टिकाउ दर ५७.७, कक्षा ८ को उत्तीर्ण दर ९६.१ प्रतिशत रहेको छ भने अझै पनि कक्षा ८ दोहोर्याउने दर १.१ र कक्षा छोड्ने दर २.८ प्रतिशत रहेको छ ।

यस गाउँपालिकामा कक्षा १ देखी ३ सम्मका विद्यार्थीहरूका लागि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत गृह विद्यालय कार्यक्रम सञ्चालनमा भएको थियो । जसमा हरेक सामुदायिक विद्यालयमा ३/३ क्लष्टर निर्माण गरि प्रारम्भिक कक्षामा पढाउने शिक्षकहरूलाई नै परिचालन गरिएको थियो । शिक्षकहरुले क्लष्टरमा गई वैकल्पिक शिक्षा अन्तरगत होम स्कूलिङ्ग संचालन गरि विद्यार्थीहरुको सिकाइ क्षतिको न्यूनिकरणमा उल्लेखनीय भूमिका निर्वाह गरेका थिए । साथै विद्यालयका प्रअ तथा विव्यस मार्फत क्लष्टरको नियमित अनुगमन गर्ने गरिएको र गाउँपालिकाबाट पनि प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको सहयोगमा नियमित अनुगमन गर्ने व्यवस्था गरिएको थियो ।



CamScanner

### ३.२.३ चुनौती तथा अवसरहरू

यस गाउँपालिका अन्तरगत शैक्षिक संस्थाहरूमा चुनौतीका रुपमा रहेका सिकाइ हस्तान्तरणमा सर्वशुलभता, पूर्वाधारहरूको सम्मुचित व्यवस्थापन, समन्यायिकता, सार्वजनिक शिक्षा प्रति चाँसो र विश्वास सहित आकर्षणमा वृद्धि, विद्यार्थी संख्याका आधारमा कक्षागत विषयगत रुपमा दरबन्दी मिलान तथा पुनः वितरण, शैक्षिक सुशासन उत्तरदायित्व, व्यवहारिक बालमैत्री तथा प्रविधिमा आधारित सिकाइ, विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिका भर्ना, कक्षा छाड्ने दर सून्य, अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, सूचना तथा सञ्चारमा आएका नविनतम प्रविधिहरूलाई अवसरको रुपमा ग्रहण गर्न प्रमुख चुनौतीको रुपमा देखिन्छ ।

चन्द्रनगर गाँउपालिकाको शैक्षिक अवस्थाहरूलाई हेर्दा थुप्रै अवसरहरू देखिन्छन । गाँउपालिकाले शैक्षिक नीतिमा दीर्घकालिन सोचका साथ शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिँदै सुधारका अनेकौ कार्यक्रमहरू लागू गरिएको, शिक्षाका तिन वटै तहका सरकारहरूले साझा अधिकार क्षेत्रका रुपमा रहेकाले आपसी साझेदारीमा लगानी अभिबृद्धि गरि शिक्षा क्षेत्रमा समयानुकुल परिवर्तन गर्न सकिने, आधारभूत तहमा हाल कार्यान्वयनमा रहेको सिकाइ परियोजनाले विद्यार्थीहरूमा आएको सिकाइ जागरुकता र अभिभावकहरूमा आएको अपनत्वको भावना एवम् शिक्षकहरूमा पेसागत सीपमा आएको सिकाइ हस्तान्तरण गर्ने कलाले सार्वजनिक विद्यालय प्रतिको चाँसो र जनअपेच्छा बढदै जानु, शैक्षिक सूचकाँकहरूको प्रगति सकारात्मक दिशातिर जानु गाँउपालिकाले शैक्षिक कार्यविधि तथा वर्तमान अवस्थाको पार्श्वचित्र ५ बर्षे विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरि अघि बढ्ने नीतिले पनि चन्द्रनगरको शैक्षिक उन्नयनका लागि महत्वपूर्ण अवसरहरू रहेका छन् ।

आधारभूत तहको शिक्षामा देखिएका विद्यमान चुनौतीहरू :

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
२. सिकाइको गुणस्तर अभिवृद्धि गरि विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु ।
३. विद्यालयको प्रशासनिक, भौत्तिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई पहुँचयुक्त, बालमैत्री बनाउनु ।
४. विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र, स्थानीय तह, विद्यालयहरूलाई जिम्मेवार बनाउनु ।
५. सूचना तथा सञ्चार प्रविधिमा दक्षता वृद्धि गरि शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु ।
६. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको गठन, क्षमता विकास तथा परिचालन गर्नु ।
७. शिक्षकमा भएको ज्ञान, सीप तथा अनुभव कक्षाकोठामा प्रदर्शन गर्नु ।

### ३.२.४ उद्देश्य

सबै बालवालिकाहरूका लागि पहुँचमा निरन्तरता सहित समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्न चन्द्रनगर गाँउपालिकाको ५ बर्षे विद्यालय शिक्षा क्षेत्र योजनाको आधारभूत तहका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

१. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने
२. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन तथा लेखन सीप अभिवृद्धि गर्ने
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने



CS CamScanner

४. सबै बालबालिकाहरूलाई आधारभूत तह पुरा गर्ने अवस्था सुनिश्चित गर्ने
५. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्ने
६. आधारभूत विद्यालयको भौत्तिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने
७. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने
८. विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने
९. विद्यालयलाई शान्ती क्षेत्रको रुपमा घोषणा गर्ने

### ३.२.५ रणनीति

१. जनसहभागिता सहितको भर्ना अभियानलाई प्रभावकारी बनाउँदै विद्यालय बाहिर बालबालिकाहरू नरहेको घोषणा कार्यक्रम सञ्चालन गरिने ।
२. जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरू तथा सीमान्तकृत समूहका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न त्यस्ता विद्यार्थीको पहिचान गरि सिकाइ सामाग्री लगायतको सहयोग कार्यक्रम सञ्चालन गरिने ।
३. अति विपन्न बालबालिकालाई अभिभावकत्व ग्रहण गराइने ।
४. विद्यार्थीलाई टिकाइ राख्न खाजा कार्यक्रमलाई प्रभावकारी बनाइने ।
५. छात्रवृति कार्यक्रमलाई बर्षको १ पटक छात्रबृति वितरण दिवसका रुपमा मनाउँदै थप प्रभावकारी बनाइने ।
६. उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा दोहोर्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरूको संख्यालाई क्रमशः न्यूनिकरण गर्दै लगिने ।
७. बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीवीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिने ।
८. प्राथमिकताको आधारमा विद्यालयमा आवश्यक न्यूनत्तम भौत्तिक व्यवस्था भवन, शौचालय, खानेपानीको व्यवस्थाका लागि अन्य सरकारहरूसँग पनि समन्वय गर्दै गरिने ।
९. सामान्य मर्मत संभार गरि व्यवस्थापन गरिने भौत्तिक व्यवस्थापनको कार्यलाई स्थानीय समुदाय परिचालन गर्दै अगाडि बढाइने ।
१०. भौत्तिक निर्माणको कार्यलाई आफ्नो विद्यालय आँफै बनाउ भन्ने नारा तय गर्दै लागत सहभागितालाई प्राथमिकता दिइने ।
११. निर्माणात्मक मूल्याँकनको लागि मासिक टेस्ट लिँदै विद्यार्थीको सिकाइ अवस्थाको विश्लेषण सहितको समीक्षा बैठक सञ्चालन गरिने ।
१२. शिक्षक विद्यार्थी मार्फत शैक्षिक सामग्रीको विकास तथा विस्तार गरिने ।
१३. शिक्षकलाई शिक्षण सुधार योजना पाठ नोट अनिवार्य गरिने ।
१४. विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई पहिलो सर्तका रुपमा शिक्षण कार्य अगाडि बढाइने ।
१५. लागत सहभागिताको आधारमा हरेक विद्यालयमा प्रविधि मार्फतको शिक्षण सिकाइलाई उच्च प्राथमिकता प्रदान गरिने ।
१६. शिक्षकले कक्षाकोठामा विताउने समय कार्यविधि कार्यान्वयनमा ल्याइने ।
१७. सिकाइका लागि मूल्याँकन प्रणालीको आधारमा आधारभुत तह (कक्षा १-३) को मूल्याँकन प्रणाली सञ्चालन गरिने ।
१८. स्तरीकृत परीक्षा सञ्चालन गरिने ।
१९. परीक्षाबाट प्राप्त अंकलाई विद्यालयस्तर तथा गाउँपालिकास्तरमा विश्लेषण समिक्षा सहित सुधार योजना तयार गरि लागु गरिने ।



CamScanner

२०. अभिभावक सचेतना कार्यक्रम मार्फत अभिभावक परिचालन गरिने ।
२१. हरेक चौमासिकमा सिकाइका लागि अभिभावक सम्मेलन गरिने ।
२२. विद्यालयमा अभिभावकहरूबाट दैनिक भ्रमणको व्यवस्था मिलाइने ।
२३. गाउँपालिकामा क्रमश: निश्चित मापदण्डको आधारमा हरेक वडामा एक नमुना आधारभुत विद्यालय स्थापना गरिने ।
२४. कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूका लागि बालमैत्री सिकाइ वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सीप विकासको लागि पढाइ तथा गणितिय सीपका साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितिय सीप केन्द्रित क्रियाकलापहरूलाई निरन्तर गरिने ।
२५. कक्षा ४ र ५ का बालबालिकाहरूका लागि पठन सीपमा आधारित सिकाइ वातावरणका लागि छापामय कक्षाकोठा व्यवस्थापन सुनिश्चित गर्दै समयानूकुल जीवनोपयोगी व्यवहारिक गणितीय सीप सहितको अन्य विषयको शिक्षण सिकाइलाई सीप केन्द्रित क्रियाकलापहरूलाई निरन्तरता दिइने ।
२६. कक्षा ६ देखि ८ सम्मका आधारभूत तह पुरा गर्ने प्रत्येक उमेर समुहका बालबालिकाहरूमा रहेको अन्तरनिहित प्रतिभा समेतको अवसरलाई सुनिश्चित गर्दै भाषागत पठन सीपका आधारमा माध्यमिक शिक्षा प्रवेशको लागि गुणस्तरीय व्यवहारिक तथा गणितीय सीप विकासको जीवन उपयोगी पक्षको सिकाइलाई सुनिश्चितताका लागि समयानुकुल विविध प्रविधिमैत्री क्रियाकलापहरूलाई निरन्तरता दिंदै अनिवार्य आधारभूत शिक्षा प्रदान गरि माध्यमिक शिक्षामा प्रवेश गर्ने अवसर प्रदान गरिने ।
२७. छापामय कक्षाकोठा व्यवस्थापन नभएका कक्षा १ देखी ३ सम्मका बाँकी विद्यालयहरूलाई आगामी २ बर्ष भित्र कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक वजेट व्यवस्थापन गरि पूर्ण गरिने ।
२८. स्थापना भएका कक्षा पुस्तकालय तथा बुक कर्नरमा नियमित पढाइ तथा स्वयम् सिकाइ एवम् गणितीय सीप विकास गर्ने सामाग्रीहरूलाई उचित व्यवस्थापन तथा प्रयोगमा अनिवार्यता र सो को अभिलेखिकरण गरिने ।
२९. प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापनका लागि प्रत्येक आधारभुत विद्यालयमा इन्टरनेट, कम्प्युटर लगायतको सुविधा तथा अभिवृद्धिका लागि बजेट व्यवस्थापन गरिने ।
३०. कक्षा १ देखि ५ सम्मका बालबालिकाहरूको सिकाइ सहजीकरणका लागि आवश्यकताका आधारमा शैक्षिक सामाग्री व्यवस्थापन शिर्षकमा अनुदानको व्यवस्था गरिने ।
३१. कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूका लागि क्रमिक सिकाइ रणनीतिका आधारमा र कक्षा ४ र ५ का बालबालिका लागि निरन्तर विद्यार्थी मूल्याँकन सहित पठन सीपमा आधारित एवम् कक्षा ६ देखि ८ सम्मका बालबालिकाका लागि प्रविधिमैत्री सिकाइ सञ्चालन गरिने ।
३२. कक्षा १ देखि ५ सम्मका बालबालिकाका लागि पठन सीप विकासका लागि पालिकास्तरीय पढाइ मेला तथा प्रतियोगिता संचालनमा आवश्यक बजेट समेतको व्यवस्थापन गरिने ।
३३. पठन सीप सम्बन्धि अभिभावकहरूको जागरुकता तथा सहयोग गर्ने आधारमा गाउँपालिका तथा विद्यालयस्तरीय अभिभावक सम्मान कार्यक्रम सञ्चालन गरिने ।
३४. विद्यार्थी सिकाइ स्तरको पहिचानका लागि गाउँपालिकास्तरीय कक्षाकोठामा आधारित पठन सीप परीक्षण संचालन र उत्कृष्ट विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम संचालन गरिने ।
३५. प्रारम्भिक कक्षाका सबै बालबालिकाहरूको प्रारम्भिक पहिचान गरि सोही अनुसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन गर्ने ।
३६. कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरू बीच उमेर समूहका आधारमा लेखन सीप सम्बन्धी गाउँपालिकास्तरीय प्रतियोगिता सञ्चालन गरिने ।



CamScanner

३७. कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरूमा रहेको प्रतिभा पहिचान सम्बन्धी चित्र तथा हस्तकला एवम् विज्ञान, गणित तथा सामाजिक विषयबस्तुमा आधारित निर्देशनात्मक तथा स्वतन्त्र सामाग्री निर्माण सम्बन्धी गाउँपालिकास्तरीय प्रतियोगिता सञ्चालन गर्ने ।

३८. राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ को कार्यान्वयन गरिने ।

३९. आधारभूत तहको स्थानीय पाठ्यक्रमको परिमार्जन र विकास तथा प्रयोग गरिने ।

४०. संघीय मापदण्ड अनुसार यस गाँउपालिकाले आवश्यक समन्वय गरि विद्यालय नक्साङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरि विद्यालयहरूको पुनः वितरण तथा संयोजन गरिने ।

४१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयन गर्न आवश्यक कानुन तर्जुमा गरि स्रोत व्यवस्थापन मिलाइने ।

४२. यस गाउँपालिकाभित्रका आधारभूत तहमा उच्चतम् सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङकन गरि विद्यार्थीको थप सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापकप्रति र प्रधानाध्यापकलाई गाउँपालिकाप्रति जवाफदेही बनाइने ।

४३. सबै आधारभूत विद्यालयमा विशुद्ध खानेपानी, शौचालय, भौत्तिक सुविधा, बालमैत्री, समावेशी सुरक्षित सिकाइ वातावरण तयार गरिने ।

४४. सबै आधारभूत तहमा प्राथमिकता प्राप्त न्यूनतम आवश्यकता (PMECs) पूरा गराउन आवश्यक लगानीको प्रबन्ध गरिने ।

४५. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकास एवम् अभिभावक अभिमुखिकरण गरिने ।

४६. विद्यार्थीको पोषण तथा स्वास्थ्य सुधार गर्न विद्यालय दिवा खाजा कार्यक्रमको गुणस्तरीय निरन्तरता स्थानीय स्वास्थ्य इकाइसँगको समन्वयमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम संचालन गरिने ।

४७. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थ्यकर दिवा खाजाको व्यवस्थापनमा थप व्यवस्थित गर्न विद्यालय, अभिभावक, स्थानीय सरकार समेतको सहकार्यमा विद्यालय दिवा खाजा कार्यक्रम थप व्यवस्थित तथा नमूना बनाइने ।

४८. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ स्तर परीक्षण गरि जवाफदेहिता सुनिश्चित गरि सुधारका क्षेत्रहरू पहिचान गरिने ।

४९. आधारभुत तहमा शिक्षक तयारी, विकास एवम् सहायता प्रणालीको व्यवस्था गरिने ।

### ३.२.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरीय जनशक्तिको रुपमा माध्यमिक शिक्षामा शतप्रतिशत प्रवेश हुने ।

#### प्रमुख नतिजाहरू

१. सबै बालबालिकाहरूको आधारभूत शिक्षामा पहुँच हुने
२. आधारभूत तह पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि अनिवार्य हासिल गरेको हुने



CamScanner

## *प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू*

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | कक्षा १ देखि ५ सम्मका बालबालिकाहरूका लागि बालमैत्री बसाइका लागि बजेट व्यवस्थापन | विद्यालय | २ | २ | २ | ३ | ३ | १२ | गाँउपालिका |
| २ | कक्षा १ देखि ५ सम्मका बालबालिकाका लागि भाषिक पठनसीप विकासका लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामाग्रीहरू सहित छापामय कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | २ | ६ | गाँउपालिका |
| ३ | छापामय कक्षाकोठा व्यवस्थापन नभएका कक्षा १ देखी ३ सम्मका विद्यालयहरूलाई आवश्यक बजेट व्यवस्थापन गरि पूर्ण गरिने | विद्यालय | १ | १ | १ | १ | २ | ६ | गाँउपालिका |
| ४ | स्थापना भएका कक्षा पुस्तकालय तथा बुक कर्नरमा नियमित पढाइ तथा स्वयं सिकाइ एवम् गणितीय सीप विकास गर्ने सामाग्रीहरूलाई उचित व्यवस्थापन तथा प्रयोगमा अनिवार्यता र सो को अभिलेखिकरण | निरन्तर/ विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ | गाँउपालिका |
| ५ | प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापनका लागि प्रत्येक आधारभूत विद्यालयमा इन्टरनेट, कम्प्युटर लगायतको सुविधा तथा अभिवृद्धिका लागि बजेट व्यवस्थापन | विद्यालय र गाँउपालिका | १७ | ३ | २ | | | २२ | गाँउपालिका |
| ६ | कक्षा १ देखि ५ सम्मका बालबालिकाहरूको सिकाइ सहजीकरणका लागि आवश्यकताका आधारमा शैक्षिक सामाग्री व्यवस्थापन शिर्षकमा अनुदानको व्यवस्था | विद्यालय र गाँउपालिका | ५ | ६ | ८ | ३ | ६ | २८ | गाँउपालिका |
| ७ | कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूका लागि क्रमिक सिकाइ रणनीतिका आधारमा र कक्षा ४ र ५ का बालबालिकाका लागि निरन्तर विद्यार्थी मूल्याँकन सहित पठनसीपमा आधारित एवं कक्षा ६ देखि ८ सम्मका बालबालिकाका लागि प्रविधिमैत्री सिकाइ सञ्चालन | विद्यालय | ३ | २ | ७ | १० | ६ | २८ | गाँउपालिका |
| ८ | कक्षा १ देखि ५ सम्मका बालबालिकाका लागि पठन सीप विकासका लागि पालिकास्तरीय पढाइ मेला तथा प्रतियोगिता संचालनमा आवश्यक बजेट समेतको व्यवस्थापन | वार्षिक | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका, विद्यालय |



CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | पठन सीप सम्बन्धि अभिभावकहरूको जागरुक तथा सहयोग गर्ने आधारमा गाउँपालिका तथा विद्यालयस्तरीय अभिभावक सम्मान कार्यक्रम सञ्चालन गरिने | वार्षिक | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका, विद्यालय |
| १० | विद्यार्थी सिकाइ स्तरको पहिचानका लागि गाउँपालिका स्तरीय CB-EGRA संचालन र उत्कृष्ट विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम | वार्षिक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | प्रारम्भिक कक्षाका सबै बालबालिकाहरूको प्रारम्भिक पहिचान गरि सोही अनुसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन | विद्यालय | ३ | २ | १७ | ३ | ३ | २८ | गाँउपालिका |
| १२ | कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरू बीच उमेर समूहका आधारमा लेखन सीप सम्बन्धी पालिकास्तरीय प्रतियोगिता सञ्चालन | वार्षिक | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका, विद्यालय |
| १३ | कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरूमा रहेको प्रतिभा पहिचान सम्बन्धी चित्र तथा हस्तकला एवम् विज्ञान, गणित तथा सामाजिक विषयवस्तुमा आधारित निर्देशनात्मक तथा स्वतन्त्र सामाग्री निर्माण सम्बन्धी गाउँपालिका स्तरीय प्रतियोगिता सञ्चालन | वार्षिक | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका, विद्यालय |
| १४ | राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ को कार्यान्वयन | निरन्तर | २२ | २२ | २२ | २२ | २२ | ११० | गाँउपालिका, विद्यालय |
| १५ | आधारभूत तहको स्थानीय पाठयक्रमको परिमार्जन, विकास तथा प्रयोग (कक्षा १-३ को स्थानीय पाठ्यक्रम तैयार भइसकेको) | कक्षा | १-३ | ४-५ | ६-८ | ९-१० | ११-१२ | सबै कक्षाहरू | |
| १६ | संघीय मापदण्ड अनुसार यस गाँउपालिकाले आवश्यक समन्वय गरि विद्यालय नक्सांकन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरि विद्यालयहरूको पुन: वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका |
| १७ | अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन गर्न आवश्यक कानुन तर्जुमा गरि स्रोत व्यवस्थापन | दस्तावेज | | १ | | | १ | २ | गाँउपालिका |
| १८ | पालिकाभित्रका आधारभुत तहमा उच्चतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरि विद्यार्थीको थप सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई गाउँपालिकाप्रति जवाफदेही बनाइने | निरन्तर/ विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | गाँउपालिका |



CS CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | सबै आधारभूत विद्यालयमा बिशुद्ध खानेपानी, शौचालय, भौत्तिक सुविधा, बालमैत्री, समावेशी, सुरक्षित सिकाइ वातावरण तयार गरिने | निरन्तर | ३ | २ | १७ | ३ | ३ | २८ | गाँउपालिका |
| २० | सबै आधारभूत तहमा प्राथमिकता प्राप्त न्यूनतम आवश्यकता (PMEC) पूरा गराउन आवश्यक लगानीको प्रवन्ध गरिने | प्रतिशत | १० | २० | २० | २० | २० | ९० | गाँउपालिका |
| २१ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकास एवम् अभिभावक अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका |
| २२ | विद्यार्थीको पोषण तथा स्वास्थ्य सुधार गर्न विद्यालय दिवाखाजा कार्यक्रमको गुणस्तरीय निरन्तरता, स्थानीय स्वास्थ्य इकाइको समन्वयमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका |
| २३ | स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थ्यकर दिवा खाजाको व्यवस्थापनमा थप व्यवस्थित गर्न विद्यालय, अभिभावक, स्थानीय सरकार समेतको सहकार्यमा विद्यालय दिवा खाजा कार्यक्रम थप व्यवस्थित गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका |
| २४ | निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ स्तर परीक्षण गरि जवाफदेहिता सुनिश्चित गरि सुधारका क्षेत्रहरू पहिचान गरिने | दस्तावेज | | १ | | | १ | २ | गाँउपालिका |
| २५ | आधारभूत तहमा शिक्षक तयारी विकास एवम् सहायता प्रणालीको व्यवस्था गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका |
| २६ | आवधिक मूल्याङकन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका |
| २७ | कक्षागत र उमेरगत सिकाइ उपलब्धि न्यून भएका बालबालिकाको वैयक्तिक, शैक्षिक योजना बनाई उपचारात्मक शिक्षण गरिने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| २८ | फूलवारी सिकाइ नर्सरीको स्थापन | विद्यालय | ३ | २ | १७ | ६ | | २८ | विद्यालय र गाउँपालिका |



CamScanner

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । यसरी गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि संविधानले तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट मार्गनिर्देशन कोरेको छ । शिक्षा ऐन २०२८ ले कक्षा ९–१२ लाई माध्यमिक शिक्षाको रुपमा राखेको छ । चन्द्रनगर गाँउपालिकाको शिक्षा ऐन तथा नियमावलीले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति अख्तियार गरेको छ । विद्यालय शिक्षा अन्तर्गत कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षालाई साधारण, प्राविधिक तथा व्यवसायिक र परम्परागत गरि तीन प्रकारमा वर्गीकरण गरिएको छ । गुरुकुल, गोन्पा विहार, मदर्सा, मुन्धुम लगायतका परम्परागत शिक्षा पद्धतिलाई माध्यमिक शिक्षामा समेटिएको छ । माध्यमिक शिक्षाको पाठ्यक्रम संरचना एकलपथको हुने व्यवस्था छ । यस तहको मुख्य उद्देश्यमूलक र प्रदेशको आवश्यकता अनुरुप प्रारम्भिक स्तरको दक्ष जनशक्ति उत्पादन गर्नु रहेको छ ।

यस तहको १५ सिकाइ सक्षमताहरूमा मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह, दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक सीपको प्रयोग, प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरूको आदान प्रदान, व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वाध्ययन एवम् ज्ञान र सीपको खोजी गर्ने बानीको विकास, गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सीपको प्रयोग, व्यवहारिक गणितीय ज्ञान र सीपको बोध र प्रयोग, वैज्ञानिक ज्ञान, तथ्य, सिद्धान्त र प्रविधिको सम्मुचित प्रयोग, जीवनजगत र व्यवहारसँगको तादात्म्य बोध गरि जीवनोपयोगीको प्रयोग गर्दै समाज सापेक्ष व्यवहार प्रदर्शन, स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र सम्वर्द्धन तथा जनसंख्या व्यवस्थापनमा सक्रिय सहभागिता, प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन, वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सीपहरू हासिल गरि आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग, श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वास साथ तयारी, प्राविधिक ज्ञान, सीप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग तथा उच्च तहमा अध्ययनको आधार विकास गर्ने रहेका छन् ।

१५ औ योजनाले माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरि शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने कुरामा जोड दिएको छ भने शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्नु रहेको छ ।



CamScanner

### ३.३.२ वर्तमान अवस्था

संघिय संरचना अनुरुप तिनवटै सरकारः संघ, प्रदेश र स्थानीय तहवाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भएपनि माध्यमिक तहसम्मको शिक्षा मूलतः स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । शिक्षा क्षेत्रको विकास तथा व्यवस्थापनका लागि सोहिअनुसार शिक्षाका संरचनाहरू बन्ने क्रममा छन् । प्रत्येक स्थानीय तहमा शिक्षा व्यवस्थापनका लागि शिक्षा शाखा स्थापना गरि सोही शाखावाट शिक्षासँग सम्वन्धित सेवा प्रवाह गरिरहेको छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता अभिवृद्धिका लागि विद्यालय शिक्षामा इन्टरनेटको पहुँचमा प्रगति, सूचना तथा सञ्चार प्रविधि ।CT सुविधामा विस्तार, कम्प्यूटर तथा विज्ञान प्रयोगशालाको स्थापनामा जोड दिइरहेको अवस्था छ । विद्यालयको अनुगमन तथा सुपरिवेक्षण र शैक्षिक सहयोगको जिम्मा स्थानीय तहका कर्मचारीलाई दिएपनि प्रशासनिक कार्य बोझका कारण सायद शिक्षाको पेसागत सहयोग पर्याप्त देखिँदैन ।

चन्द्रनगर गाँउपालिका भित्र हाल कक्षा १-१० सम्म सञ्चालित १ वटा र कक्षा ११-१२ सम्म संचालित २ गरि जम्मा ३ वटा माध्यमिक विद्यालयहरू रहेका छन् । माध्यमिक तह (कक्षा ९-१०) को कुल भर्ना दर ९१.९ र खुद भर्नादर ६७.३ रहेको छ । माध्यमिक तहमा विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा कक्षा ९-१० मा ५९.५ प्रतिशत छात्रा र ४०.५ प्रतिशत छात्र भर्ना भएको अवस्था छ । यस तहमा खुद भर्नादरमा लैङ्गिक समता सूचक १.२ र शिक्षक विद्यार्थी अनुपात १००.६७ प्रतिशत रहेको छ । कक्षा १० को टिकाउ दर ४९.७, उत्तीर्ण दर ९६.१, कक्षा दोहोर्याउने दर १.६ र कक्षा छोड्ने दर २.३ प्रतिशत रहेको छ । यस गाउँपालिका भित्र माध्यमिक तह (कक्षा ९-१२) का सबै ८ शिक्षकहरु स्नातकोत्तर योग्यता पूरा गरेका छन् र शत प्रतिशत पुरुष रहेका छन् ।

### ३.३.३ अवसर र चुनौती

विद्यालयहरूको भौत्तिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरूको क्षमता वृद्धि गर्नु अति आवश्यक देखिन्छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पुर्ण शिक्षकहरूलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ। संविधानले माध्यमिक शिक्षा निःशुल्क भनेको भएतापनि हाल माध्यमिक तहको शिक्षा पुर्ण रुपमा निःशुल्क गर्न सकिएको छैन् । शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्र.अ.को लागि नेतृत्व विकास सम्बन्धी तालिमहरू सञ्चालन गरेको पाईदैन । विभिन्न ढंगले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन । सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझै लागु गर्नुपर्ने आवश्यकता छ । राम्रो नेतृत्व भएको प्रधानाध्यापकको विद्यालय व्यवस्थापन प्रभावकारी भएकोले प्रधानाध्यापकहरूको नेतृत्व विकास सम्बन्धी तालिमहरू सञ्चालन गर्नु अति आवश्यक छ । माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दि कम रहेको छ र विद्यालयहरूले निजी स्रोतबाट शिक्षकको व्यवस्थापन गर्नुपर्ने वाध्यता छ । उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरू देखिन्छ ।

१. निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्ने र पहुँच योग्य बनाउने ।
२. सबै किसिमका बालबालिकालाई समतामुलक पहुँच सुनिश्चित गर्ने ।
३. माध्यमिक तहमा प्राविधिक र व्यवसायिक शिक्षालाई व्यवस्थित गर्ने ।
४. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने ।
५. विषयगत दरबन्दिको व्यवस्था गरि विद्यालयमा सक्षम जनशक्तिको व्यवस्था गर्ने ।
६. सिकाइको गुणस्तर सुधार गरि विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने ।



CamScanner

७. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिलाई उत्थानशिल बनाउने ।
८. विद्यालय शिक्षालाई विविधता अनुकुल, समावेशी र समतामुलक बनाउने ।
९. भौगोलिक तथा आर्थिक रुपले विद्यालय छोड्ने बालबालिकाका लागि छात्रावासको निर्माण गर्ने ।
१०. माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपमा नि:शुल्क गर्ने
११. प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षाको विस्तार गर्ने
१२. कक्षा १० उत्तीर्ण गरेका विद्यार्थीहरूको कक्षा ११ मा भर्नादर बढाउने
१३. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरूको पहुँच विस्तार गर्ने
१४. सिकाइको गुणस्तर सुधार गरि सिकारुको सिकाइमा सुधार ल्याउने
१५. शिक्षकको पेसागत वृत्ति विकास गर्ने

### ३.३.४ उद्देश्यहरू

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि गुणस्तरमा सुधार गर्ने ।
२. १३ देखी १६ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई माध्यमिक शिक्षाको पहँचमा वृद्धी गर्ने ।
३. माध्यमिक तहको सिकाइ उपलब्धीमा वृद्धी गर्ने ।
४. कक्षा ९ मा भर्ना भएका सबै बालबालिकालाई कक्षा १२ सम्मको शिक्षा अनिवार्य रूपमा पूरा गराउने ।
५. निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीहरूलाई उच्च शिक्षामा प्रवेशका लागि तयारी गराउने ।

### ३.३.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ ।

१. जनसहभागिता सहितको भर्ना अभियानलाई प्रभावकारी बनाउँदै विद्यालय बाहिर बालबालिकाहरू नरहेको घोषणा कार्यक्रम सञ्चालन गरिने ।
२. जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरू तथा सिमान्तकृत समूहका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न त्यस्ता विद्यार्थीको पहिचान गरि सिकाइ सामग्री लगायतको सहयोग कार्यक्रम सञ्चालन गरिने ।
३. विद्यार्थीलाई टिकाइ राख्न खाजा कार्यक्रमलाई लागू तथा प्रभावकारी बनाइने ।
४. छात्रवृति कार्यक्रमलाई बर्षको १ पटक छात्रवृति वितरण दिवसका रुपमा मनाउँदै थप प्रभावकारी बनाइने ।
५. उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा दोहोर्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरूको संख्यालाई क्रमश: न्यूनिकरण गर्दै लगिने ।
६. बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीवीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिने ।
७. प्राथमिकताको आधारमा विद्यालयमा आवश्यक न्यूनत्तम भौतिक व्यवस्था, भवन, शौचालय, खानेपानीको व्यवस्था अन्य सरकारहरूसँग पनि समन्वय गर्दै गरिने ।
८. सामान्य मर्मत सम्भार गरि व्यवस्थापन गरिने भौतिक व्यवस्थापनको कार्यलाई स्थानीय समुदाय परिचालन गर्दै अगाडि बढाइने ।



CS CamScanner

९. भौतिक निर्माणको कार्यलाई आफ्नो विद्यालय आँफै बनाउ भन्ने नारा तय गर्दै लागत सहभागितालाई प्राथमिकता दिइने ।
१०. निर्माणात्मक मूल्याँकनको लागि मासिक टेस्ट लिंदै विद्यार्थीको सिकाइ अवस्थाको विश्लेषण सहितको समीक्षा बैठक सञ्चालन गरिने ।
११. शिक्षक विद्यार्थी मार्फत शैक्षिक सामग्रीको विकास तथा विस्तार गरिने ।
१२. शिक्षकलाई शिक्षण सुधार योजना पाठ नोट अनिवार्य गरिने ।
१३. विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई पहिलो सर्तका रुपमा शिक्षण कार्य अगाडि बढाइने ।
१४. लागत सहभागिताको आधारमा हरेक विद्यालयमा प्रविधि मार्फतको शिक्षण सिकाइलाई उच्च प्राथमिकता प्रदान गरिने ।
१५. शिक्षकले कक्षाकोठामा विताउने समय कार्याविधि कार्यान्वयनमा ल्याइने ।
१६. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने ।
१७. आवश्यकता अनुसार शिक्षक दरवन्दि पुनर्वितरण, समायोजन तथा थप गरिने ।

### ३.३.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

*उपलब्धि*

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हने ।

*नतिजा*

१. निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्नादर तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र कक्षा दोहोर्याउने दरमा कमि आउने ।
२. सबै माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक जनशक्ति तयार हुने ।
३. विद्यार्थीले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
४. सूचना तथा प्रविधिको प्रयोगमा अभ्यस्त भई निरन्तर रुपमा शिक्षण सिकाइ क्रियाकलापमा जोडिने ।
५. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरि योग्यता र क्षमतामा आधारित प्र.अ.को व्यवस्थापन
६. गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

*ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | जम्मा भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | १ | | | | | १ | गाउँपालिका |
| २ | विद्यालयमा नक्शाङ्कन, पुर्नवितरण तथा समायोजन | पटक | | १ | १ | | | २ | गाउँपालिका |
| ३ | शिक्षकहरूको योग्यताका मापदण्ड र दरबन्दिको पुनरावलोकन | संख्या | | | १ | | १ | २ | संघ, प्रदेश, गाउँपालिका |



CS CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालय बसको व्यवस्थापन तथा खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध गर्ने | संख्या | | | १ | | | १ | संघ, प्रदेश, गाउँपालिका |
| ५ | विद्यालयको शैक्षिक पुर्वाधार विकास | पटक | | १ | १ | १ | | ३ | संघ, प्रदेश, गाउँपालिका |
| ६ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | | १ | १ | १ | | ३ | संघ, प्रदेश, गाउँपालिका |
| ७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा क्षमता विकास | संख्या | | १ | १ | १ | | ३ | संघ, प्रदेश, गाउँपालिका |
| ८ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | संख्या | | १ | १ | १ | | ३ | गाउँपालिका |
| ९ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | १५ | १५ | १५ | १५ | १५ | ७५ | गाउँपालिका |
| १० | नयाँ पाठ्यक्रम अनुसार समय समयमा शिक्षकहरुको पेसागत विकास तालिम | | | | | | | | गाउँपालिका |
| ११ | विद्यालय समय बाहेक विद्यार्थीको आवश्यकता बमोजिम On-line शैक्षणिक परामर्श प्रदान गर्ने | | | | | | | | गाउँपालिका |

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तथा तालिम

### ३.४.१ परिचय

१३ देखि १६ बर्ष उमेर समूहका बालबालिकाहरूलाई लक्षित गरि संचालन हुने प्राविधिक तथा व्यवसायिक शिक्षाले लिङ्ग, अपाङ्गता, सीमान्तकृत समुदाय र दुर्गम क्षेत्रका विभिन्न कारणले शिक्षाको पहुँचबाट बन्चित समूहको समस्या समाधानमा जोड दिन्छ। लक्षित वर्ग, विशेष आवश्यकता भएका बालबालिकाको लागि प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच, सहभागिता वृद्धि गरि कामको संसारमा प्रवेश गर्न सक्ने बनाउन छात्रवृति, आवासको व्यवस्था गरिनेछ। प्राविधिक शिक्षाको माँगलाई सम्बोधन गर्न र सिकाइ वातावरण सृजना गर्न आवश्यक पूर्वाधार विकासमा जोड दिनुपर्दछ। यसका लागी लाग्ने लगानी संघीय सरकार, प्रदेश सरकार, आन्तरिक आय र लागत साझेदारीका आधारमा जुटाईनेछ। हरेक बर्ष CTEVT संचालन हुने/भएका मा.वि.मा ३९० घण्टाको सीपमुलक तालिमलाई बिस्तार गरि तालिम सम्बन्धि काम गर्ने अवसरको सृजना गर्ने खालको कार्यक्रम ल्याईनेछ।

### ३.४.२ वर्तमान अवस्था

यस गाउँपालिकामा मा.वि. संचालन भएको कुनैपनि विद्यालयमा CTEVT अन्तरगतको प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रम संचालन नरहेको अवस्था छ। तथापी गाउँपालिकाले आफ्नै आन्तरिक श्रोत तथा व्यवस्थापनबाट सिभिल इन्जिनियरिङ्ग र Information technology संकायमा प्राविधिक शिक्षा संचालन गरिरहेको छ। यसका साथै आगामी ५ वर्षभित्रमा ३ वटै माध्यमिक विद्यालयमा CTEVT अन्तर्गतको कृषि र जियोमेट्रिक्स, भेटेनरी र कम्प्युटर विषयको डिप्लोमा सम्मको पठनपाठन प्रारम्भ गर्ने योजना रहेको छ। संघीय सरकारले तर्जुमा गरेका नीति नियमको अधिनमा रही संचालन, व्यवस्थापन र रेखदेखका कार्य गरिनेछ।



CS CamScanner

### ३.४.३ उद्देश्य

१. प्राविधिक सीप आर्जन गरि कामको संसारमा प्रवेश गराउनु ।

### ३.४.४ रणनीति

१. प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि आवश्यक पूर्वाधारको विकास र बिस्तार गर्ने
२. गुणस्तर, पहुँच र सहभागीतामा वृद्धि गर्ने
३. सीपमुलक तालिमको बिस्तार गर्ने

### ३.४.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

*क) उपलब्धि*

१. प्राविधिक तथा व्यवसायिक शिक्षामा गुणस्तर, पहुँच र सहभागितामा वृद्धि हुने,
२. प्राविधिक ज्ञान र सीप बिस्तार हुने,
३. प्राविधिक तथा व्यवसायिक शिक्षाको पूर्वाधारको विकास हुने

*ख) नतिजा*

१. प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदायक संस्थाको वृद्धि,
२. प्राविधिक तथा व्यवसायिक शिक्षाको पूर्वाधारको विकास,
३. पहुँच, गुणस्तर र सहभागितामा वृद्धि

*ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्राविधिक शिक्षा धारको विद्यालय स्थापनाका लागि कार्यविधि निर्माण | दस्तावेज | १ | | | | | १ | गाउँपालिका |
| २ | प्राविधिक धारको शिक्षाको स्थापना/विस्तार | संख्या | | | १ | १ | १ | ३ | संघ, प्रदेश |
| ३ | शिक्षक भर्ना | जना | | ८ | ८ | ८ | | २४ | गाउँपालिका |
| ४ | कृषि प्रयोगशालाको निर्माण | ल्याब | | १ | | | | १ | गाउँपालिका |
| ५ | कम्प्यूटर ल्याबको स्थापना | ल्याब | | | २ | | | २ | गाउँपालिका |
| ६ | भेटेनरी ल्याब | ल्याब | | | | १ | | १ | गाउँपालिका |
| ७ | बजार माँगमा आधारित छोटो अवधीको सीप विकास तालिम संचालन | जना | ४० | ४० | ४० | ४० | ४० | २०० | गाउँपालिका |
| ८ | सिभिल ल्याब | ल्याब | १ | | | | | १ | गाउँपालिका |
| ९ | E-Library को स्थापन | लाइब्रेरी | | १ | | | | १ | गाउँपालिका |
| १० | Career counselling and interview preparation | निरन्तर | | | | | | | गाउँपालिका |

## ३.५ पाठ्यक्रम तथा मूल्याँकन

### ३.५.१ परिचय

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरू समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो । मानव जीवनका व्यवहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरू, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालबालिकाका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहना अनुरुप परिवर्तन भइरहन्छ । निर्धारित सिकाइ उपलब्धिहरू प्राप्तिका लागि विद्यार्थीहरूलाई विभिन्न अनुभवहरू हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । अझ औपचारिक शिक्षा पद्धतिमा पाठ्यक्रमद्धारा निर्देशित ज्ञान, सीप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सञ्चालित हुनु पर्दछ । पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो । पाठ्यक्रमको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकूल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेशा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ । फेरी पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिक रुप सहित आत्मसात गर्न, विभेदरहित, समतामूलक र समावेशी दृष्टिकोण अनुरुप व्यवहार गर्न, आफ्नो र अरुको अधिकार र कर्तव्य प्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढंङ्गबाट सोच्ने र निर्णय गर्न सहयोग गर्नुपर्छ । यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणलीलाई मार्गदर्शन गर्ने आधार भएकोले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढंङ्गले हुनुपर्दछ । मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सीप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशिल र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो । यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ । समयसापेक्ष हुनुपर्छ । जनचाहाना पूरा गर्न सक्नुपर्दछ । कक्षाकोठाको वातावरण अनुकूल हुनुपर्छ । व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ । पाठ्यक्रम समावेशी हुनुपर्छ । यसले सबैको चाहना प्रतिविम्वन गर्न सक्नुपर्छ । स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ । पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो ।



CamScanner

पाठ्यक्रम विकास तथा सुधारका लागि विभिन्न नीतिगत व्यवस्थाहरू रहेका छन् । जसमध्ये राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ पनि एक हो । जसले विद्यालय तहको पाठ्यक्रममा विभिन्न कुराहरूलाई जोड दिंदै आएको छ । जस्तै कक्षा १-३ मा अन्तरसम्बन्धित एकीकृत गरिएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, ज्ञान तथा सीपमा आधारित स्थानीय पाठ्यक्रम, अनिवार्य र ऐच्छिक विषयहरू समावेश भएको माध्यमिक शिक्षा, प्राविधिक धारको शिक्षा । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को प्रभावकारी कार्यान्वयनका चुनौती तथा जोड दिनुपर्ने क्षेत्रहरूमा शिक्षक तयारी, क्षमता विकासका अवसर, उत्प्रेरणा र जवाफदेहिता, स्थानीय तहमा पाठ्यक्रम विकास गर्ने र कार्यान्वयन गर्ने विद्यालयहरूको क्षमता विकास, शिक्षक सहायता प्रणालीको विकास आदि रहेका छन् ।

त्यसैगरि स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन पनि एक महत्वपूर्ण क्षेत्र रहेको छ । जसमा पाठ्यक्रम स्थानीयकरणको नीतिगत व्यवस्थामा पूर्वीय दर्शनमा आधारित शिक्षा, मातृभाषा तथा स्थानीय भाषा, मौलिक एवं स्थानीय ज्ञान, सीप तथा प्रविधिको उच्चतम प्रयोग हुने अपेक्षा गरिएको छ । त्यसैगरि मूल्याङ्कन पद्धतिका रुपमा कक्षाकोठामा आधारित मूल्याङ्कन, आवधिक परीक्षा, आवधिक मूल्याङ्कन NARN, NASA रहेका छन् भने हाल सिकाइका लागि मूल्याँकनको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता रहेको छ । साथै सन्दर्भ सामग्रीहरूमा विद्यार्थीहरूको पहुँच वृद्धिको लागि गरिएको व्यवस्था जस्तै विद्युतीय प्रति CEHRD को अनलाइन पोर्टलमा राखिएको, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका जिल्लामा कक्षा १-३ का लागि दिइएका सामाग्री आदि रहेको छ ।

### ३.५.२ वर्तमान अवस्था

नेपालमा वि.सं.२०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको स्थापनासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रुपमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ तयार गरि सोहिअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु गरियो । यसै क्रममा वि.सं. २०७६ मा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरि कार्यान्वयन गर्ने क्रममा वि.सं. २०७७ मा कक्षा १ र ११ मा कार्यान्वयन गरि वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू (कक्षा १–१२) मा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुपको पाठ्यक्रममा कतिपय नयाँ विषय क्षेत्र तथा विषयवस्तु समावेश, वर्तमान परिवेशमा उपयोगी नभएका विषय तथा विषयवस्तुलाई परिमार्जन तथा प्रतिस्थापन र शिक्षण सिकाइका विकसित तथा नविनतम दृष्टिकोण, विधि तथा तरिकाहरूको पहिचान गरिएको छ । यस प्रारुप अनुरुपका पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १–३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरि सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरि कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक



CamScanner

कार्य लगायतका व्यवहारिक अभ्यास गराउनुपर्ने व्यवस्था छ । त्यसैगरि यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरि आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरि सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयागी तथा व्यवहारकुशल सीपका रुपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रुपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रुपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरि प्रयोग गर्ने नीति लिएको छ । पाठ्यक्रममा नागरिकलाई शिक्षा दिने, विद्यालय तह पुरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरि माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरिएको छ । विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएको छ भने विषयवस्तु तथा सिकाइ क्रियाकलापको भार पाठ्यघण्टामा निर्धारण गरिएको छ । विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धतिमा व्याख्या गर्ने व्यवस्था गरिएको छ ।

चन्द्रनगर गाँउपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदित्तै छ । शैक्षिक सत्र २०७९ मा यस चन्द्रनगर गाउँपालिकाले आधारभूत तह (कक्षा १-३) को स्थानीय विषयको पाठ्यक्रम निर्माण गरि परीक्षणको तयारीमा रहेको छ भने आधारभूत तह (कक्षा ४-५ र कक्षा ६-८) को स्थानीय विषयको पाठ्यक्रम निर्माणका लागि अन्तिम तयारीमा जुटिरहेको छ । स्थानीय विषयले यस गाउँपालिकाको समग्रता झल्काउन मद्यत पुर्याई बालबालिकाहरूलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुर्याउँछ । स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरि सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरि कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । त्यसैगरि यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरि आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरि सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरि प्रयोग गर्ने नीति लिएको छ ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उद्दार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन प्रणाली अपनाइएको छ । आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ । आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ । कक्षा ८ को वार्षिक परीक्षा गाउँपालिका स्तरमा हुनेछ । कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ ।



CamScanner

### ३.५.३ अवसर तथा चुनौतीहरू

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७८ तथा सो अनुरुप विकास गरिएका पाठ्यक्रमका उल्लिखित परिवर्तन तथा सुधारको प्रभावकारी कार्यान्वयनका लागि थप शिक्षकको तयारी, क्षमता विकासको अवसर, उत्प्रेरणा तथा जवाफदेहिता ज्यादै महत्वपूर्ण छ भने शिक्षक सहायता प्रणालीको स्थापना, स्थानीय तहका सरकार तथा पाठ्यक्रम विकास गर्ने निकाय र कार्यान्वयन गर्ने विद्यालय सबैको क्षमता तथा जवाफदेहितामा सुधार आवश्यक छ । समस्त पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य पाठ्यसामाग्रीलाई सान्दर्भिक तथा उपयोगी बनाउन र कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरि यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ ।

शिक्षक सेवामा प्रवेशका लागि तालिमको अनिवार्यता र सेवामा प्रवेश गरिसकेपछि पनि निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने प्रावधानबाट शिक्षण सिकाइमा सुधारको प्रयास गरिएको छ । तापनि पाठ्यक्रमको परिवर्तित सन्दर्भमा शिक्षण सिकाइ कार्यको प्रभावकारिता तथा शिक्षकको तयारी, विकास, कार्यकुशलता र उत्प्रेरणामा सुधारको आवश्यकता देखिन्छ । त्रैमासिक, अर्धवार्षिक, वार्षिक लिखित प्रकारका औपचारिक मूल्याङकनमा क्रमशः सुधार गरि आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र वाहृय मूल्याङ्कनको व्यवस्था, केहि कक्षाका केहि विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षराङ्कन पद्धति अनुसार नतिजा निकाल्ने परीपाटीको सुरुवात गरि परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास सुरु गरिएको छ । तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्राप्त गरि सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारी रुपमा प्रयोग गर्ने र परिक्षण लगायत मूल्याङ्कनका साधन तथा विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ । त्यसै गरि शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट नै कक्षा ५, ८ र १० मा विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि परीक्षण सम्बन्धी कार्य चरणबद्ध रुपमा भइरहेको सन्दर्भमा यसलाई थप प्रभावकारी बनाउने र यसका नतिजालाई शिक्षाका नीति तथा कार्यक्रम सुधार गर्ने आधारका रुपमा प्रयोग गर्ने पद्धतिको विकास आवश्यक छ । समग्रमा अपेक्षित उच्चकोटीको तथा प्रयोगमूखी सिकाइलाई सघाउ पुर्याउनको लागि मूल्याङ्कन प्रारुपको विकास तथा कार्यान्वयन गर्नुपर्ने छ । विद्यालयमा आधारित मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउन सकिएको छैन् ।

पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा विद्यालय तहको पाठ्यक्रम विकास गरेसँगै पाठ्यसामाग्रीको पनि विकास गर्न आवश्यक ठहर गरि केहि वर्षदेखि कक्षा १-३ मा प्रारम्भ गरि कक्षा १-५ सम्म पुऱ्याइएको रङ्गीन पाठ्यपुस्तक छपाइ गर्ने कार्य २०७६ देखि कक्षा ८ सम्म पुगेको छ । पाठ्यपुस्तक छपाइका लागि प्रयोग गरिने कागजको गुणस्तरमा सुधार गरिएको भएपनि पुस्तक डिजाईन र मुद्रणमा सुधार आवश्यक देखिन्छ । त्यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले विद्यालय तहमा बहुपाठ्यपुस्तक लागु गरिने नीतिगत व्यवस्था गरिएपनि हालसम्म यसको कार्यान्वयन भएको छैन् । निजी क्षेत्रका प्रकाशकद्धारा प्रकाशित पुस्तकहरूमा पनि प्रतिस्पर्धात्मक रुपमा पुस्तक मूल्याङ्कन नहुनु र मूल्याङ्कन औपचारिक मात्र भई सबैलाई सूचिकृत गरिनुले कतिपय ज्यादै कमजोर गुणस्तर र विद्यार्थीको स्तरसँग नमिल्ने पुस्तकहरू पनि प्रयोग हुनसक्ने देखिन्छ । यसका अतिरिक्त पाठ्यक्रम विकास केन्द्रले कक्षा १-५ का विभिन्न २७ मातृभाषाका पाठ्यपुस्तकहरू तयार गरेको छ भने केहि मातृभाषामा कक्षा १-३ का लागि अन्य विषयका पाठ्यपुस्तकहरू पनि तयार गरेको छ । सबै स्थानीय तहलाई पनि आफ्नो समुदायको आवश्यकता अनुसार मातृभाषा छनोट गरि पठनपाठन गर्न खुल्ला गरिएकाले यस चन्द्रनगर गाउँपालिकाले पनि भाषा छनोट गरि पाठ्यक्रम निर्माण गर्ने योजना बनाएको छ । एकातिर सिमित स्रोत तथा जनशक्तिका कारण मातृभाषाका सामाग्री विकासमा चुनौति रहेको छ भने अर्कातिर



CamScanner

मातृभाषाका पाठ्यसामाग्री प्रयोग गर्ने कार्यमा कतिपय विद्यालय तथा समुदायलाई उत्साहित गर्न पनि सकिएको छैन् । यसका साथै आवश्यक विज्ञ तथा दक्ष जनशक्ति पनि परिचालन गर्न सकिएको छैन् ।

विद्यालय क्षेत्र विकास योजनाले राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरि प्रारम्भिक कक्षाहरूमा एकीकृत ढाँचासहित विद्यालय तहको पाठ्यक्रम सुधार तथा परिमार्जन गर्ने, गणित, विज्ञान तथा अंग्रेजी विषयमा केहि डिजिटल सामाग्री तयार गर्ने, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका परिमार्जन गर्ने, विद्यालय तहको शिक्षण सिकाइमा माध्यम भाषा सम्बन्धी नीतिगत स्पष्टता गर्ने, प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि आवश्यक सिकाइ सामाग्री विकास जस्ता कार्यक्रमहरू समावेश गरिए अनुसार लक्षित कार्यक्रम सम्पन्न भएका छन् ।

- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्नु ।
- प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्नु ।
- स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउनु ।
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्नु ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तहको अर्थपूर्ण सहभागिता गर्नु ।
- अपाङ्गतामैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग गर्नु ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्नु ।

### ३.५.४ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरि सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
२. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध चन्द्रनगर निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ।
३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।

### ३.५.५ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई समृद्ध चन्द्रनगर निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने ।
२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरि जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरि परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिताका आधारमा निरन्तरता प्रदान गरिने ।
३. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरि विपद, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखि नै बालबालिकालाई सक्षम बनाईदै लगिने ।
४. विपद, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमा जोड दिइने ।



CamScanner

५. प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाई प्राथमिकता दिइने ।
६. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामाग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामाग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने ।
७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरिने ।
८. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिकास्तरीय बनाइ सुधार गरिने ।
९. कोभिड १९ जस्तै अन्य प्रकारका विपत्तीका वखतमा पढाइ निरन्तरताका लागि कक्षा १ देखी ३ सम्म तथा माथिल्ला कक्षाहरूमा पनि गृह विद्यालय कार्यक्रम सञ्चालन गर्ने ।
१०. विद्यालयमा त्रैमासिक, अर्द्धवार्षिक र वार्षिक परीक्षा समेतलाई अनिवार्य गरिने ।

### ३.५.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

१. विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

#### ख) नतिजा

१. स्थानीय पाठ्यक्रम २०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने ।
२. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १-५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरि सिकाइ सहजीकरण हुने ।
३. शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने ।
४. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने ।
५. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने ।
६. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सञ्चियका फाइल खडा भएको हुने ।

#### ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | **स्थानीय पाठ्यक्रम कार्यान्वयन** | | | | | | | | |
| | स्थानीय पाठ्यक्रम निर्माण | कक्षा | | ४-५ | ६-८ | ९-१० | ११-१२ | | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम परीक्षण | कक्षा | १-३ | ४-५ | ६-८ | | ९-१२ | | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम कार्यान्वयन | कक्षा | १-३ | १-५ | ६-८ | | | | गाउँपालिका |



CS CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | कक्षा | १-३ | १-५ | ६-८ | | | | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | कक्षा | १-३ | १-५ | ६-८ | | | | गाउँपालिका |
| २ | **विद्यार्थी मूल्याङ्कन** | | | | | | | | |
| | नमुना साधन विकास | कक्षा | १-३ | ४-५ | | ६-८ | ९-१२ | | गाउँपालिका |
| | कार्य सञ्चयिका फाइलको प्रयोग | कक्षा/ विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | | विद्यालय |
| ३ | **मातृभाषा वा स्थानीय भाषा** | | | | | | | | |
| | स्थानीय पाठ्यक्रमलाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | संख्या | | | १ | | १ | २ | गाउँपालिका |
| | सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | कक्षा/ विषय | | | | | १-५ | | गाउँपालिका |
| ४ | **सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री** | प्रतिशत | ५ | ६ | ७ | १० | १५ | ७० | संघ |
| ५ | **कक्षाकोठामा आधारित मूल्याङ्कन (सिबिएग्रा)** | निरन्तर | | १ | १ | १ | १ | ९ | गाउँपालिका |



CS CamScanner

## ३.६ शिक्षक व्यवस्थापन र विकास

### ३.६.१ परिचय

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरूबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरूमा आवश्यकीय सक्षमताहरू सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, विद्यार्थी मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन गर्न सहज तरिकाले कार्य संयोजन तथा सम्पादन गर्न सक्नुपर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेह हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्वको प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्द्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई मर्यादित, गौरवमय र रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने, औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस चन्द्रनगर गाँउपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य-मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ३.६.२ वर्तमान अवस्था

#### शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेशालाई मर्यादित, गौरवमय र रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यस पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनुपर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ । नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको



CS CamScanner

अवस्था छ । शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ ।

**शिक्षक तयारी**

नेपालमा विश्वविद्यालयले सञ्चालन गर्दै आएका शिक्षाशास्त्र संकाय अन्तरगतका स्नातक तथा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमलाई नै शिक्षक तयारी कार्यक्रम/प्राज्ञिक योग्यता र व्यवसायिक योग्यता दुवै मानिने गरिएको छ। यस प्रकारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने प्रमुख विश्वविद्यालयको रूपमा त्रिभुवन विश्वविद्यालय रहेको कुरा विभिन्न शैक्षिक तथ्याङ्ले देखाएका छन । यसका अलावा कक्षा ११ र १२ सञ्चालन रहेका विद्यालयहरूले समेत शिक्षक तयारीको कार्य गर्दै आइरहेकोमा परिवर्तित पाठ्यक्रम संरचना अनुसार भविष्यमा कक्षा १२ उत्तीर्ण गरे पश्चात थप शैक्षिक तालिम प्राप्त गरेपछि मात्र शिक्षक बन्ने योग्यता पुरा हुने अवस्था आउने छ ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम बि.एड. वा एम.एड. गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । विश्वका विभिन्न मुलुकको अभ्यासलाई हेर्दा मुलुकमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारीका छुट्टै कार्यक्रममा सहभागी भई सो पूरा गरेपछि मात्र शिक्षकका लागि योग्य मान्ने प्रचलन पनि रहेका छन् । शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा नियमावली २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्न माध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरि १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमतिपत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षाशास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरि एकवर्षे बि.एड.गरि अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । त्यसैगरि माध्यमिक तह कक्षा ११ र १२ मा अध्यापन गर्नको लागि स्नातकोत्तर तह उत्तीर्ण गरि अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन शिक्षक सेवा आयोगले गर्दै आएको छ ।

पन्ध्रौं योजनाले शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको भएपनि यो कार्य हालसम्म हुन सकेको छैन् । राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्ययन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरि सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गरिने उल्लेख गरेको छ। यही मापदण्डका आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरू बीचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्स विकास गरि कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ । यसैगरि विद्यालय तहको पाठ्यक्रम र विषयहरू हेरेर प्रवेश परीक्षा सञ्चालन गरि छनौट भएका विद्यार्थीलाई मात्र विश्वविद्यालयमा शिक्षक शिक्षा कार्यक्रममा भर्ना लिने व्यवस्था गर्नु उपयुक्त हुन्छ । विश्वविद्यालयका शिक्षक तथा शिक्षा कार्यक्रम एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षण सम्बन्धी व्यवहारिक कुशलताको कमी रहेको देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धी विषय अध्ययन गर्नुपर्ने भएकाले दुबै पक्षमा पर्याप्त सिकाइ हुनसक्ने अवस्था छ ।



CamScanner

देश संघीय प्रणालीमा गएसँगै विद्यालय तहको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा समावेश गरिएको छ । यस परिप्रेक्ष्यमा अब स्थानीय तहले शिक्षक तयारीमा योजनाबद्ध कार्यक्रम लागु गर्नु अपरिहार्य देखिन्छ ।

## शिक्षक पेसागत सहयोग पद्धति

नेपालमा सर्वप्रथम वि.सं. १९९८ सालमा चिफ इन्सपेक्टर स्कूलको स्थापनासँगै शिक्षक पेसागत सहयोग पद्धतिको शुरुवात भएको देखिन्छ । राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो । ग्रामीण विकासका लागि सेती परियोजना (१९८१-१९९१) र सो पश्चात नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए । प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-दोस्रो (२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन् १९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन् १९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन् २००२-२००९), विद्यालय क्षेत्र सुधार योजना (२०६७/०६८-२०७२/०७३), विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-२०७७/०७८) हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना (२०७८/०७९-२०८७/०८८) ले समेत शिक्षकको पेसागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमश: तिनको संख्या बिस्तार गरि १०९१ स्रोत केन्द्रहरू तोकेकोमा १०५३ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेसागत सहयोग प्रदान हुँदै आएको थियो । शिक्षक पेसागत सहयोग स्रोतकेन्द्र १०५३, अगुवा स्रोत केन्द्र ४६ र "क" शैक्षिक तालिम केन्द्रहरू ९, "ख" शैक्षिक तालिम केन्द्रहरू २० र उपकेन्द्र ५ बाट विद्यालय सुपरिवेक्षण, शिक्षकको कार्यको अनुगमन, तालिमको फलोअप, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान, नियमित प्रधानाध्यापक बैठक, शिक्षक अन्तर्क्रिया कार्यशाला, छोटो अवधिको माँगमा आधारित आदि तालिम सञ्चालन हुँदै आएका थिए ।

पालिकास्तरमा विद्यालय सुपरीवेक्षण तथा शिक्षकहरूको पेसागत विकासमा सहयोग गर्न निश्चित कार्यविधि बनाई सुपरीवेक्षकको व्यवस्था गरि नियमित सुपरीवेक्षण र आवश्यकताको आधारमा शिक्षकहरूको पेसागत विकासका लागि तालिम, सेमिनार, गोष्ठी, अनुभव आदानप्रदान, विज्ञ शिक्षकबाट प्रशिक्षण, विषयगत शिक्षक भेला, छलफल र अन्तरक्रिया गर्नुपर्ने दखिन्छ । शिक्षकहरूलाई सुचना तथा सञ्चार प्रविधि ICT का साधनहरूको शिक्षामा प्रयोग सम्वन्धमा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरि थप दक्षता प्रदान गर्नुपर्ने देखिन्छ । शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीहरूको सिकाइ उपलब्धिसँग आवद्ध गरि मुल्याङ्कन गरिनु पर्ने देखिन्छ । शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, परियोजनामा आधारित, समुह कार्यमा आधारित, सुचना तथा सञ्चार प्रविधिसँग परिचित भई कक्षा शिक्षणमा उपयोग गरि प्रविधिमैत्री वातावरण तयारमा जोड दिनुपर्ने दखिन्छ । यसबाट शिक्षण पेशा मर्यादित, सम्मानित र पहिलो रोजाइको पेशाको रुपमा विकास भई यस पेशामा आकर्षण बढाउन सकिन्छ ।



CamScanner

**शिक्षक क्षमता विकास कार्यक्रम**

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूण हुनुपर्छ । शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ । स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि शिक्षक तथा कर्मचारीहरूको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ । प्रमाणीकरण तालिम, पुर्नताजगी तालिम, अनुभव आदान प्रदान कार्यक्रम, स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम, स्वप्रयत्नमा आधारित सिकाइ आदि । पेसागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ । यसका निम्ति शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेसागत विकास सम्भव हुन्छ । नेपालमा शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन भएका थिए । शिक्षकको क्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं.२०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो ।

**शिक्षक उत्तरदायित्व**

शिक्षण सिकाइ प्रक्रियामा शिक्षकको महत्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित र मर्यादित व्यक्ति हो । असल शिक्षकको सहायताबाट शिक्षाका उद्देश्य पूरा हुन सक्छ । शिक्षकका आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बन्न सक्नुपर्दछ । शिक्षकमा समाजको मार्गदर्शक, उपदेशक, अनुकरणीय एवम् उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आदर्श गुणहरू हुनुपर्दछ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध हुनुपर्छ ।

शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ । शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्यार्थीहरूको सिकाइ तथा कार्य सम्पादनप्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ । विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने र त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापकप्रति पनि उत्तरदायी हुनुपर्छ ।

शिक्षकहरूलाई शिक्षण पेशाप्रति उत्तरदायी बनाउन कार्य सम्पादनको मूल्याङ्कन तथा विद्यार्थीको सिकाइ उपलब्धिको सूचकको आधारमा प्रोत्साहन, उचित पुरस्कार र दण्डको व्यवस्था गरि शिक्षकहरूको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ । केही शिक्षकहरू शिक्षाको गुणस्तर प्रवर्द्धन तथा पेसागत विकासलाई भन्दा अन्य कुराहरूलाई जोड दिएको पाइन्छ । समग्रमा हेर्ने हो भने यहाँको शैक्षिकस्तर न्युन रहेको देखिन्छ यसलाई माथि उकास्न थुप्रै चुनौतीहरूको सामना गर्नुपर्ने देखिन्छ ।

**शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूचीमा व्यवस्था गरिएको छ । पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा



CamScanner

६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ ।

यस गाउँपालिकाको सामुदायिक तर्फ, आधारभूत तह (१-५) मा ४९ जना, आधारभूत तह (६-८) मा १० जना, माध्यमिक तह (९-१०) मा ६ जना र माध्यमिक तह (११-१२) मा २ जना गरि जम्मा ६७ जना शिक्षकहरू कार्यरत रहेका छन । यसैगरि १३ जना बाल विकास सहयोगी कार्यकर्ता रहेका छन् । समग्रमा हेर्दा आधारभूत तहमा ८८.०६ प्रतिशत शिक्षक छन् भने माध्यमिक तहमा ११.९४ प्रतिशत मात्र रहेका छन् । शिक्षकको जम्मा संख्यामा पनि कुलमा ५९.७ प्रतिशत स्थायी, ८.९६ प्रतिशत अस्थायी, २८.३६ प्रतिशत राहत र २.९९ प्रतिशत लियन शिक्षकहरू रहेका छन् । लैङ्गिक रुपमा आधारभूत तहमा १७.९१ प्रतिशत र माध्यमिक तहमा ०.० प्रतिशत महिला शिक्षकहरू रहेका छन् । यस गाँउपालिकाको शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गर्ने हो भने आधारभूत तह (कक्षा १-५) मा प्रति शिक्षक ८४.१४ जना आधारभूत तह (कक्षा ६-८) मा प्रति शिक्षक ११५.३० जना विद्यार्थी रहेका छन् भने माध्यमिक तह (कक्षा ९-१०) मा १००.६७ जना, माध्यमिक तह (कक्षा ११-१२) मा १२७ जना र समग्रमा ९९.३१ जना रहेका छन् । बालविकास केन्द्रमा प्रति शिक्षक ४० जना विद्यार्थी रहेको छ ।

### ३.६.३ अवसर तथा चुनौतीहरू

१. विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरि विश्वविद्यालयका शिक्षक तयारी कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरूलाई सामायोजन गर्नु ।
२. सक्षम शिक्षक आपूर्तिका लागि विश्वविद्यालयमा शिक्षा संकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्याँकन प्रक्रिया सुधार गरि व्यवस्थित बनाउनु ।
३. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु ।
४. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु ।
५. शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु ।
६. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु ।
७. शिक्षकको पेसागत विकासको अवसर र विस्तार गर्न ।
८. तहगत रुपमा परीक्षा सञ्चालन गरि अग्रिम रुपमा स्वयम्सेवक सूची प्रकाशन गर्नु ।
९. अभिभावक शिक्षा समानान्तर रुपमा लागू गर्नु ।

### ३.६.४ उद्देश्य

यस गाउँपालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् :

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुर्याउनु ।
२. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु ।
३. सबै तहमा योग्य, दक्ष तथा क्षमतावान शिक्षकहरूको प्रबन्ध गर्नु ।
४. गाउँपालिका अन्तर्गत स्वयमसेवक शिक्षकको छनोट गर्नु ।
५. संख्यात्मक र गुणात्मक रुपमा शिक्षाको स्तर माथि उकास्नु ।

### ३.६.५ रणनीतिहरू

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने ।
२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन गरिने ।



CamScanner

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी तालिम सञ्चालन गरिने ।
४. शिक्षक पेसागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिने ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने ।
६. गाउँपालिका अन्तर्गत स्वयम्सेवक शिक्षकको करार सूची प्रकाशन गरिने ।
७. ५ वर्षे सेवा निरन्तरता सम्झौता गरि क्षमतावान तथा मेधावी शिक्षकलाई एम.फिल.वा विद्यावारिधिका लागि छात्रवृत्ति सहित अनुसन्धानको अवसर दिइने ।
८. शिक्षा सेवा आयोगको प्रतिक्षा सूची र अस्थायी शिक्षकमा सफल उम्मेदवारलाई स्वयम्सेवक शिक्षक भर्नामा प्राथमिकता दिइने ।

### ३.६.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

*क) उपलब्धि*

१. प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने ।

*ख) नतिजा*

१. गाउँपालिका अन्तर्गत स्वयम्सेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई १ वर्षे करार सूची प्रकाशन गरिनेछ ।
२. शिक्षण पेशा प्रतिष्पर्धी र सम्मानित हुनेछ ।
३. स्थानीय तहबाट शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने ।
४. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन तथा आपूर्ति हुने ।
५. क्षमतावान तथा मेधावी शिक्षकले एम.फिल. वा विद्यावारिधिका अवसर पाएका हुने ।

*ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | **शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति** | | | | | | | | |
| | स्वयमसेवक बाल विकास शिक्षक भर्ना | संख्या | | ११ | | | | ११ | गाउँपालिका |
| | स्वयमसेवक शिक्षक भर्ना | संख्या | २२ | | | | | २२ | गाउँपालिका |
| | गाउँपालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | **शिक्षक तयारी** | | | | | | | | |
| | नया नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | १ | | | | | १ | संघ/प्रदेश/गाउँपालिका |
| ३ | **शिक्षण सिकाइ क्रियाकलाप** | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | | १ | | | | १ | गाउँपालिका |
| | उपचारात्मक शिक्षण पद्धति | निरन्तर | | | | | | ० | विद्यालय |
| | एक विद्यालय एक पुस्तकालय | संख्या | | १ | १ | १ | २ | ५ | संघ/प्रदेश/गाउँपालिका |
| | एक विद्यालय एक आइ.सि.टी ल्याव | संख्या | | १ | १ | १ | २ | ५ | संघ/प्रदेश/गाउँपालिका |
| | शिक्षक पेसागत सहयोग पद्धति | निरन्तर | | | | | | ० | संघ/प्रदेश/गाउँपालिका |
| | शिक्षक पेसागत सहयोग मार्गदर्शन विकास गर्ने | दस्तावेज | | १ | | | | १ | गाउँपालिका |
| | पेसागत शैक्षिक अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ४ | **शिक्षक क्षमता विकास कार्यक्रम** | | | | | | | | |
| | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | | १ | | १ | | २ | गाउँपालिका |
| | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | संख्या | ४ | ४ | ५ | ४ | ५ | २२ | शिक्षा तालिम केन्द्र |
| ५ | **शिक्षक उत्तरदायित्व** | | | | | | | | |
| | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | २८ | | | | | २८ | गाउँपालिका |
| | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने | संख्या | | १ | १ | १ | २ | ५ | गाउँपालिका |
| ६ | **शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्याको आधारमा दरबन्दी व्यवस्थापन गर्ने** | पटक | १ | | | | १ | २ | संघ/प्रदेश/गाउँपालिका |



CamScanner

## ३.७ अनौपचारिक शिक्षा, खुला सिकाइ, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइ

### ३.७.१ परिचय

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो । सिकाइ कोक्रोदेखि मृत्युपर्यन्तसम्म चलिरहने प्रक्रिया हो । विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ । समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन् । समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरूमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फूटन गर्दै उनीहरूको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ । औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन । अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरिमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो । गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन् । जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भएपनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो ।

औपचारिक शिक्षा प्रणाली भन्दा बाहिर वा अन्य तरिकाबाट प्राप्त हुने शिक्षालाई अनौपचारिक शिक्षा भनिन्छ । वास्तवमा अनौपचारिक शिक्षा औपचारिक शिक्षाको पुरकको रुपमा जन्मिएको पाइन्छ । त्यसैले कतिपय लेखकले अनौपचारिक शिक्षालाई मानवको आदीम इतिहाससँगै जन्मेको समेत बताएका छन् । धेरैजसोले अनौपचारिक शिक्षालाई सन् १९१९ मा ए.एल. स्मिथद्वारा प्रौढ शिक्षाको शुत्रपात भएपछि यसको विकासमा महत्वपूर्ण योगदान पुगेको कुरा उल्लेख गरेका छन् । त्यस्तै संयुक्त राष्ट्र संघको युनेस्को मार्फत सन् १९४६ देखि निरक्षरताको विरुद्ध साक्षरता अभियानको कदम तथा सन् १९४९ मा डेनमार्कको सल्सीनोर भन्ने ठाउँमा सर्वप्रथम प्रौढ शिक्षाको बारेमा सम्मेलन भयो र सो समयपछि प्रौढ साक्षरताले विशेष महत्व पायो । सन् १९६० क्यानाडाको मन्ट्रियर भन्ने ठाउँमा विश्वका ५१ राष्ट्रले भाग लिएको प्रौढ शिक्षा सम्बन्धी सम्मेलनले प्रौढहरूलाई व्यवहारिक र व्यवसायीक शिक्षा दिनुपर्ने कुरा उल्लेख गर्दै सन् १९६१ मा संयुक्त राष्ट्र संघको महासभामा साक्षरता सम्बन्धी एक मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गर्यो । सन् १९६६ मा ८७ राष्ट्र सम्मिलित मन्त्रीस्तरीय सम्मेलनमा नेपालको तर्फबाट शिक्षामन्त्री पुष्कारनाथ उप्रेती सहभागी भएको र उक्त सम्मेलनले विश्वभरका निरक्षर प्रौढहरूलाई साक्षर गराउने कार्य प्रत्येक देशको विकास योजनाको अभिन्न अंग हुनुपर्ने कुरामा जोड दियो । त्यसपछि सन् १९७२ जुलाई २५ देखि अगष्ट ६ सम्म जापानको टोकियोमा अन्तर्राष्ट्रिय प्रौढ शिक्षा सम्मेलन सम्पन्न भयो । जसले शैक्षिक सुविधाहरूलाई जीवनपर्यन्त आवश्यकताका रुपमा लियो । यसरी विकास हुँदै आएको अनौपचारिक शिक्षाले हाम्रो समाजलाई समेत शैक्षिक उज्यालो तर्फ डोर्याएको र निरन्तर सिकाइको रुपमा समेत परिचित हुँदै आएको पाइन्छ ।

लामो समयसम्म निरन्तर रुपमा लिइरहेको ज्ञानलाई नै निरन्तर सिकाइ भनिन्छ । व्यक्तिले निश्चित समयसम्म सिकेका कुराले आफ्नो आवश्यकता पूरा नभएको महसुस गरि निरन्तर सिकाइलाई जोड दिदै आएको पाइन्छ । नेपालमा २००४ सालदेखि आधार शिक्षा केन्द्रले प्रौढ साक्षरता कार्यक्रम संचालन गरेको थियो । यसैगरि वि.सं. २०३५/०३६ मा नेपालमा २५ जिल्ला मध्ये हरेकमा ८-९ ओटा कक्षाका दरले प्रौढ साक्षरता कार्यक्रमको संञ्चालन गरेको थियो । राष्ट्रिय अनौपचारिक शिक्षा परिषद्ले अनौपचारिक शिक्षाको पाठ्यक्रमलाई २०५३/०४/२२ मा स्वीकृती प्रदान गरि वि.सं. २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना गरियो । यसैगरि वि.सं.२०६३ मा अनौपचारिक शिक्षा नीति पारित गरियो र अनौपचारिक शिक्षाका आधारभूत, मध्यमा र स्वाध्ययन गरि तीन तहका पाठ्यक्रम



CS CamScanner

निर्माण गरियो । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ को प्रतिवेदनले वि.सं. २०१३ देखि वि.सं. २०१८ सम्ममा १८७८ वटा प्रौढ शिक्षा केन्द्र खोलिएको र ४६९५० जना प्रौढहरू साक्षर बनेको कुरा उल्लेख भएको छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले अनौपचारिक शिक्षाका ५ ओटा उद्देश्यहरू तय गर्यो । जसलाई अनौपचारिक शिक्षामा तहहरू अनुसार यसलाई औपचारिक शिक्षासँग समस्तरताको रुपमा हेर्दै देशको कूल बजेटको ०.३ प्रतिशत रकम मात्र अनौपचारिक शिक्षामा खर्च गरिएको र त्यसमा ४२.३ प्रतिशत रकम बाह्य श्रोतबाट प्राप्त भएपनि यस क्षेत्रको खासै प्रगति सन्तोषजनक नभएको पाइन्छ ।

### ३.७.२ वर्तमान अवस्था

औपचारिक शिक्षा तथा अन्य वैकल्पिक शैक्षिक अवसरहरूबाट बञ्चित व्यक्तिलाई कम्तिमा पनि आधारभूत साक्षरता सम्मको सीप हासिल गर्ने अवसर प्रदान गर्न विभिन्न स्वरुप र प्रकृयामा साक्षरताका कार्यक्रमहरू संचालन हुँदै आएका छन् । प्रथम पञ्चवर्षिय योजना (२०१३-२०१८) देखि निश्चित संख्याका निरक्षरहरूलाई साक्षर बनाउने लक्ष्यका साथ प्रत्येक जिल्लाका निश्चित बस्तिमा साक्षरता कार्यक्रम सञ्चालन हुँदै आयो र वि.सं. २०४५ बाट सुरु भएको साक्षरता अभियान वि.सं. २०६५/०६६ देखि पुन: अभियानका रुपमा साक्षरता कार्यक्रमलाई देशव्यापी बनाइयो । निरक्षरहरूको वास्तविक संख्या एकिन नभै साक्षरता कार्यक्रमलाई वास्तविक निरक्षर केन्द्रित गर्न नसकिने सत्यलाई आत्मसाथ गरि आ.व.२०६७/०६८ मा प्रत्येक गाविस र नगरपालिकाको हकमा वडा तहमा उच्चतम कक्षा संचालित विद्यालयको संयोजकत्वमा शिक्षक विद्यार्थी र सामुदायिक अध्ययन केन्द्र परिचालन गरि घरधुरी सर्वेक्षणका माध्यमबाट निरक्षरहरूको विवरण संकलन गरियो । ती विवरणलाई आधार मानेर वि.सं.२०६७/०६८ र ०६८/०६९ मा साक्षरता कक्षा संचालन गरियो । जस अनुसार आ.व. २०६८/०६९ मा देशका १२ हजार वडाहरूमा तीन चरणमा ३६ हजार साक्षरता कक्षा संचालन गरियो । निरन्तर शिक्षा प्रदान गर्नका लागि नेपालमा रहेका २१५१ सामुदायिक सिकाइ केन्द्रहरूमध्ये यस पालिकामा एउटा पनि सिकाइ केन्द्र नरहेको अवस्था छ । वि.स. २०६५ मा ७८ लाख निरक्षर रहेको अनुमान गरिएकोमा हालसम्म आइपुग्दा साक्षरता अभियानाबाट करिब ४० लाख निरक्षरहरू साक्षर भएको देखिन्छ । त्यसैगरि शिक्षा विभागबाट प्रकाशित सन् २०११ फ्ल्यास रिपोर्टले प्राथमिक विद्यालय उमेर समूहका ४.९ प्रतिशत बालबालिकाहरू अझै विद्यालय बाहिर रहेको र विद्यालय छाड्ने दर ४.४५ देखाएको छ ।

यसरी कहिल्यै विद्यालय नटेकेका प्रौढ निरक्षर, विद्यालय बाहिर रहेका र विद्यालय छाडेका बालबालिका तथा युवा समेत सबैलाई साक्षरता अभियानमा समेट्नु पर्ने देखिन्छ । साक्षरता भनेको पढाइ लेखाइ मात्र नभएर नागरिकको दैनिक जीवन र पद्धति पनि भएकोले यसमा सामाजिक, आर्थिक, साँस्कृतिक तथा राजनीतिक पक्षहरू समेत जोडिएको हुन्छ । त्यसकारण यस गाउँपालिका भित्र रहेका निरक्षर मानिसहरूलाई साक्षर बनाउन आम गाउँबासीको साझा एजेन्डा बन्न नसक्नुले प्रमुख समस्याको रुपमा आज देखिएको छ ।

शिक्षा ऐन तथा नियमावलीमा अनौपचारिक शिक्षा, शिक्षा ऐन २०२८ (संसोधन सहित दफा ६ को उपदफा ३) मा अनौपचारिक शिक्षा तथा दुर शिक्षाको व्यवस्था गरिएको छ । परिच्छेद ९ मा औपचारिक शिक्षा दिन सकिने, आधारभूत प्रौढ साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा पूरा गरिसकेका व्यक्तिलाई निरन्तर शिक्षा दिइने, वैकल्पिक शैक्षिक कार्यक्रम मार्फत विद्यालयमा अध्ययन नगरेको वा अध्ययन गरि बीचैमा छोडेका बालबालिकाको लागि विद्यालयको पाठ्यक्रमको आधार तयार गरिएको पाठ्यसामग्री प्रयोग गरि वैकल्पिक शैक्षिक कार्यक्रम संचालन गर्न सकिने व्यवस्था उल्लेख गरिएको छ । शिक्षा मन्त्रीको अध्यक्षतामा १८ सदस्यीय केन्द्रमा अनौपचारिक शिक्षा परिषद गठन गरि कार्य



CamScanner

गर्ने तथा जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा जिल्ला अनौपचारिक शिक्षा समिति गठन गरि कार्य संचालन गर्ने व्यवस्था उल्लेख भएको पाइन्छ । अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रम मार्फत शिक्षाको पहुँचबाट टाढा रहेका ६ वर्ष देखि १४ वर्ष सम्मका बालबालिकालाई अनौपचारिक शिक्षाको माध्यमबाट पठन पाठन गराई औपचारिक विद्यालयको माथिल्लो कक्षामा प्रवेश गराउने उद्देश्य राखिएको पाइन्छ । स्थानीय तहका सरकारहरूले नीति तथा कार्यान्वयनको जिम्मेवारी मार्फत अनौपचारिक वैकल्पिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी कानुन बनाउने, योजन तथा कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन र नियमन समेत गर्ने कुरा राष्ट्रिय शिक्षा नीति २०७६ को परिच्छेद ११.३ को बुँदा (३.३) मा समेत उल्लेख गरेको छ ।

वर्तमान अवस्थासम्म आइपुग्दा तपशिल बमोजिम अनौपचरिक शिक्षा सम्बन्धी नीति तथा निर्देशिकाहरू मार्फत कार्य गर्दै आएको पाइन्छ ।

१. अनौपचारिक शिक्षा नीति २०६३
२. राष्ट्रिय साक्षरता अभियान कार्यक्रम निर्देशिका २०६५/२०६६
३. अनौपचारिक तथा साक्षर नेपाल अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६९-०७२
४. सामुदायिक अध्ययन केन्द्र संचालन एवम् व्यवस्थापन निर्देशिका २०६२
५. साक्षरता अभियान विद्यार्थी परिचालन तथा मूल्याङ्कन निर्देशिका २०७०
६. अनौपचारिक प्रौढहरूका लागि सञ्चालित विद्यालय निर्देशिका २०६५
७. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२
८. साक्षर नेपाल अभियान २०६९-०७२ अवधारण पत्र
९. अनौपचारिक शिक्षा राष्ट्रिय सञ्चालन कार्यान्वयन पुस्तिका २०६७
१०. साक्षर नेपाल वर्ष २०७२ अवधारणा पत्र
११. अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका २०७५

यस गाउँपालिकामा विगतमा प्रौढ शिक्षा कार्यक्रम सञ्चालन भएको तथा उक्त कार्यक्रम पश्चात निरन्तर शिक्षा प्रदान गर्नका लागि २१५१ सामुदायिक सिकाइ केन्द्रहरूमध्ये यस पालिकामा एक पनि सिकाइ केन्द्र नरहेपनि आगामी दिनमा सबै ७ वटै वडाहरूमा सामुदायिक सिकाइ केन्द्र स्थापना गरि साक्षरता अभियान, जीवन उपयोगी सीप र विविध चेतनामूलक कार्यका लागि परिचालन गरिनेछ ।

### ३.७.३ अवसर तथा चुनौतीहरू

१. सम्पूर्ण औपचारिक शिक्षाबाट बञ्चित नागरिकलाई शिक्षित बनाउनु
२. अनौपचारिक ढंगले साक्षर भएका व्यक्तिलाई आयआर्जन तथा सीपमुलक र जिवन उपयोगि शिक्षा प्रदान गर्नु ।
३. औपचारिक शिक्षाबाट बञ्चित व्यक्तिहरूलाई सिकाइको सहज र सर्वसुलभ पहुँच निश्चित गरि खुला शिक्षाको पहुँच वृद्धि गरि व्यवहारिक तथा सीपयुक्त बनाउनु ।
४. सिकारुको आवश्यकता अनुसारको साक्षरतामा आधारित कार्यक्रमको विकास गरि कार्यान्वयन गर्नु ।
५. साक्षरता, निरन्तर सिकाइ, सीपमुलक तथा समय सापेक्ष सूचना र प्रविधीयुक्त साक्षरता कक्षा संचालन
६. पाठ्य सामाग्रिको विकास
७. सहजकताको क्षमता विकास
८. व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र, सामुदायिक अध्ययन केन्द्र, घुम्ति पुस्तकालय स्थापना गरि अध्ययनलाई सहजता बनाउनु



CamScanner

### ३.७.४ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।
२. चन्द्रनगर गाउँपालिकालाई साक्षर गाउँपालिकाको रूपमा घोषणा गर्ने ।
३. साक्षरतालाई सीपसँग आवद्ध गरि रोजगारका अवसर प्रदान गर्ने ।
४. सामुदायिक सिकाइ केन्द्रको स्थापना, विकास र विस्तार गर्ने ।

### ३.७.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिनेछ :

- साक्षर नेपाल अभियान पूरा गर्न यस गाउँपालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, टोल विकास, राजनैतिक दल, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिने ।
- सामुदायिक तथा घुम्ती पुस्तकालय पहुँचको अभिवृद्धि गरिने ।
- मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्द्धन एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने ।
- स्थानीय तहले गाउँपालिका अन्तरगतका सबै वडाहरूमा सामुदायिक सिकाइ केन्द्रको स्थापना तथा सञ्चालन गरिने ।
- विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार गरिने ।
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरि समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रूपमा विकास गरिने ।
- औपचारिक, अनौपचारिक र अतिरिक्त शिक्षाबीच अन्तरसम्बन्ध कायम गरिने ।
- राष्ट्रिय योग्यता फ्रेमवर्क (National Qualifications Framework-NQF) अनुसार प्रमाणित गरिने ।
- खुला विद्यालयको व्यवस्था तथा शिक्षणमा समयको लचकता विधिको परिपालन गरिने ।
- उत्कृष्ट साक्षर हुनेलाई साक्षरता अभियानका लागि सहजकर्ताको अवसर प्रदान गरिने ।

### ३.७.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

*क) उपलब्धि*

१. सबै नागरिकका लागि साक्षरता, खुला सिकाइ, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने ।

*ख) प्रमुख नतिजाहरू*

१. पूर्ण साक्षर गाउँपालिकाको रुपमा चन्द्रनगर गाउँपालिकाको घोषणा हुने ।
२. लक्षित वर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने ।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने ।



CS CamScanner

४. सामुदायिक सिकाइ केन्द्रको स्थापना, विकास र विस्तार हुने ।
५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार हुने ।
६. स्थानीय माँग र आवश्यकताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुने ।

## *ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरूको विवरण संकलन | पटक | | १ | | १ | | २ | गाँउपालिका |
| २ | साक्षर चन्द्रनगर | वडा संख्या | | | | ३ | ४ | ७ | गाँउपालिका |
| ३ | स्थानीय माँग र आवश्यकताका आधारमा सा.सि.के. स्थापना, सञ्चालन र व्यवस्थापन | संख्या | १ | २ | २ | १ | १ | ७ | संघ र गाँउपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसँग आवद्ध गर्ने | पुस्तकालय | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका |
| ६ | सा.सि.के. ले समुदायमा आधारीत संघ सस्थासँग सहकार्य गर्ने | निरन्तर | | | | | | ० | सा.सि.के. |
| ७ | विज्ञ समूह निर्माण/अद्यावधिक | पटक | १ | १ | | १ | १ | ४ | सा.सि.के. |
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | १ | १ | १ | १ | ४ | सा.सि.के. |
| ९ | परिचालकको क्षमता विकास | पटक | | | | १ | १ | २ | गाँउपालिका |
| १० | साक्षर बनाइएका समूहहरुको संजाल निर्माण र अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका |
| ११ | निरन्तर अनुगमन, परामर्श र मूल्याँकन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका |



CamScanner

# परिच्छेद चार –अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

## ४.१ परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लगायत पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक व्यवस्थापन तथा विकाससँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ । परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौत्तिक विकास, शिक्षामा सूचना तथा सञ्चार लगायतका कतिपय पक्षहरू समावेश गरिएका भएपनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौत्तिक विकास र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेषण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ ।

## ४.२ शैक्षिक समता र समावेशीकरण

### ४.२.१ परिचय

शिक्षामा समावेशी र समता वर्तमान समयको नयाँ जल्दोबल्दो अवधारणा हो । यो अवधारणा नेपालमा समावेशी लोकतन्त्रसंगै सुरुवात भएको पाइन्छ । शिक्षा प्राप्त गर्नु मानिसको मौलिक अधिकार भएकोले कानुन अनुसार सबैले शिक्षा प्राप्त गर्न पाउनु पर्दछ । कुनैपनि बालबालिकालाई शिक्षाको उज्यालो घामवाट बन्चित गर्न हुदैन भन्ने दृष्टिकोण यो समावेशी र समता शिक्षाले राख्दछ । समावेशी शिक्षा भन्नाले बिना भेदभाव कक्षाकोठामा विभिन्न जातजाति, धर्म, लिंग, वर्ग तथा क्षेत्रका बालबालिकाहरूलाई समान रुपले शिक्षा प्रदान गर्नु भन्ने बुझिन्छ । विभिन्न पृष्ठभूमिका बालबालिकालाई उपयुक्त शैक्षिक वातावरण तैयार गरि शैक्षिक अवसर प्रदान गर्नु नै समावेशी शिक्षा हो । नेपालको संविधान २०७२ अनुसार सबै बालबालिकाहरूलाई शिक्षाबाट बन्चित नहोस् भन्ने ध्येयले माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क किटानी गर्नुका साथै स्थानीय मातृभाषाद्वारा शिक्षा प्राप्त गर्न सकिने अधिकारलाई सुरक्षित गरेको छ । यो शिक्षाले शिक्षा प्रदान गर्दा सामाजिक न्यायको आधारमा शिक्षालाई अगाडि वढाउनु पर्दछ । त्यसको लागि देशको शिक्षाको नयाँ संरचना अनुसार संघ, प्रदेश र स्थानीय तिनै तहका सरकारहरूले कानुनमा व्यवस्था भए अनुसार कक्षा व्यवस्थापन गर्न आवश्यक छ । यसो भएको अवस्थामा मात्र समावेशी शिक्षा नीतिलाई कार्यान्वयन पक्षमा लैजान सहज हुन्छ ।

सबै बालबालिकाहरूलाई सामाजिक न्यायको आधारमा शिक्षामा पहुँच पुर्याइ शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक छ । त्यसको लागि सबै बालबालिकाहरूलाई समान शैक्षिक अवसर प्रदान गर्न जरुरी



CamScanner

हुन्छ । यसका अतिरिक्त विभिन्न वर्ग, तह, आर्थिक, सामाजिक स्तरमा पिछडिएका समुदायका बालबालिकाहरूलाई समावेश गरि उचित शिक्षा प्रदान गर्न सक्नुपर्दछ। अपाङ्गता भएका बालबालिका, गरिब, पिछडिएका दलित, जनजाति, आदिवासी लगायतका सबै बालबालिकाहरूले शिक्षाको समान अवसर प्राप्त गर्न सक्नु पर्दछ जसलाई नै शिक्षामा समता भनिन्छ। शिक्षामा समता भन्नाले शिक्षामा सामाजिक न्यायको अवधारणालाई विकास गर्नु हो । त्यसको लागि कमजोर पृष्ठभूमिका बालबालिकाहरूलाई अन्य बालबालिकाहरूको तुलनामा थप अवसर प्रदान गर्नु गराउनु र शिक्षामा समावेशी र समतालाई उच्च स्थान दिनु महत्वपूर्ण रहन्छ।

### ४.२.२ वर्तमान अवस्था

नेपालको शैक्षिक क्षेत्रको सुधारको लागि विविध किसिमका आरोह र अवरोहहरू पार हुँदै आएका छन । वर्तमान एक्काइसौ सताब्दीको प्रविधि र सूचनाको युगमा प्रवेश गरेको विश्वको वर्तमान घडीमा विशेष गरि नेपालको सन्दर्भमा भन्नु पर्दा नेपाल वहुभाषि, वहुजाति तथा वहु धर्म भएको मुलुक भएको तथा यहाँ विभिन्न वर्ग, तह, पिछडिएका, गरिव तथा सुस्त, अपांग, दलित, सिमान्तकृत जातजातिहरूको बसोवास भएको तथा ति सम्पूर्ण नेपालीहरूको समग्र हितमा हुने किसिमका योजना निर्माण नहुने हो भने राज्यको शैक्षिक स्तर उकास्न समस्या पैदा हुने भएकोले यसमा राज्यका तिनै अंगहरूको महत्वपूर्ण स्थान हुन्छ । तसर्थ, नेपालको गरिबी, अशिक्षा लगायत विकासमा बाधा दिने सबै खालका चुनौतीहरूलाई हटाउनका लागि राज्यको माथिल्लो निकाय संघ, प्रदेश हुदै स्थानीय तहहरूले सबै किसिमका बालबालिकाहरूलाई समावेश हुन सक्ने गरि समावेशीकरण र समतामा आधारित शिक्षा नीति, योजना, कार्यक्रमहरू ल्याउनु पर्ने हुन्छ र तिनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्थापन, जनशक्ति उत्पादन लगायतका क्षेत्रमा विशेष ध्यान पुग्न जरुरी रहन्छ। यसो भएको अवस्थामा क्षमताको अभिवृद्धि, सशक्तिकरण, सहभागिता, नेतृत्व सीपको विकास लगायतका सबै क्षेत्रमा सबै बालबालिकाले समान अवसर प्राप्त गरि सोही आधारमा सबैले विकासमा टेवा दिन सक्दछन ।

नेपालको सन्दर्भमा, समावेशी र समतामुलक शिक्षाको पहुँच विस्तार हुने सन्दर्भमा लोकतन्त्रको प्रादुर्भाव हुन अगाडि त्यति सहज रुपमा यस सम्वन्धि योजना र कार्यक्रमहरू आएको देखिंदैन । जब नेपालमा लोकतन्त्रको विकास हुदै आयो तब नेपालको संविधानमा नै यस सम्वन्धि स्पष्ट नीतिहरू ल्याइ बाल अधिकार, बाल संरक्षण, बाल न्याय सम्वन्धि स्पष्ट रुपमा उल्लेख भएका छन । बाल अधिकार सम्वन्धि विभिन्न मंच तथा विभिन्न सरकारी तथा गैरसरकारी संघ, संस्थाहरूबाट समावेशी तथा समतामुलक शैक्षिक सहभागिताको लागि विशेष योगदानहरू हुँदै आएका छन । नेपाल सरकार शिक्षा मंत्रालय, शिक्षा विभाग तथा यिनका सरोकार निकाय एवं सबै सरोकार पक्ष र तह तप्कावाट समावेशीकरण र समताको वैज्ञानिक सिद्धान्तलाई आत्मसात गरि यिनको उचित व्यवस्थापनलाई प्राथमिकिरणमा राखिएको छ। शिक्षाको अवसरवाट वन्चित हुन नदिने, दक्ष जनशक्तिको रुपमा तैयारी भइ सकेपछि यि जनशक्तिहरूलाई राज्यले उचित स्थान र महत्व दिनु पर्दछ र यस सम्वन्धि भएका व्यवस्थाहरूलाई उपयोग हुने र गरिने अवसरहरूको समेत समावेशी र समतामा आधारित सिद्धान्त प्रयोग गरि व्यवहारमा लागु भइरहेका छन ।

मिश्रित बसोवास रहेको यस गाउँपालिकामा मुख्य बोलिचालिको भाषा मैथिली रहेको छ । धार्मिक रुपमा हिन्दु धर्मावलम्बीहरूको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने चाडपर्वहरूमा जनैपुर्णिमा, कृष्ण जन्माष्टमी, तिज, जितिया, दशै, तिहार, झिझिया, छठ, माघेसंक्रान्ती, फागुपुर्णिमा (होली), चैते दशैं रामनवमी, समाचकेवा आदि रहेका छन् । धार्मिक तथा भाषिक रुपमा करिब एकरुपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने बिभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता



CamScanner

झल्काउने गर्दछन् । भेषभुषाको रुपमा पुरुषहरूले मुख्य रुपमा धोति, पाइन्ट, कुर्ता, दौरा सुरुवाल, गम्छा, टोपी तथा कोट र महिलाले सारी, धोती, पाइन्ट, कुर्ता सुरुवाल र पटुकी लगाउने गर्दछन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार सक्षरताको अवस्थालाई विश्लेषण गर्दा समग्र स्थानीय तहको साक्षरता प्रतिशत ५४.६ रहेको छ भने अझै पनि ४५.४ प्रतिशत जनसंख्या निरक्षर रहेको छ। महिला भन्दा पुरुषको साक्षरता प्रतिशत १७.३ प्रतिशतले बढी रहेको छ ।

यस गाउँपालिकामा लैङ्गिक अनुपात १०० पुरुष बराबर १०२.७६ जना महिला रहेको छ । गाँउ कार्यपालिका, वडा समिति, गाँउ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न संघ संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ। आधारभूत तह कक्षा १-५ मा १.१९, कक्षा ६-८ मा १.४१, कक्षा ९-१० मा १.४७ र कक्षा ११-१२ मा १.४१ लैङ्गिक समता सूचक रहेको छ । यसैगरि सामुदायिक विद्यालयमा महिला शिक्षक अनुपात ०.२२ रहेको छ ।

### ४.२.३ अवसर तथा चुनौतीहरू

समावेशी शिक्षाको उद्देश्य परिपुर्ति गर्नको लागि निम्नलिखित चुनौतिहरू रहेका छन् :

१. विद्यालयहरूमा लैङ्गिक र पहुँचयुक्त भौत्तिक तथा शैक्षिक वातावरण निर्माण हुनु,
२. विद्यालयमा बालमैत्री शैक्षिक पद्धति पूर्णरुपमा कार्यान्वयन हुनु,
३. शिक्षाका अवसरबाट वञ्चित वर्गहरूको शिक्षामा समतामुलक पहुँच पुग्नु,
४. सबै किसिमका अपाङ्गता भएका बालबालिकाहरूका लागि शिक्षामा पहुँच हुनु,
५. स्थानीयस्तरमा समावेशी तथा स्रोतकक्षाको सुविधा हुनु,
६. मातृभाषामा शिक्षा प्रदान गर्ने पर्याप्त व्यवस्था हुनु,
७. पहुँचयुक्त शिक्षण सिकाइ सामाग्रीको व्यवस्थापन गर्नु

### ४.२.४ उद्देश्यहरू

१. शिक्षाको मूलधारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याइ गुणस्तर सुनिश्चित गर्ने ।
२. शैक्षिक सुशासन कायम गर्ने ।
३. विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री बनाउने ।
४. परम्परागत शैक्षिक संस्थालाई मूलधारमा ल्याउने ।

### ४.२.५ रणनीतिहरू

१. विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरि सो अनुसार प्रबन्ध मिलाइने ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौत्तिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने ।
३. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने ।
४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने ।
५. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिने ।
६. लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री भौत्तिक संरचना निर्माण गर्ने ।



CS CamScanner

७. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने ।
८. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था गर्ने ।
९. परम्परागत शैक्षिक संस्थालाई मूलप्रवाहीकरणमा ल्याउने ।

### ४.२.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

*क) उपलब्धि*

१. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने ।

*ख) नतिजा*

१. विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने ।
३. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने ।
४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने ।
५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने ।
६. मातृभाषामा सिकाइको अवसर प्रदान गरिने ।

*ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | १ | २ | गाँउपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरि सहभागिता | निरन्तर | | १ | १ | | १ | ३ | सा.सि.के. |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | १ | १ | १ | १ | १ | ५ | संघ/प्रदेश/गाउँपालिका |
| ५ | विद्यालयहरूमा बालमैत्री, पहुँचयुक्त र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | प्रतिशत | १४ | १४ | १४ | १४ | १४ | ७० | संघ/प्रदेश/गाउँपालिका |
| ६ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने । | निरन्तर | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | आवश्यकता अनुसार | ० | १४ | १४ | ० | ० | २८ | संघ/प्रदेश/गाउँपालिका |

## ४.३ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.३.१ परिचय

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । आर्थिक वर्ष २०७७/०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था मिलाइएको थियो र हाल पूर्वप्राथमिकदेखि कक्षा ६ का सबै विद्यार्थीहरूका दिवाखाजाको व्यवस्था मिलाइएको छ । नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७/०७८ मा यो लगानी करिब ८ अरब पुगेको छ। नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजा सहित स्वास्थ्यलाई प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवाखाजाले महत्वपूर्ण योगदान दिएको छ ।

नेपालको संविधान, २०७२ ले प्रत्याभूत गरेको अनिवार्य र निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको अनिवार्य र निःशुल्क आधारभूत शिक्षा ऐन २०७५ एवम् नियमावली, २०७७ ले दिवा खाजाको प्रावधानलाई कानुनी रुपमा स्थापित गरेको छ। यो विषयलाई विद्यालय क्षेत्र विकास कार्यक्रम, पन्ध्रौं योजनाको आधार पत्र, एकीकृत स्वास्थ्य रणनीति जस्ता नेपालका शिक्षा र स्वास्थ्य सम्बन्धी नीतिगत दस्तावेजहरूले उच्च महत्व दिएको अवस्था छ । "स्वस्थ शरीरमा स्वस्थ मष्तिस्कको निर्माण हुन्छ" भन्ने मान्यतालाई आत्मसात गर्दै  बालबालिकाको वृद्धि, विकास र सिकाइका लागि पौष्टिक खाना तथा खाजाको व्यवस्था नेपाल सरकारले आ.व.२०७७/७८ देखि देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बाल विकासदेखि पाँच कक्षासम्मका र आ.व.२०७९/८० देखी कक्षा ६ सम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न बजेटको व्यवस्था गरेको छ । दिवा खाजा कार्यक्रमलाई सफल व्यवस्थापन गर्न सबै सरोकारवालाहरूको समन्वय, सहकार्य र साझेदारीबाट मात्र सम्भव हुनसक्छ ।

#### दिवा खाजा

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाहरूका छानिएका विद्यालयहरूमा विश्व खाद्य कार्यक्रमको अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा विभिन्न चरण र मात्रामा हाल सञ्चालन हुँदै आई कर्णाली र सुदूर पश्चिम प्रदेशका आठ जिल्लामा खाद्यान्न अनुदानमा दिवा खाजा कार्यक्रम सञ्चालित छ भने सन् २००८ देखि छानिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरिएको सरकारको नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरि आ.ब. २०७७/०७८ मा पूर्व प्राथमिक देखि आधारभूत तहको कक्षा ५ सम्म र आ.व.२०७९/८० देखी कक्षा ६ सम्मका सबै विद्यार्थीहरूलाई दिवाखाजाको व्यवस्था गरिएको छ । हाल सम्मको दिवा खाजामा नेपाल सरकारको अनुदान २०७७/०७८ मा ८ अरब पुगेको देखिन्छ ।

नेपाल सरकारले प्रारम्भिक बालविकास तथा शिक्षा देखि कक्षा ६ सम्मका सार्वजनिक विद्यालयमा अध्ययनरत सबै बालबालिका लागि दिवा खाजाको प्रबन्धका लागि वजेट व्यवस्था गरेर महत्वपूर्ण उपलब्धि प्राप्त गरेको छ । विद्यालय दिवा खाजाले विद्यार्थीमा नियमितता भई सिकाइ स्तरमा समेत प्रगति हुने अवस्था देखिएको हुनाले यस कार्यक्रमलाई महत्वका साथ निरन्तरता दिनु आवश्यक देखिएको छ। यस कार्यक्रमलाई विद्यार्थीको समग्र पोषणको अवस्थाको सुदृढिकरण गरि एकीकृत तथा सम्बन्धित गर्नुपर्ने देखिन्छ ।



CS CamScanner

## विद्यालय स्वास्थ्य र पोषण

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधी, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन् ।

सन् २००६ मा शिक्षा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संयुक्त रुपमा विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरिएको थियो, त्यसका आधारमा सन् २००८ मा यस सम्बन्धि संयुक्त कार्ययोजना तयार गरेको थियो । बार्षिक स्वास्थ्य परीक्षण जुकाको औषधी वितरण आवश्यकता अनुसार प्रतिस्थापन हुने व्यवस्था सहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामाग्रीको बाकस, कक्षा ६ देखी १० का बालबालिकाहरूका लागि आइरन चक्की, छात्राछात्रका लागि अलग अलग शौचालय, व्यवस्थापन समितिको सक्षमतामा सुधार, बालक्लवको गठन र परिचालन रहेका छन् । बार्षिक स्वास्थ्य परीक्षण अर्धबार्षिक रुपमा जुकाको औषधी वितरण कार्यक्रम, प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामाग्रीको बाकस र यसको प्रतिस्थापन र आइरन चक्की वितरण स्थानीय स्वास्थ्य संस्थाबाट हुने गर्दछन् । जसका कारण सेवा प्रवाहमा विविधता देखिएको छ । त्यसकारण स्वास्थ्य तथा पोषण नीति २००६ परिमार्जन तथा स्थानीय सरकार तथा स्वास्थ्य संस्था एवम् अभिभावक विद्यालयको समेत क्षमता विकास तथा जिम्मेवारी बारे सान्दर्भिकीकरण गराउन आवश्यक देखिएको छ ।

दिवाखाजा लगायतका बाल स्वास्थ्य तथा पोषणलाई नेपालका विभिन्न कानुन तथा नीतिहरूमा समावेश गरिएको छ । यस क्रममा नेपालको पन्ध्रौं योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गरिने उल्लेख छ भने कतिपय प्रदेशहरूले यो कार्यक्रम स्थानीय कार्यविधि बनाएर क्रमश: लागु गर्न थालिसकेको र तर यस गाँउपालिकामा हालसम्म शुरु हुन नसकेको अवस्था छ । यस योजनाले बालबालिकाको स्वास्थ्य तथा पोषणमा तथा स्वच्छता खाद्य सम्प्रभुतालाई नीतिगत प्राथमिकता दिएपनि कसरी विद्यालयहरूसँग जोडने भन्ने रणनीतिहरूले स्पष्ट पारेको देखिदैन । राष्ट्रिय योजना आयोगको संयोजकत्वमा तयार गरिएको बहुक्षेत्रीय पोषण योजना दोस्रो, सन् २०१८-२०२२ ले विभिन्न क्षेत्र बीचका कार्यक्रम एकीकृत गर्ने, यस सम्बन्धि नीति तथा रणनीति निर्माण र कार्यक्रममा समन्वय संयन्त्र बनाए पनि एकातिर क्षेत्रगत उत्तरदायित्वमा रहने हुनाले समन्वयात्मक कार्य प्रभावकारी हुनसकेको देखिदैन भने विद्यालयसँग यस बहुक्षेत्रीय पोषण योजनाको भरपर्दो सम्बन्ध स्थापित हुनसकेको छैन । यसले पोषणमा बढी महत्व दिने हूँदा बालबालिकाको स्वास्थ्य, पोषण, दिवाखाजा र सरसफाई एवम् स्वच्छतालाई अन्तरसम्बन्धित तथा आवश्कयताका आधारमा एकीकृत गर्न प्रयाप्त हुने देखिदैन । विद्यालय क्षेत्र विकास कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरि सिकाइमा सुधार गर्नका लागि जुका नियन्त्रण सुक्ष्म पोषक तत्व तथा दृष्टि, श्रवणको जाँच, स्वास्थ्य तथा पोषण शिक्षा प्राप्त गरि विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने उद्देश्य राखी विभिन्न रणनीतिहरू प्रस्ताव गरिएको थियो । यि उद्देश्य प्राप्तीका लागि सञ्चालन गरिने हूँदा कार्यक्रमको नतिजामा एकरुपता देखिएको छैन् । विशेषत: विद्यालय र स्थानीय सरकार एवम् स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमको प्रभावकारीतामा निर्भर भएको देखिन्छ ।

## सरसफाइ तथा स्वच्छता



CamScanner

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नुका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घर/कोठाको प्रबन्ध नै छैन भने भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ । विपद् तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भएपनि यसमा विपद, जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ ।

विद्यालयमा हुने सरसफाइ र स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने स्पष्ट देखिन्छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नका लागि साथै परिवार तथा समुदायमा पनि सकारात्मक प्रभाव पार्दछ । बालबालिकाको स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुनु उनीहरूको संविधान प्रदत्त हक पनि हो भने दिगो विकास लक्ष्य संख्या ४ र ६ अन्तरगत सबै विद्यालयहरूमा सुरक्षित तवरले व्यवस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनुपर्ने गरि सुचकाँकहरू पनि तोकिएका छन । तत्कालिन शिक्षा विभागले २०७४ मा तयार गरि २०७६ मा परिमार्जन गरिएको विद्यालयहरूमा विशुद्ध खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरूमा हुनुपर्ने माथि उल्लेख गरिएको सुविधाहरू साथमा छात्रा छात्रका संख्याको आधारमा अलग-अलग शौचालय, हरियाली स्वच्छता वातावरणका साथमा अपाङ्गता तथा फरक क्षमताका सबै बालबालिकाहरूलाई सहज हुने गरि व्यवस्थापन हुनु पर्ने, विद्यालयमा महिनावरी स्वच्छता व्यवस्थापन शिक्षाको प्रबन्ध पनि अनिवार्य हुनुपर्ने छ । स्वच्छता लगायतका माथि उल्लेखित सुविधाहरूमा गुणस्तरीयता, दिगोपना, विद्यालयहरूमा व्यवस्थापन भएका र भविष्यमा व्यवस्थापन गरिने सबै कार्यविधि २०७४ को पुनरावलोकन गरि तदनुकुलको संस्थागत व्यवस्था आवश्यक देखिन्छ । सबै तहका विद्यालयहरूमा छात्र र छात्राका लागि अलगअलग शौचालय निर्माण गर्ने कार्य विगत केही बर्ष देखि लागु भएको हो र हाल धेरै विद्यालयमा यो सुविधा उपलब्ध छ । तरपनि विद्यार्थी संख्याको अनुपातमा धेरै विद्यालयमा केही समस्या देखिएको छ भने अधिकाँस विद्यालयमा अझै अपाङ्गमैत्री भएका छैनन् । विद्यालयमा महिनावारीको समयमा सुरक्षित तथा सहज रुपमा स्यानिटरी प्याडको वितरण तथा चेन्ज गर्ने अलग-अलग कोठाहरू छैनन् भने धेरै विद्यालयहरूमा महिनावारी स्वच्छता सम्बन्धि शिक्षा तथा परामर्श दिने गरिएको छैन् । फेरि सबै विद्यालयहरूमा यस गाउँपालिकाभित्र वातावरणीय सरसफाइ, हरियाली वातावरण तथा स्वच्छताको सुविधा प्रदान गर्न सकिएको छैन् । केही विद्यालयमा खाजाघरको अभाव देखिएको छ । विपद् व्यवस्थापन सम्बन्धि केही कार्य गरिएपनि महामारी तथा स्वास्थ्य संकट बारे थप कार्य प्रभावकारी रुपमा गरिनु आवश्यक छ ।

### ४.३.२ वर्तमान अवस्था

आ.व. २०७६/०७७ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात यस पालिकाका पूर्वप्राथमिक देखि कक्षा ६ सम्म सञ्चालित २२ विद्यालय मार्फत ५००७ विद्यार्थी यस चालु आ.व.२०७९/०८० मा लाभान्वित भएका छन् साथै गाउँपालिकाबाट विद्यालय दिवा खाजा सम्वन्धी कार्यविधि निर्माण गरि विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएको छ ।

यस गाउँपालिकामा प्रयोगमा आएका पक्की भवनको संख्या ३६, ट्रस/कच्ची भवनको संख्या ४४, प्रयोगमा आएका शौचालयको संख्या ६७, छात्राका लागि छुट्टै शौचालय भएको विद्यालय संख्या ११, महिला शिक्षकका लागि छुट्टै शौचालय भएको विद्यालय संख्या ११, बिजुली पुगेको विद्यालय संख्या २२, खानेपानीको राम्रो व्यवस्था भएका विद्यालय संख्या २२ र विद्यालय घेरवार व्यवस्थापन भएका विद्यालय



CS CamScanner

संख्या १३ रहेका छन् । विपद् तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ ।

### ४.३.३ अवसर तथा चुनौतीहरू

दिवाखाजा तथा स्वास्थ्य पोषण  र सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको समिक्षा गर्दा निम्न लिखित चुनौतीहरू पहिचान गरिएको छ :

१. दिवा खाजा, स्वास्थ्य तथा पोषण, सरसफाइ स्वच्छताका लागि मितव्ययी प्रभावकारी दिगोपना पर्याप्त संरचनागत व्यवस्थापनका लागि गाउँपालिका, स्वास्थ्य कार्यालय, विद्यालयसँग कार्यविधि हुनु पर्ने,
२. संघीय कानून तथा गाँउपालिकाको कार्यविधि अनुसार विद्यालयमा दक्ष स्वास्थ्य प्राविधिक व्यवस्थापन गर्नु
३. दिवाखाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ स्वच्छताका लागि पर्याप्त वित्तिय प्रबन्ध सुनिश्चित गर्नु,
४. विद्यालय खाजाका लागि उपयुक्त स्वरुप तथा स्थानीय पौष्टिक तत्वयुक्त खाजा सुनिश्चित गर्नु
५. दिवा खाजाका लागि प्राविधिक क्षमता विकास गर्नु
६. विद्यालय खाजालाइ स्थानीय कृषि तथा व्यापारसँग जोड्नु
७. कार्यक्रमलाई प्रभावकारी अनुगमन र समयबद्ध मूल्याङ्कन पद्धति विकास गर्नु
८. विद्यालय खाजा कार्यक्रमलाई सबै विद्यार्थीहरूले पाउने गरि कानूनी तथा बजेट व्यवस्थापन गर्नु
९. विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाई स्वच्छता सम्बन्धि नीतिगत तथा कार्यक्रम समन्वयात्मक कार्यलाई व्यवस्थित बनाउनु
१०. विद्यालय खाजा तथा अन्य विषयहरूलाई एकीकृत रुपमा सम्बन्धित गराउनु
११. विद्यालय स्वास्थ्य तथा बातावरणीय लैङ्गिक स्वच्छता, अपाङ्गता तथा समय सापेक्षतामा परिवर्तन तथा थप विकास गरि कार्यान्वयन गर्नु
१२. सरसफाइ तथा स्वच्छताका लागि आवश्यक मापदण्ड निर्धारण गरि कार्यान्वयन गर्नु
१३. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्नु,
१४. दिवा खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरि पौष्टिक तथा स्वस्थ्यकर दिवा खाजा सुनिश्चित गर्नु,
१५. सचित्र पोषण पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्नु,
१६. दिवा खाजाको व्यवस्थापन (पकाउने, खुवाउने) पद्धति विकास गर्नु ।

### ४.३.४ उद्देश्य

- प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थ्यकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
- विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ।
- सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरि बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।
- एक विद्यालय एक भान्छेको व्यस्थापन गरि दिवा खाजा कार्यक्रमलाई अझै प्रभावकारी बनाइने ।



CamScanner

### ४.३.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिनेछ :

१. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरिने ।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा, ताजा र पोषिलो खाजा तयार गरि समूहमा हात धुने बानी विस्तार गरिने ।
३. सबै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने ।
४. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्ने ।
५. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने ।

### ४.३.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

***क) उपलब्धि***

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने ।

***ख) प्रमुख नतिजाहरू***

१. विद्यालय दिवा खाजा कार्यविधि २०७७, अद्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने ।
२. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थ्यकर्मी परिचालन हुने ।
३. सबै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने ।
४. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने ।
५. सरसफाई सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने ।
६. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चित हुने ।

***ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य***

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि २०७७ अद्यावधिक तथा परिमार्जन | पटक | | १ | | | | १ | गाँउपालिका |
| २ | एक विद्यालय एक स्वास्थ्यकर्मी | संख्या | | १ | १ | १ | | ३ | संघ/प्रदेश/गाउँपालिका |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | | ५ | १७ | | | २२ | गाँउपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | | ६-८ | | | | | विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | ३ | २ | ५ | ५ | ७ | २२ | विद्यालय |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | निरन्तर | | | | | | ० | विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | ३ | २ | ५ | ५ | ७ | २२ | विद्यालय |
| ८ | अभिभावक आमा समूह | संख्या | ३ | २ | ५ | ५ | ७ | २२ | विद्यालय |

## ४.४ छात्रवृति

### ४.४.१ परिचय

विद्यालय शिक्षामा विद्यार्थीहरूको सहभागिता वृद्धि गरि सिकाइलाई निरन्तरता दिन तथा विद्यालय बाहिर रहेका सामाजिक र आर्थिक रुपले पिछडिएका वर्गहरूलाई विद्यालय शिक्षामा सुनिश्चित गर्न अगाडि सारिएको उत्प्रेरणामूलक कार्य छात्रवृत्ति हो । जसले लक्षित समुदायहरू गरिब, सुविधाविहिन, दलित, अपाङ्गता तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्न मद्दत गर्दछ। छात्रवृत्ति लगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार, सुविधाविहिन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरि समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ । यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेशनरी लगायतका सामाग्रीहरू, दिवा खाजा इत्यादि उपलब्ध हुन नसकी विद्यालयमा हुने विद्यार्थीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ । यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आधारभूत तहमा अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ । त्यसैगरि यसबाट विद्यालयमा उपस्थित हुन र सिकाइमा सक्रियतापूर्वक सहभागी हुन उत्प्रेरणा प्राप्त हुने भएकाले बालबालिकाको सिकाइ सुधार गरि शिक्षाको गुणस्तर सुधार गर्नमा पनि योगदान हुन्छ । विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि प्रदान गरिने यस्ता छात्रवृत्ति तथा प्रोत्साहनहरू मूलत: गरिब केन्द्रित हुन आवश्यक छ ।

### ४.४.२ वर्तमान अवस्था

नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गर्दै आएको छ । यस गाउँपालिका अन्तर्गत आधारभूत तह कक्षा १-८ मा अध्ययनरत दलित छात्रा, दलित छात्र, अपाङ्गता भएकाहरूले यो सुविधा लिएका छन् । यस गाउँपालिकामा विभिन्न विद्यालयमा अध्ययनरत वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई विभिन्न दाता तथा संघ सस्थाले प्रोत्साहन स्वरुप छात्रवृत्तिहरू प्रदान गर्दै आइरहेका छन् ।

### ४.४.३ अवसर तथा चुनौतीहरू

यस गाँउपालिकाको छात्रवृत्ति सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

१. छात्रवृत्तिको रकम ज्यादै न्यून हुनु ।
२. छात्रवृत्ति वितरण गर्दा जात र लिङ्गलाई मात्र बढी महत्व दिनु ।
३. छात्रवृत्ति वितरण र यसको प्रभावकारिताको अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउनु ।
४. छात्रवृत्ति सहित सामुदायिक आवासीय विद्यालय व्यवस्थापन गर्नु ।



CamScanner

### ४.४.४ उद्देश्य

१. लक्षित वर्ग पहिचान गरि बालबालिकाहरूलाई सिकाइमा सहभागिता र उपलब्धि बढाउने ।
२. विद्यालय शिक्षामा समानता र समता वृद्धि गरि समावेशी बनाउने ।

### ४.४.५ रणनीतिहरू

१. लक्षित वर्ग पहिचान गरि छात्रवृत्ति वितरण गरिने ।
२. विद्यालय र समुदायको सहभागितामा प्रत्येक विद्यालयमा छात्रवृत्ति व्यवस्थापन समिति र दिवा खाजा व्यवस्थापन समिति गठन गरिने ।
३. निःशुल्क प्राविधिक उच्च शिक्षाको अवसर पाएका विद्यार्थीले अध्ययन पश्चात् ५ वर्ष आफ्नो क्षेत्रमा रोजगारीको अवसर प्रदान गर्ने ।

### ४.४.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

*क) उपलब्धि*

१. आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने ।

*ख) प्रमुख नतिजाहरू*

१. लक्षित वर्ग पहिचान गरि एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्वयन हुने ।
२. आर्थिक रुपमा पिछडिएका वर्गलाई छात्रवृत्ति वितरण गरिने ।
३. सामुदायिक आवासीय विद्यालय छात्रवृत्ति सहितको हुने ।

*ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | छात्रवृत्ति छनोट र वितरण कार्यविधि विकास | पटक | | १ | | | | १ | गाँउपालिका |
| २ | छात्रवृत्ति र दिवा खाजा व्यवस्थापन समिति गठन | संख्या | ३ | २ | १७ | | | २२ | विद्यालय |
| ३ | अनुगमन तथा मूल्याङ्कन | चैमासिक | ३ | ३ | ३ | ३ | ३ | निरन्तर | गाँउपालिका |
| ४ | माध्यमिक तथा उच्च शिक्षामा विज्ञान प्रविधि जस्ता प्राविधिक विषय अध्ययनको लागि छात्रवृति कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका |
| ५ | विद्यालय तहका बालबालिकाहरूको सिकाइका लागि प्रोत्साहन कार्यक्रमका पहिचान तथा कार्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका |



CamScanner

## ४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

### ४.५.१ परिचय

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरि शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्वतयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरि तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिबद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन् । विशेषतः लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस विद्यालय शिक्षा क्षेत्र योजनामा यस गाउँपालिकाले आगामी ५ वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

यस खण्डमा मूलतः तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :

- प्राकृतिक प्रकोप : भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि ।
- महामारी : झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरूवा रोगहरू ।
- युद्ध, द्वन्द, विस्थापन : आन्तरिक तथा बाहृय युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन, आन्तरिक तथा बाहृय स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्ने ।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गता भएकाहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनैपनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।



CS CamScanner

यस गाउँपालिकामा पनि विभिन्न समयमा विपद् तथा संकट आइपर्दछन् । यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद् तथा संकटको घडिमा पनि विचलित नभइ सोको व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरिंदै आएको छ । जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय व्यवस्थापन समितिको संयुक्त सहयोगमा भर्चुअल तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरि सिकाइलाई निरन्तरता दिएको सर्वविदित्तै छ । यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणाली मार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो । विपद्का लागि सहयोगार्थ यस गाउँपालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ । विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स. ले पनि विपद्प्रति सचेतना जगाउँदै आएका छन् । स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखि नै विपद् जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत यस गाउँ पालिकाका सबै २८ वटै सामुदायिक विद्यालय तथा मदर्सामा गृह तथा समुदायमा आधारित विद्यालय कार्यक्रम (Home-Schooling Program) संचालन भएको थियो । यस कार्यक्रम मार्फत कोभिड-१९ महामारीबाट बिद्यार्थीहरूको अवरुद्ध भएको सिकाइलाई निरन्तरता दिनका लागि शिक्षक, अभिभावक तथा विद्यालयको सहयोगमा २८ विद्यालयका ८४ क्लस्टरहरू मार्फत समुदायमा विद्यार्थीहरूको सिकाइलाई निरन्तरता दिनका लागि सहयोग भएको थियो । स्थानीय सरकारको नेतृत्वमा सञ्चालन भएको यस कार्यक्रममा प्रारम्भिक कक्षाका शिक्षक र प्रधानाध्यापकको परिचालनबाट सिकाइलाई निरन्तरता दिन सहयोग पुगेको थियो । यस कार्यक्रम मार्फत ८४ शिक्षक २८ प्र.अ. ले निरन्तर सहयोग पुर्याएका थिए, जसबाट कक्षा १-३ का २६८४ बालबालिकाहरू प्रत्यक्ष रुपमा लाभान्वित भएका थिए ।

### ४.५.३ अवसर तथा चुनौतीहरू

१. संकटको क्षेत्र पहिचान गर्नु तथा संकटहरूको वर्गिकरण तथा योजना बनाउनु ।
२. आपतकालीन अवस्थामा शिक्षा अन्तरसम्बन्धित विषय वा छुट्टै विधाको रुपमा सम्बन्धित गर्नु ।
३. प्राकृतिक प्रकोप र सोको जोखिम, महामारी तथा सामाजिक तथा राजनैतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउनु ।
४. अकल्पनिय घटनालाई योजनामा समेट्ने तथा स्रोत व्यवस्थापन गर्नु ।
५. तत्कालिन तथा दिर्घकालिन योजना बनाउनु ।
६. संकटकालिन शिक्षा योजना निर्माणमा सहभागि हुनु ।
७. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्नु ।
८. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु ।

### ४.५.४ उद्देश्यहरू

१. संकटको सम्भावित जोखिम पहिचान गरि शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।
२. सूचना तथा संञ्चार प्रविधिको विकास गर्ने ।
३. कोभिड १९, बाढी, भूकम्प जस्ता संकटमा पनि शिक्षण सिकाइ कार्यलाई निरन्तरता दिनका लागि योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने ।



CS CamScanner

### ४.५.५ रणनीतिहरू

१. स्थानीय सरकारले संकटको पहिचान मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने ।
२. विपद् प्रतिरोधी भौत्तिक पूर्वाधारको निर्माण तथा पुर्नस्थापन गरिने ।
३. विद्यार्थी, शिक्षक, अभिभावकलाई प्रकोप रोकथाम र पुर्नस्थापनाका लागि क्षमता विकास गरिने ।
४. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिने ।
५. विद्यालय शान्ति क्षेत्र कायम गरि यसप्रति सरोकारवालालाई जिम्मेवार बनाइने ।

### ४.५.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

***क) उपलब्धि***

१. हरेक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने ।

***ख) नतिजा***

१. विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने ।
२. स्रोतको व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने ।
३. महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने ।

***ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य***

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा भौत्तिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | आवश्यकता अनुसार | | १ | | | | १ | संघ/प्रदेश/ गाउँपालिका |
| २ | क्षमता विकास | संख्या | ३ | २ | ८ | ९ | ६ | २८ | गाँउपालिका |
| ३ | मापदण्ड अनुसारको भौत्तिक पूर्वाधार | निरन्तर | ३ | २ | ८ | ९ | ६ | २८ | संघ/प्रदेश/ गाउँपालिका |
| ४ | समुदायमा सूचना तथा संचार प्रविधिको विस्तार | प्रतिशत | २० | २० | २० | २० | २० | १०० | गाँउपालिका |
| ५ | विद्यालयमा सूचना तथा संचार प्रविधिको विकास | संख्या | ० | २ | ५ | ६ | ६ | १९ | गाँउपालिका |
| ६ | प्रयोगकर्ता पुस्तिका (User Manual) सहितको प्राथमिक उपचार बाकस | संख्या | ३ | २ | ५ | ६ | ६ | २२ | गाँउपालिका |
| ७ | वैकल्पिक शिक्षा (Home-schooling) कार्यक्रम संचालन तथा निरन्तरता | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | गाँउपालिका /विद्यालय |

## ४.६ विद्यालय भौत्तिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौत्तिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौत्तिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौत्तिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ।

यस खण्डमा विद्यालयको भौत्तिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी ५ वर्षका लागि विद्यालयको भौत्तिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.२ वर्तमान अवस्था

यस गाउँपालिकामा कुल विद्यालय ४१ मध्ये २२ सामुदायिक, ६ मदर्सा/धार्मिक र १३ संस्थागत विद्यालय छन्। सामुदायिक विद्यालय तर्फको भौत्तिक तथा अन्य अवस्था तपशिल अनुसार रहेको छ।

| क्र.सं. | भौत्तिक विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पक्की भवन भएको विद्यालय संख्या | ३६ | ४५ |
| २ | कच्ची/ट्रस भवन भएको विद्यालय संख्या | ४४ | ५५ |
| ३ | प्रयोगमा आएको भवन संख्या | ६८ | ८५ |
| ४ | प्रयोगमा नआएको भवन संख्या | १२ | १५ |
| ५ | अपाँगतामैत्री भवन संख्या | २४ | ३० |
| ६ | भूकम्प प्रतिरोधी भवन संख्या | ३३ | ४१।३ |
| ७ | पर्याप्त कक्षाकोठाको उपलब्धता भएको विद्यालय | ६ | २२।२ |
| ८ | कार्यालय कोठा भएको विद्यालय संख्या | १५ | ५५।६ |
| ९ | प्रयोगमा आएका शौचालयको संख्या | ६७ | |
| १० | छात्राको लागि छुट्टै शौचालय भएको विद्यालय संख्या | ११ | ४०।७ |
| ११ | अपाँगतामैत्री शौचालय भएको विद्यालय संख्या | ५ | १८।५ |
| १२ | अपाँगतामैत्री शौचालयको संख्या | १० | |
| १३ | विद्यालयमा बिजुली पुगेको विद्यालयको संख्या | २२ | ८१।५ |
| १४ | ईन्टरनेट सेवा जडान भएका विद्यालय संख्या | १७ | ६३।० |
| १५ | खानेपानीको राम्रो व्यवस्था भएको विद्यालयको संख्या | २२ | ८१।५ |
| १६ | बालमैत्री खानेपानी धारा भएको विद्यालय संख्या | १ | ३।७ |
| १७ | विद्यालय घेराबार व्यवस्थापन भएको विद्यालयको संख्या | १३ | ४८।१ |
| १८ | खेलमैदान रहेका विद्यालय संख्या | १९ | ७०।४ |



CamScanner

| क्र.सं. | शिक्षण सिकाइ सम्बन्धि विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कक्षा १ देखी ३ सम्मको शिक्षण व्यवस्था विषयगत शिक्षण | २७ | १०० |
| २ | कक्षा १ देखी ३ सम्मको शिक्षण व्यवस्था कक्षागत शिक्षण | ० | ० |
| ३ | कक्षा १ देखी ३ सम्मको शिक्षण व्यवस्था बहुकक्षा शिक्षण | २२ | ८१।५ |
| ४ | कक्षा १ देखी ३ सम्मको शिक्षण माध्यम अंग्रेजी भएका विद्यालय संख्या | ० | ० |
| ५ | कक्षा ४ मा बहुकक्षा शिक्षण भइरहेका विद्यालय संख्या | १४ | ७३।७ |
| ६ | कक्षा ५ मा बहुकक्षा शिक्षण भइरहेका विद्यालय संख्या | ४ | २८।६ |
| ७ | कक्षा ४ देखी ५ सम्मको शिक्षण माध्यम अंग्रेजी भएका विद्यालय संख्या | ० | ० |
| ८ | कक्षा ६ देखी ८ सम्मको शिक्षण माध्यम अंग्रेजी भएका विद्यालय संख्या | ० | ० |
| ९ | कक्षा १ देखी १० सम्मको शिक्षण माध्यम अंग्रेजी भएका विद्यालय संख्या | ० | ० |
| १० | स्थानीय पाठ्यक्रम वा पाठ्यबस्तु तयार गरि शिक्षण गर्ने विद्यालयको संख्या | ० | ० |
| **क्र.सं.** | **शैक्षिक सामग्रीको अवस्था** | **संख्या** | **प्रतिशत** |
| १ | शिक्षण सिकाइको लागि प्रोजेक्टरको व्यवस्था भएको विद्यालय | २ | ६६।६६ |
| २ | कक्षा १-३ मा न्युनत्तम ५० थान सहितको पुस्तक कुना निर्माण भएको विद्यालय | २७ | १०० |
| ३ | उपकरण सहित विज्ञान ल्याब भएको विद्यालय | १ | ३।७ |
| ४ | कम्प्यूटर प्रयोगशाला व्यवस्था गरिएको विद्यालय | ३ | ११।१ |
| ५ | गणित प्रयोगशाला व्यवस्था गरिएको विद्यालय | ० | ० |
| ६ | पुस्तकालय व्यवस्था गरिएको विद्यालय | २ | ७।४ |
| ७ | अंग्रजी गणित र विज्ञान विषय किटको व्यवस्था गरिएको विद्यालय | ० | ० |
| ८ | Low table भएका बाल विकास केन्द्र संख्या | १९ | ७०।४ |
| ९ | कक्षाकोठा कार्पेटिङ्ग भएका बाल विकास केन्द्र संख्या | १९ | ७०।४ |
| १० | सामाग्री सहितका बाल विकास केन्द्र संख्या | १५ | ५५।६ |
| ११ | कक्षा १ मा Low table भएका विद्यालय संख्या | २४ | ८८।९ |
| १२ | कक्षा १ मा कार्पेटिङ्ग भएका विद्यालय संख्या | २३ | ८५।२ |
| १३ | कक्षा १ मा बुक कर्नर रहेका विद्यालय संख्या | १७ | ६३।० |
| १४ | कक्षा २ मा Low table भएका विद्यालय संख्या | १४ | ५१।९ |
| १५ | कक्षा २ मा कार्पेटिङ्ग भएका विद्यालय संख्या | ८ | २९।६ |
| १६ | कक्षा २ म बुक कर्नर रहेका विद्यालय संख्या | १५ | ५५।६ |
| १७ | कक्षा ३ मा Low table भएका विद्यालय संख्या | १० | ३७।० |
| १८ | कक्षा ३ मा कार्पेटिङ्ग भएका विद्यालय संख्या | ४ | १४।८ |
| १९ | कक्षा ३ म बुक कर्नर रहेका विद्यालय संख्या | २६ | ९६।३ |
| २० | पाठ्यपुस्तक सबै बालबालिकाहरूले प्राप्त गर्ने विद्यालय | २७ | १०० |
| २१ | वार्षिक औसतमा विद्यालय संचालन भएका दिन | १८०।८१ | ९४.१७ |
| **क्र.सं.** | **विद्यालय सुशासन सम्बन्धी विवरण** | **संख्या** | **प्रतिशत** |
| १ | विद्यालय व्यवस्थापन समिति गठन भएका विद्यालय | १४ | ५१।९ |
| २ | शिक्षक अभिभावक संघ गठन भएका विद्यालय संख्या | ० | ०।० |
| ३ | विद्यालय सुधार योजना बनाएका विद्यालय संख्या | २३ | ८५।२ |



CamScanner

| | | | |
|---|---|---|---|
| ४ | बाल क्लब गठन भएका विद्यालय संख्या | २६ | ९६।३ |
| ५ | गुनासो सुनुवाई पेटीका जडान भएका विद्यालय | २७ | १००।० |

### ४.६.३ अवसर तथा चुनौतीहरू

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका छन् :

१. भौत्तिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका हुनु ।
२. पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी एवं जवाफदेही बनाउनु ।
३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरुयोजना विकास गर्नु ।
४. आवश्यक स्रोतको पहिचान र व्यवस्थापन गर्नु ।
५. पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिकमैत्री बनाउनु ।

### ४.६.४ उद्देश्य

१. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।
२. पूर्वाधारलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपाङ्गता र लैङ्गिकमैत्री बनाउने ।

### ४.६.५ रणनीतिहरू

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी संख्याको आधारमा मापदण्ड विकास गरिने ।
२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिने ।
३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजा घर लगायत सबैको योजना समावेश गरि डिजाइन गरिने ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरि स्तरोन्नती गरिने ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरिने ।
६. पूर्वाधार विकासका लागि विद्यालयको भौत्तिक सूचक तयार गरिने ।
७. आंशिक रुपमा क्षति भएका विद्यालयका संरचनाको मर्मत सम्भार गरिने ।

### ४.६.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*क) उपलब्धि*

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौत्तिक वातावरणमा अध्ययन गर्ने अवसर हुने ।

*ख) नतिजा*

१. माँग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको ५ वर्षे गुरु योजना तयार हुनेछ ।
२. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी संख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।



CS CamScanner

३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुनेछ ।
४. गाउँपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुनेछ ।
५. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुनेछ ।
६. विद्यालयमा अपाङ्गतामैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुनेछ ।
७. सबै विद्यालयको क्षेत्रभित्र घेरबार र प्रवेश गेट निर्माण भएको हुनेछ ।
८. सबै कक्षाकोठाहरुमा शिक्षक र विद्यार्थीका लागि आवश्यक सामाग्री (टेबल, दराज, शैक्षणिक सामग्री, मसलन्द) को व्यवस्था गरिने छ ।

## *ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयको भौतिक पूर्वाधार विकास योजना निर्माण कार्यविधि तयार | पटक | | १ | | | १ | २ | गाउँपालिका |
| २ | भौतिक पूर्वाधार निर्माणको अवस्थाको स्वरुप अध्ययन | सबै विद्यालय | | १ | | १ | | २ | गाउँपालिका |
| ३ | वर्तमान विद्यालयको भौतिक पूर्वाधार अवस्थाको जानकारी | सबै विद्यालय | | १ | १ | | १ | ३ | गाउँपालिका |
| ४ | नमुना भौतिक पूर्वाधार विकास | विद्यालय | | २ | २ | २ | २ | ८ | तिनै तहका सरकार |
| ५ | पूर्वाधार विकासका लागि मापदण्ड एवं सूचकको तयारी | पटक | १ | | १ | | १ | ३ | गाउँपालिका |
| ६ | पूर्वाधार विकास एवं विस्तारका लागि ५ वर्षे गुरुयोजना तयार | पटक | १ | | | | | १ | गाउँपालिका |
| ७ | विद्यालयको मर्मत सम्भार र सम्बर्द्धन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ८ | पूर्वाधार विकासको लागि स्रोत व्यवस्था र जिम्मेवारी | निरन्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ९ | प्रकोपको सिकार भएका विद्यालय भवन मर्मत | निरन्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| १० | विद्यालयमा भान्साकोठा निर्माण | विद्यालय | २ | ३ | ५ | ५ | ७ | २२ | गाउँपालिका |
| ११ | मापदण्ड अनुसारको संस्थागत विद्यालयको भौतिक पूर्वाधार | विद्यालय | १ | २ | ३ | ३ | ४ | १३ | विद्यालय |



CamScanner

## ४.७ शिक्षामा सूचना र प्रविधि

### ४.७.१ परिचय

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्याङ्कको रुपमा सूचनाहरूलाई विद्युतीय यन्त्रहरू कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण, संग्रह र प्रवाहलाई चिनिन्छ । एकाइसौं शताब्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ । अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ। विश्वका शक्तिशाली राष्ट्रहरू विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी सुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन् ।

हालको कोभिड-१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७।०२।१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको छ ।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरि सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनुपर्दछ ।

कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । यस्ता किसिमका विभिन्न महामारीबीच शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा यस प्रकारका डिजिटल प्रविधिहरूले ठूलो सहयोग पुर्याएका छन् । हाल नेपालमा पनि विभिन्न प्रविधिहरू मार्फत अनलाइन तथा अफलाइन एवम् भर्चुअल माध्यमको प्रयोग गरि विभिन्न किसिमका गोष्ठी, सेमिनार, बैठक, तालिम दिनुका साथै विद्यार्थीहरूलाई घरमै बसी सिकाइ निरन्तरतालाई अगाडी बढाउन खोजिएको छ तर पर्याप्त क्षमता तथा सञ्चारको अभावले सबै सिकारुलाई समेट्न नसकिएकोले यस्तो अवस्थामा सबैको सहज पहुँच पुग्ने गरि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु चुनौतीपूर्ण कार्य रहेको छ ।

### ४.७.२ वर्तमान अवस्था

नेपाल सरकारकाले २०७६ मा स्वीकृत राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी  पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग



CamScanner

गर्नका लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने र दक्ष जनशक्ति तयार गर्ने कुरा उल्लेख गरिएको, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजनाले दश हजार भन्दा बढी विद्यालयहरूमा सिकाइका लागि इन्टरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिको विकास गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइजेशन, शिक्षक र विद्यार्थीको पहुँच उक्त प्रविधिमा सहजरुपमा पुर्याउने कार्य गर्नु आजको आवश्यकता रहेको छ ।

यसैगरि विद्यालय क्षेत्र विकास योजनामा पनि सूचना तथा प्रविधिका क्रियाकलाप समेत समावेश गरिएको छ । जसमा सिकाइमा सूचना तथा प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अंग्रेजी विषयमा विद्युतिय सामाग्री निर्माण गर्ने, पूर्वाधार विकास, शिक्षण सिकाइ सामग्री प्रदान गर्ने । नमूना विद्यालयहरूमा सूचना तथा प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने साथै एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक सूचना प्रणाली विकास गर्ने कार्यहरू रहेको पाइन्छ । उल्लिखित नीतिहरू तथा योजनाले लक्षित गरेका कार्यहरूको प्रगति र वर्तमान अवस्थालाई र एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीमा आधारित बनाइएको छ । तथापि धेरै जसो विद्यालयमा कम्प्युटर लगायतका सूचना प्रविधि सम्बन्धी सामाग्री तथा इन्टरनेटको अभावले यसलाई पूर्ण बनाउन सकिएको छैन । यसैगरि विद्यालय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम र उच्च शिक्षाका अलग अलग शैक्षिक सूचना पद्धति भएकाले तिनीहरू बीच सम्बन्ध स्थापित गर्न जटिल भएको छ । हाल अधिकाँश सामुदायिक विद्यालयहरूमा कम्प्युटर सम्बन्धी सामाग्रीहरू उपलब्ध गराइएपनि नेट इन्टरनेटको पहुँच भने कम भएको पाइन्छ । अर्कोतिर यि सुविधाहरूको सिकाइमा प्रयोग गर्ने विद्यालयहरूको संख्या न्यून नै छ । तसर्थ एकातिर साधन र संरचना बढाउन आवश्यक छ भने अर्कोतिर यसको प्रभावकारी प्रयोग गर्नुपर्ने देखिन्छ । शिक्षण सिकाइमा प्रविधिको प्रयोगका लागि डिजिटल सामाग्रीहरू पर्याप्त नहुनु एक समस्याकै रुपमा देखिन्छ । विद्यालय क्षेत्र विकास योजना अन्तरगत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६,९,८ का लागि गणित, विज्ञान र अंग्रेजी विषयमा केहि डिजिटल सामग्रीहरू तयार गरेको छ। कोभिड १९ को महामारीले उब्जाएका समस्यालाई मध्यनजर गर्दै डिजिटल सामग्रीलाई बेग्लै Web पोर्टल बनाइ सबैको पहुँच हुने गरि राखिएको छ । यस्तो महामारीको अवस्थामा सिकाइलाई निरन्तरता दिन यसका अतिरिक्त विभिन्न भर्चुअल माध्यमबाट पनि केहि विद्यालयहरूमा कक्षा सञ्चालन हुँदै आएतापनि विद्युत, नेट, इन्टरनेटका कारण तथा ग्रामीण बस्तीका विद्यार्थीहरूको आर्थिक अवस्थाको समस्याले गर्दा खासै प्रभावकारी शिक्षण सिकाइ भएको छैन् ।

माथि उल्लेख भएका उपलब्धी तथा अवसरहरूको आधारमा गत २०७६/०७७ को अन्त्यबाट कोभिड १९ को प्रभाव मुलुकभरका सबै विद्यालयहरूमा ६ महिना भन्दा बढी बन्द रहन गएको अवस्थामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको कोभिड महामारी अवस्थामा हुनसक्ने निषेधाज्ञाको प्रकृति अनुरुप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित कृयाकलापहरूको कार्यान्वयन सम्बन्धी कार्ययोजना २०७८ तयार गरि जारी गर्दै सोहि आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सरकारी तवरबाट प्रयास गरेको र अन्य सरोकारवालाका साथै विभिन्न निकायको समन्वयमा विद्यार्थी सिकाइलाई निरन्तरता दिनका लागि अवस्था अनुकूल विभिन्न वैकल्पिक सिकाइका विधिहरूको विकास, व्यवस्थापन तथा सञ्चालन मध्ये प्रविधिमा आधारित विधिहरू नै प्रमुख रहेका छन् । यस्ता विधिहरूमा मुख्य गरि छापाका शिक्षण सिकाइ सामग्री, रेडियो, टिभिबाट प्रसारित सामाग्रीहरू विद्युतिय माध्यमबाट प्राप्त सामाग्रीहरू पुस्तकालय साथै अन्य निजी तथा सरकारी तवरबाट भर्चुअल माध्यमको प्रयोग गरि सिकाइका विधिहरूको अबलम्वन गरिएको छ । यस अवधिमा गरेका क्रियाकलापको



CamScanner

आधारमा हेर्दा १३ प्रतिशत विद्यालयहरूले मात्र Web मा आधारित सामाग्री प्रयोग गरेको देखिन्छ भने बाँकी विद्यालयहरूले अन्य वैकल्पिक विधिहरूको प्रयोग गरेको पाइन्छ ।

शैक्षिक व्यवस्थापनमा सूचना र प्रविधिको व्यवस्थापन गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको स्थापना गरि स्थानीयसम्म एकीकृत संचितकोष व्यवस्थापन प्रणाली विकास गरि अनलाइन पद्धतिको विकास गरिएको छ । विद्यालयको लेखा प्रणाली परीक्षासंग सम्बधित कार्य गर्नका लागि अनलाईन प्रणालीलाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ । विद्यालय क्षेत्र विकास योजना SSDP कार्यान्वयनको हाल सम्मको अवस्था हेर्दा संरचनामा रहेका २८,८३३ सामुदायिक विद्यालयहरू मध्ये ५०.२ प्रतिशत विद्यालयमा विद्युत र १८.७ प्रतिशत विद्यालयमा इन्टरनेटको सुविधा उपलब्ध भएको देखिन्छ भने ४१.९ प्रतिशत विद्यालयमा कम्प्युटरको सुविधा छ तर ३७ प्रतिशत विद्यालयमा मात्र शिक्षण सिकाइ प्रयोजनमा कम्प्युटरको प्रयोग भएको पाइन्छ । प्रशासनिक कार्यमा कम्प्युटरको प्रयोग गर्ने विद्यालयको संख्या ३६ प्रतिशत रहेको हुँदा कतिपय विद्यालयमा कम्प्युटर पनि प्रयोग नभएको अवस्था छ । तर वि.सं.२०७६ देखि नेपाल दुरसंचार विकास कोष मार्फत केहि विद्यालयहरूलाई प्रस्ताव आह्वान गरि कनक्टिभिटी र अन्य संरचना सहयोग गरिरहेको छ ।

यस गाउँपालिकामा आ.ब. २०७८/०७९ मा मल्टिमिडिया समेतको सुविधा भएको २ विद्यालय छ र आवश्यकता अनुसार शिक्षणमा प्रयोग गर्ने गरिएको छ । चन्द्रनगरमा २२ वटा विद्यालयमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा भएका विद्यालयहरू क्रमशः १, ३ र १७ वटा रहेका छन् । यस सम्बन्धी विस्तृत विवरण तपशिसल अनुसार रहेको छ ।

| क.सं. | शैक्षिक सामग्रीको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षण सिकाइको लागि प्रोजेक्टरको व्यवस्था भएको विद्यालय | २ | ६६.६६ |
| २ | कक्षा १-३ मा न्युनत्तम ५० थान सहितको पुस्तक कुना निर्माण भएको विद्यालय | २७ | १०० |
| ३ | उपकरण सहित विज्ञान ल्याब भएको विद्यालय | १ | ३।७ |
| ४ | कम्प्यूटर प्रयोगशाला व्यवस्था गरिएको विद्यालय | ३ | ११।१ |
| ५ | गणित प्रयोगशाला व्यवस्था गरिएको विद्यालय | ० | ० |
| ६ | ईन्टरनेट सेवा जडान भएका विद्यालय संख्या | १७ | ६३।० |
| ७ | पुस्तकालय व्यवस्था गरिएको विद्यालय | २ | ७।४ |
| ८ | अंग्रजी गणित र विज्ञान विषय किटको व्यवस्था गरिएको विद्यालय | ० | ० |

### ४.७.३ अवसर तथा चुनौतीहरू

यस प्रकारका राष्ट्रिय तथा स्थानीय परिवेशको विश्लेषणका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधी सम्वन्धी निम्नलिखित चुनौतिहरू पहिचान गरिएको छ :

१. सूचना तथा सञ्चार प्रविधी सम्वन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटि लगायतका प्राविधिक पूर्वाधारको पहुँच सबै विद्यालयमा पुर्याउने,
२. सूचना तथा सञ्चार प्रविधी सम्वन्धी उपकरणको व्यवस्थापन, त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्ने,
३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट क्षमता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु,
४. अपांगता भएका व्यक्तिका लागि उपयुक्त हुने गरि सामाग्री विकास र प्रयोग गर्नु,
५. अन्तरकृयात्मक सफटवेयरमा लाग्ने खर्च व्यवस्थापन गर्नु,



CamScanner

६. सूचना तथा सञ्चार प्रविधीको लागत प्रभावकारीता वृद्धि गर्ने,
७. सबै प्रयोगकर्तालाई सहज हुनेगरि शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु,
८. इन्टरनेट सेवा प्रदायक संस्था र गाउँपालिका बीचमा समन्वय स्थापना गर्नु ।

### ४.७.४ उद्देश्यहरू

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।
२. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्याउने ।
३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।

### ४.७.५ रणनीतिहरू

सबै विद्यालयहरूमा प्रविधि सम्बन्धी आधारभूत संरचना विस्तार गरि उपकरणको प्रवन्ध गरिने ।

१. शिक्षकहरूको क्षमता विकास गरि स्वयम्सेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिने ।
२. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामाग्री विकास गरिने ।
३. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिने ।
४. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुर्याउने ।
५. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिने ।
७. विद्युतीय पुस्तकालयलाई वार्षिक रुपमा अद्यावधिक गरिने ।
८. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधीको विकास गरिने ।

### ४.७.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

#### *क) उपलब्धि*

१. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्द्धन हुने ।

#### *ख) नतिजा*

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याब स्थापना र सञ्चालन हुने ।
२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने ।
३. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालनका लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोनका साथै पेनड्राइभ हुने ।
४. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने ।
५. प्रत्येक वडामा एक फ्रि वाईफाई चौतारी निर्माण गर्ने ।
६. शिक्षकहरूको क्षमता विकास गरि स्वयम्सेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ ।
७. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा विस्तार हुने ।
८. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने ।



CamScanner

## *ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रविधि सम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | ३ | २ | ५ | ६ | ६ | २२ | संघ/प्रदेश/गाउँपालिका |
| २ | पूर्णकालीन आई.सि.टी. शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना | संख्या | | | ३ | २ | | ५ | प्र.अ. र गाउँपालिका |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | २ | १ | २ | २ | २ | ९ | विद्यालय |
| ४ | ई-पुस्तकालय अद्यावधिक र विस्तार | संख्या | १ | १ | १ | २ | ५ | १० | गाँउपालिका |
| ५ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | संख्या | ३ | २ | २ | २ | २ | ११ | गाँउपालिका |
| ६ | फ्रि वाईफाई चौतारी | वडा | १ | १ | १ | २ | २ | ७ | गाँउपालिका |
| ७ | शिक्षकहरूको क्षमता विकास | पटक | | १ | १ | १ | | ३ | गाँउपालिका |
| ८ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | सा.सि.के. | | १ | १ | १ | ४ | ७ | गाँउपालिका |
| ९ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | सबै विद्यालय | | | | २२ | | २२ | संघ/प्रदेश/गाँउपालिका |



CamScanner

# परिच्छेद पाँच सुशासन तथा व्यवस्थापन –

## ५.१ परिचय

सुशासन शासनबाट आएको शब्द हो । शासन राज्यसँग सम्बन्धित हुन्छ । सुशासन त्यो शासन व्यवस्था हो जहाँ जनताको हित र कल्याणलाई सर्वोपरी मानिन्छ । पारदर्शिता, उत्तरदायित्व, सहभागिता र भविष्य परकर्तालाई सुशासनका अपरिहार्य तत्वका रुपमा लिइन्छ । सुशासनमा प्रभावकारिता, सक्षमता, मितव्ययिता, लोकतन्त्र, राजनैतिक, स्वतन्त्रता, समानता र अधिकार जस्ता सिद्धान्त सुशासनका पक्षमा प्रतिपादित सिद्धान्त हुन् ।

शिक्षामा स्थानीय सरकार, विद्यालय, समुदाय, गैर सरकारी संघ संस्था तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन अपरिहार्य मानिन्छ । विद्यालय शिक्षा क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तरगत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाहरूको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश गरिएका हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण र उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई  पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्छ ।

विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्नुपर्दछ । सुशासन र व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरुप संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य, मान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नुपर्ने हुन्छ । योजनाको कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा संचार प्रविधिको प्रयोग, समता र समावेशीताको प्रवर्द्धन, नतिजाको प्रवर्द्धन गरि शिक्षा क्षेत्रमा यस पाँच वर्षे योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयन, समग्र व्यवस्थाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली सम्बन्धमा वर्तमान अवस्थाको समिक्षा गरिएको छ ।

बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघिय तथा प्रादेशिक संरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको संख्यात्मक विस्तार, ज्ञान, प्रविधि र संचारमा भएको विकास, सामाजिक सचेतनामा आएको परिवर्तन लगायतका विविध पक्षहरूलाई समेत विचार गरि संस्थागत संरचना र क्षमता विकास गरि सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ ।

यस योजनाका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार, प्रकोप तथा महामारीको अवस्थाको सिकाइ तथा समावेशीताको प्रवर्द्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ ।

शिक्षा राज्य व्यवस्थाको एउटा महत्वपूर्ण विषय क्षेत्र भएकाले शैक्षिक सुशासनले विद्यालय शिक्षा क्षेत्रमा राखेका लक्ष्य हासिल गर्नका लागि सबैले आ-आफ्नो तह र क्षेत्रबाट सहज रुपमा जिम्मेवारी



CamScanner

निर्वाह गरि उपलब्धि वा लक्ष्य हासिल गर्ने अवस्थालाई बुझाउँछ । तसर्थ शिक्षामा सुशासनले सम्वद्ध संवेगात्मक क्षेत्रमा सरोकारवालाहरूको शैक्षिक, भौत्तिक, आर्थिक, सामाजिक र व्यवस्थापनमा सकारात्मक सहभागिता जनाउने प्रक्रियालाई समेट्छ । यसले स्थानीय शिक्षा विकासका निम्ति सङ्गठित गर्ने, नियमन गर्ने, नीति नियम तर्जुमा एवम् शैक्षिक, सामाजिक, आर्थिक एवम् संस्थागत र प्रणालीगत सम्बन्ध कायम गर्ने प्रक्रिया नै शिक्षामा समतामूलक सक्षमता गर्नुपर्ने विद्यालय सुशासन हो ।

संविधानमा व्यवस्था भएको शिक्षाको मौलिक हक, विद्यालय शिक्षा सम्बद्ध संवैधानिक नीतिहरू, शैक्षिक सुशासन कायम गर्नका लागि मार्गनिर्देशन नै मुख्य आधार हुनेछ । शिक्षा ऐन तथा नियमावलीमा रहेका विभिन्न तहगत एवम् निकायगत समितिका काम, कर्तव्य र अधिकारहरू, समिति बोर्डमा रहने पदाधिकारीहरूको नीतिगत, कानुनीगत योग्यता, सेवा सर्त एवम् छनौटका प्रक्रिया, शैक्षिक संस्थाहरूमा अनुदान व्यवस्थापनका प्रावधानले शिक्षामा सुशासन कायम हुनेछ । त्यसैगरि विद्यालय व्यवस्थापन जिम्मा लिने प्रावधान, तोकिएको कार्य, जिम्मेवारी पुरा नगरेको अवस्थामा दण्डित गर्ने व्यवस्था, अनुमति, स्वीकृति, खारेजीको व्यवस्था, शिक्षा क्षेत्रमा कार्य गर्ने कुराहरु समेट्नु आवश्यक छ ।

जनशक्तिको पदीय आचरण सम्बन्धी व्यवस्थापन लगायत पालन गर्नुपर्ने आचारसंहिता र दण्ड पुरस्कारका विषयहरू यस गाउँपालिकाका नीतिगत व्यवस्थापकीय प्रयासका साथै सुशासन ऐन, २०६४ र सुशासन नियमावली २०६५ विद्यालय सुशासन र व्यवस्थापनका लागि मूल आधार हुनेछ । विद्यालय गाउँ शिक्षामा सुशासन र व्यवस्थापनका पक्षमा शैक्षिक उपलब्धि लगायत प्रवाह हुने सेवा, सुविधा, नीति, कार्यक्रम, शिक्षा (सिकाइ उपलब्धी) बजेट लगायत समग्र पक्षको झलक दिलाइने/विकास हुनेछ ।

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ । शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वियन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ ।

विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नुपर्दछ । सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नुपर्दछ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा समपूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनुका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन



CamScanner

तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नुपर्दछ । त्यसैगरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्द्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ । यस परिच्छेदमा सुशासन प्रवर्द्धन गरि शिक्षा क्षेत्रमा यस ५ वर्षे विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

बदलिंदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय तथा प्रादेशिक संरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरि सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार, प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्द्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्द्धन गरि शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरि यस विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरि सुशासन प्रवर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ ।

## ५.२ वर्तमान अवस्था

चन्द्रनगर गाउँपालिकाले विद्यालय सुशासनको एउटा आधारभूत र महत्वपूर्ण उपक्षेत्रका रुपमा शिक्षा क्षेत्र अवलम्बन गरेको छ र आधुनिक राज्य सञ्चालन, व्यवस्थापनमा शिक्षालाई महत्वपूर्ण बहुआयामिक प्रभाव भएको क्षेत्रका रुपमा मानिनेछ । वर्तमान सन्दर्भमा सुशासनको सम्बोधन गर्ने प्रमुख दस्तावेज नेपालको संविधान (२०७२) हो । यसैका मातहतमा रही सुशासन ऐन, २०६४, सुशासन नियमावली २०६५, विद्यालय शिक्षा ऐन, २०२८ (संशोधित), शिक्षा नियमावली २०५९, स्थानीय स्वायत्त शासन नियमावली, स्थानीय शिक्षा ऐन, नियमावली, शिक्षा सम्बन्धी कार्यविधिबाट सुशासनको सम्बोधनका पक्षमा पारदर्शिता, सहभागिता, उत्तरदायित्व, भविष्यपरकता, अपनत्व, कानुनी शासन जस्ता सैद्धान्तिक पक्षलाई यस गाउँपालिकाद्वारा सम्बोधन गरिएको छ ।

संविधानको प्रस्तावनामा संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिप्रतिको नेपाली जनताका आकाङ्क्षा पुरा गर्न संविधान जारी गरिएको कुरा उल्लेख छ । संविधानको निर्देशक सिद्धान्त र नीतिमा अंगिकार गर्दै यस गाउँपालिका मातहतका विद्यालय र शिक्षालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र



CamScanner

सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने शिक्षाको भौतिक, आर्थिक सेवा सुविधामा समान र सहज पहुँच सुनिश्चित गरि सुशासनको प्रत्याभूति गर्ने गरिएको छ ।

**नीतिगत तथा कानुनी व्यवस्था :**

- यस गाउँपालिकाले सुशासन ऐन, २०६४ र सुशासन नियमावली, २०६५ ले नेपालको सार्वजनिक प्रशासनलाई (विद्यालयीय) विकेन्द्रित, नतिजामूलक, सूचनामूलक, मूल्यमा आधारित, भ्रष्टाचार रहित, समतामा आधारित जस्ता पक्षमा जोड,
- सार्वजनिक सुनुवाई, सूचनाको हकको सुनिश्चितता गर्न सूचना अधिकारी, उपभोक्ता सेवाग्राही सर्वेक्षण, क्षतिपूर्ति सहितको नागरिक वडापत्र, गुनासो सुनुवाई आदि पक्षमा जोड,
- नागरिक ऐन, २०१२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नेपालका विगतदेखि वर्तमानसम्म सुशासन सम्बन्धी गरिएका नीतिगत प्रयासका पक्ष धेरथोर रुपमा भएका छन् ।
- स्थानीय ऐन, नियमावली र कार्यविधि अनुसार सुशासन सम्बन्धी नीतिगत प्रयास गरिएको छ ।

शिक्षामा स्थानीय सरकार, विद्यालय, समुदाय, गैर सरकारी संघ संस्था तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन अपरिहार्य मानिन्छ । विद्यालय क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तरगत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाहरूको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश गरिएका हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण र उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई  पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ ।

विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्नुपर्दछ । सुशासन र व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरुप संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य मान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नुपर्ने हुन्छ । योजनाको कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा संचार प्रविधिको प्रयोग, समता र समावेशीताको प्रवर्द्धन, नतिजाको प्रवर्द्धन गरि शिक्षा क्षेत्रमा यस पाँच वर्षे योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयन समग्र व्यवस्थाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली सम्बन्धमा वर्तमानको अवस्था समिक्षा गरिएको छ ।

बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको संख्यात्मक विस्तार, ज्ञान, प्रविधि र संचारमा भएको विकास, सामाजिक सचेतनामा आएको परिवर्तन लगायतका विविध पक्षहरूलाई समेत विचार गरि संस्थागत संरचना र क्षमता विकास गरि सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ ।

यस योजनाका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको



CS CamScanner

विस्तार, प्रकोप तथा महामारीको अवस्थाको सिकाइ तथा समावेशीताको प्रवर्द्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ ।

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरि स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् । यसैगरि प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक गाउँपालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ । गाउँपालिकास्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरू कार्यान्वयनमा रहेका छन् । यस गाउँपालिका अन्तरगतका विद्यालयमा विद्यालय व्यवस्थापन तथा सुशासनको अवस्था यस प्रकार रहेको छ ।

| क्र.सं. | व्यवस्थापन तथा सुशासन सम्बन्धी विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति गठन भएका विद्यालय | २२ | १००।०० |
| २ | शिक्षक अभिभावक संघ गठन भएका विद्यालय संख्या | ० | ०।० |
| ३ | विद्यालय सुधार योजना बनाएका विद्यालय संख्या | २२ | ८५।२ |
| ४ | बाल क्लब गठन भएका विद्यालय संख्या | २६ | ९६।३ |
| ५ | गुनासो सुनुवाई पेटीका जडान भएका विद्यालय | २७ | १००।० |
| ६ | लैंगिक सम्पर्क व्यक्ति तोकेको विद्यालय संख्या | २२ | ० |
| ७ | सामाजिक परीक्षण गरिएको विद्यालय संख्या | ० | ० |
| ८ | गत आवको लेखा परीक्षण गरिएको विद्यालय संख्या | ० | ० |
| ९ | सेनिटर प्याड व्यवस्थापन गरेका विद्यालय संख्या | ५ | १००।० |
| १० | खाजा व्यवस्थापन समिति गठन भएका विद्यालय संख्या | ० | ० |
| ११ | मा.वि.मा नर्सको उपलब्धता भएका विद्यालय संख्या | ० | ० |
| १२ | विद्यालय आचारसंहिता निर्माण गरेका विद्यालय संख्या | २१ | ९४.४५ |

## ५.३ अवसर तथा चुनौतीहरु

१. संविधानले तोकिएका स्थानीय तहका अधिकार सूचीहरूलाई कार्यान्वयन गर्न,
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले गर्ने कार्यहरू किटानी साथ सुनिश्चित गर्न,
३. शैक्षिक तथ्याङ्क सङ्कलन, सूचना संकलनका साथै प्रवाहीकरण गर्न,
४. शिक्षामा पारदर्शी, जिम्मेवारी, जवाफदेहिता र उत्तरदायित्व बोध र प्रयोग गर्न,
५. सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई र कार्यहरूको सञ्चार तथा सूचना प्रविधिको उपयोग भई सार्वजनिक सूचना प्रवाह गर्न,
६. विद्यालय तथा शैक्षिक संस्थाहरूको निरीक्षण, अनुगमन सुपरीवेक्षण जस्ता कार्यमा प्रणालीगत व्यवस्था,
७. सुशासन कायम गर्ने नेतृत्वहरू सक्षम र जनमुखि बनाउन संस्थागत/प्रणालीगत विकास गर्नु,
८. शिक्षामा विकेन्द्रीकरण कार्य-अधिकार र कर्तव्य बीचमा सामन्जस्यता मिलाउन,
९. सुशासन सम्बन्धी स्पष्ट कानुन नहुनु र भएको ऐन, नियमको पनि पूर्ण पालना गर्न,



CamScanner

१०. अनावश्यक राजनैतिक हस्तक्षेप कम गर्न,
११. उपलब्ध मानवीय संसाधन, भौतिक साधन र स्रोतको पनि उचित प्रयोग र परिचालन गर्न,
१२. पर्याप्त रुपमा सूचना र प्रविधिको विकास र प्रयोग गर्न,
१३. अनुगमन, निरीक्षण र सुपरिवेक्षण कार्य प्रभावकारी हुन सक्नु,
१४. समुदायभित्रका विद्यालय उमेरका सबै बालबालिकालाई अझ पनि विद्यालयीय शिक्षाको पहुँचमा ल्याउन,
१५. विशेष प्रकृतिका बालबालिकाका लागि उपयुक्त शैक्षिक वातावरणमा समायोजन हुन सक्नु,
१६. बुद्धिजीवि, शिक्षाप्रेमी, नागरिक समाज, पत्रकार, जनप्रतिनिधि, अभिभावक विभिन्न क्षेत्रमा आवद्ध पेशाकर्मी तथा व्यवसायिहरू आदिको भूमिकालाई सशक्त गर्दै लैजानु,
१७. शिक्षामा आधुनिक सूचना सञ्चार प्रविधिको अधिकतम उपयोगमा सीपगत-प्राविधिक कठिनाइ रहनु आदि जस्ता चुनौती यस गाउँपालिकामा विद्यालय सुशासन र व्यवस्थापनका प्रमुख चुनौति हुन् ।

## ५.४ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि  गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने
२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने
३. समता तथा समावेशितालाई प्रोत्साहन गरि शिक्षामा सुशासन कायम गर्ने
४. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने

## ५.५ रणनीतिहरु

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि  गर्न भौत्तिक तथा सांगाठनिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने,
२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने  र संस्थागत व्यवस्थाका लागि आवश्यक भौत्तिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरि कार्यान्वयन गर्ने,
३. समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरि कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरि कार्यान्वयन गर्न जोड दिने,
४. विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापनका लागि पेसागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौत्तिक तथा सांगाठनिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने ।



CS CamScanner

## ५.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलापहरु र लक्ष्य

### *क) उपलब्धि*

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने ।

### *ख) प्रमुख नतिजाहरू*

- स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने
- स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने
- शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्द्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने
- शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने ।

### *ग) प्रमुख क्रियाकलाप र लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | दस्तावेज | १ | | १ | | १ | ३ | गाउँपालिका |
| २ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | निरन्तर | | | | | | ० | गाउँपालिका |
| ३ | प्र.अ.लाई कार्य सम्पादन करार गरि जिम्मेवार वनाउने | निरन्तर | | ३ | २ | १७ | | २२ | गाउँपालिका |
| ४ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | निरन्तर | ० | ० | ० | ० | ० | २२ | गाउँपालिका |
| ५ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्र विकास | वडा संख्या | १ | १ | १ | २ | २ | ७ | गाउँपालिका |
| ६ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका र विद्यालय |



CS CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ८ | अभिभावक अभिमुखिकरण | निरन्तर | | | | | | | गाउँपालिका |
| ९ | गाउँ शिक्षा समितिको क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | १ | १ | ६ | गाउँपालिका |
| १० | अनुगमन समितिको क्षमता अभिवद्धि र परिचालन | निरन्तर | | | | | | | गाउँपालिका |



CamScanner

# परिच्छेद छ – लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ । सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्नु नै शिक्षामा लगानी गरिएको हो । शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ । शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यका लागि कार्य गर्नुपर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भएतापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजीक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरि तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरि यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान गरिएको चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरि स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भएतापनि शिक्षा साझा सूचिको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजीक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख गरेको पाइन्छ । समानीकरण अनुदानको हकमा प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । विशेष अनुदान र समपूरक अनुदानको राष्ट्रिय योजना आयोगबाट वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थापन हुँदै आएको छ । सशर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रक्रिया पुरा गरि स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा स्थानीय र प्रदेश तहबाट हाल अभ्यास भएको देखिदैन । संघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदान बाहेक स्थानीय तथा प्रदेश तहको आफ्नै स्रोतमा आधारित बजेट पनि शिक्षा क्षेत्रमा सम्बन्धित तहले विनियोजन गर्न सक्दछ ।

शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्वपूर्ण पक्ष हो । एकातिर संबैधानिक प्रावधानले मुलुकले समता र न्यायमा आधारित समाजवाद उन्मुख राज्य परिकल्पना गर्नु, अर्कातिर शिक्षामा निजीक्षेत्रको संलग्नता क्रमश: बढ्दै जानुले शिक्षामा लगानीका



CS CamScanner

सम्बन्धमा चुनौती थपिएको छ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरि तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लगानीको पक्ष उत्तिनै सक्षम र व्यवस्थित हुन्छ ।

## ६.२ वर्तमान अवस्था

चन्द्रनगर गाँउपालिकाको आ.व. २०७८/७९ को कुल बजेट मध्ये सशर्त अनुदान तर्फ रु.६९,६००,००० र आन्तरिक बजेट तर्फ रु.९,८२५,००० गरि कुल जम्मा रु. ७९,४२५,००० (सात करोड चौरानब्बे लाख पच्चिस हजार) शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तरगतको बजेट विनियोजन गरेको छ । शिक्षामा लगानी बढाउनुपर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तह र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २०% शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ ।

### ६.२.१ शिक्षाका राज्यको लगानीको अवस्था

नेपालमा आ.व. २०४९/५० मा शिक्षामा राज्यको लगानी कुल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । यो प्रतिशत आर्थिक वर्ष २०७४/७५ मा घटेर ९.९ प्रतिशतमा पुगेपनि आर्थिक वर्ष २०७७/७८ मा क्रमश: बढेर ११.७ प्रतिशत पुग्यो । विगत एक दशक (२०११/१२ देखि २०२०/२१) को अवधिमा सरकारबाट कुल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ । विगत पाँच वर्षमा शिक्षा क्षेत्रमा सरकारी विनियोजन कुल गार्हस्थ उत्पादनको ४.२ प्रतिशत रहेको छ । नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्वपूर्ण अंश रहेको छ । पछिल्लो ५ वर्ष (२०१६/१७ देखि २०२०/२१) मा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कुल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ । विगत ५ वर्षको शिक्षा क्षेत्रको बजेट देहायअनुसार रहेको छ ।

**तालिका ६.१ विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप (बजेट रु करोडमा)**

| आ.व. | शिक्षा बजेट | बैदेशिक सहायता रकम | बैदेशिक सहायता प्रतिशत | वार्षिक बजेट वृद्धि प्रतिशत | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत | कुल संघीय बजेटमा शिक्षा बजेटको अंश | कुल स्थानीय बजेटमा शिक्षा वजेटको अंश |
|---|---|---|---|---|---|---|---|
| २०७३/७४ | ११६,३६ | १,०३४ | ८.८८ | १७.९६ | ४.१ | ११.१ | |
| २०७४/७५ | १२,६६४ | १,०९६ | ८.६५ | ८.८४ | ४.२ | ९.९ | |
| २०७५/७६ | १३,४५१ | १,२८७ | ९.५७ | ६.२१ | ४.१ | १०.२ | |
| २०७६/७७ | १६,३७६ | १,७४६ | १०.६६ | २१.७४ | ४.४ | १०.६ | |
| २०७७/७८ | १७,१७१ | २,४५१ | १४.२८ | ४.८६ | ४.३ | ११.७ | |
| २०७८/७९ | १८,००४ | १,७१९ | ९.६० | ४.८५ | ४.२ | १०.९३ | |

*स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आ.व.को बजेट पुस्तिका)*



CS CamScanner

### ६.२.२ शिक्षामा निजी लगानी

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालयमा पढ्ने विद्यार्थीको संख्या पनि बढ्दो नै छ। गाउँपालिकाको लगानी प्रत्यक्ष रूपमा नभएपनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ।

**नेपालमा प्रति विद्यार्थी लगानीको तुलनात्मक अवस्था**

| शिक्षाको तह | प्रति विद्यार्थी लगानी रु. | | कैफियत |
|---|---|---|---|
| | सार्वजनिक | निजी | |
| बालविकास शिक्षा | ३६०२ | १७,३३६ | |
| प्राथमिक तह (१-५) | ११,५३६ | २०,२५४ | |
| आधारभूत तह (६-८) | ११,२५१ | १९,९८४ | |
| माध्यमिक तह (९-१०) | १०,६८१ | ३१,६९६ | |
| माध्यमिक तह (११-१२) | १६,५५६ | ३५,७५२ | |

***Source: NCE Nepal (Cited from UNESCO/ILEP and MOE,2018)***

## ६.३ अवसर तथा चुनौतीहरु

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका अवसर तथा चुनौतीहरू पहिचान गरिएको छ :

१. शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्नु।

२. संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह बीचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरि तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउनु।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरि सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमा विकास गर्नु।

४. प्राविधिक तथा व्यवसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्नु।

५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दिगोपना सुनिश्चित गर्नु।

६. आधुनिक प्रविधि विशेष गरि सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्नु।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरू: प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्नु।

८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरि लगानी गर्न स्रोत व्यवस्थापन गर्नु।

९. शिक्षामा समता तथा समावेशिता सुधार गरि आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्नु।



CS CamScanner

१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नु ।
११. वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्नु ।
१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरि वित्तीय सुशासन कायम गर्नु ।
१३. लगानी अनुसारको उपलब्धि हासिल गर्नु ।
१४. विद्यार्थीलाई सामुदायिक विद्यालयप्रति आकर्षित गराउनु र टिकाउनु ।
१५. अपाङ्गता भएका तथा असहाय वर्गका बालबालिका विद्यालय बाहिर हुनु ।

## ६.४ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् :

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरि कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।
५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।
६. गाउँपालिकाले बजेट निर्माण गर्दा क्षेत्रगत बजेटको निर्माण गरि घोषणा गर्ने ।

## ६.५ रणनीतिहरु

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन् :

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बीचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ-आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने ।
२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।
३. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुने ।
४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरि कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कुल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुर्याइने ।
५. नेपालको वैदेशिक सहायता नीति अनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाहृय स्रोतको परिचालन गरिने ।
६. उपागमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिने ।
७. सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिने ।



CamScanner

८. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरि निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरि विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिने ।
९. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिने ।
१०. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने ।
११. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरि वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने ।

## ६.६ स्रोतको अनुमान र विश्लेषण

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा अपेक्षा र नीतिका आधार तथा स्रोत उपलब्धताको अनुमान जस्ता दुई मूलभूत प्रक्रिया बीचमा सामानजस्य गर्ने प्रयास हुन्छ । नागरिक अपेक्षा, राष्ट्रिय प्रतिवद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका राष्ट्रिय नीति तथा कार्यक्रमलाई उचित रूपमा सम्बोधन गर्न स्रोतको आँकलन गर्नुपर्ने हुन्छ । त्यसरी आँकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामर्थ्य के कति छ त्यो पनि सँगसँगै विश्लेषण गरिन्छ । सामान्यतया राष्ट्रिय सामर्थ्य कुल गार्हस्थ उत्पादनलाई आधार बनाई निकालिन्छ ।

## ६.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

चन्द्रनगर गाँउपालिकाले ५ वर्षका लागि तयार गरेको विद्यालय शिक्षा क्षेत्र योजना (२०८०-२०८४) मा विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रम अनुसार बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम सक्षमताका मापदण्ड पूरा गरि गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ । माध्यमिक शिक्षालाई नि:शुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यवसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ । आधारभूत तह र माध्यमिक तहमा पाँच वर्षमा सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम आवश्यकता मापदण्ड पूरा गर्नेगरि बजेट प्रस्ताव गरिएको छ । विद्यालयको भौत्तिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ । पाठ्यक्रमको सान्दर्भिकता बढाउने, पाठ्यपुस्तक सुधार गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता तथा समावेशितामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरू मध्ये केहीलाई आवासीय प्रवन्ध सहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्तिका लागि पनि उल्लेख्य बजेट प्रस्ताव गरिएको छ ।



CamScanner

**विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट (लाखमा)**

| क्र.सं. | उपक्षेत्र | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बाल विकास र शिक्षा | १२।७ | २५।६८ | १५।७ | २२।७ | १८।८ | ९५।५५ |
| २ | आधारभूत शिक्षा | १७।१ | १७।५५ | ३७।२ | २२।२ | २१।९ | ११६ |
| ३ | माध्यमिक शिक्षा | ८।५ | ३३ | ५८।५ | ३२ | ८ | १४० |
| ४ | प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम | १४ | ५४।२ | ६९।२ | ५९।२ | १८ | २१४।६ |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ११ | १३।५ | १४।५ | ९।५ | १४ | ६२।५ |
| ६ | शिक्षक व्यवस्थापन र विकास तथा शैक्षिक पेशागत सहयोग | ८४।२ | ११०।१ | १०६ | १०७ | ११२ | ५१९।६ |
| ७ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ५।१ | ८।३५ | ६।८५ | ९।६५ | ९।६५ | ३९।६ |
| ८ | शैक्षिक समता र समावेशीकरण | ४।५ | ८।२ | ७।२ | ४।५ | ७।५ | ३१।९ |
| ९ | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ११।९५ | ७।४५ | ८ | ७।१५ | ४।५५ | २९।१ |
| १० | छात्रवृत्ति | १।८ | २।७५ | २।५ | १।६५ | १।६५ | १०।३५ |
| ११ | परिस्थितिजन्य शिक्षा | ६।२ | ८।८ | १३।१ | १४।५ | १३।४ | ५५।९ |
| १२ | विद्यालयको भौतिक पूर्वाधार विकास | ८।५ | २८।५ | २९ | २९ | ३२ | १२७ |
| १३ | शिक्षामा सूचना र प्रविधि | ५ | ५।२५ | ६।२५ | ९।९५ | १३ | ३९।४५ |
| १४ | सुशासन तथा व्यवस्थापन | ३।४५ | ३।२५ | ३।६५ | ४।८५ | ३।६५ | १८।८५ |
| १५ | अनुगमन तथा मूल्याङ्कन | ७।६ | ८।१ | ८।६ | ८।१ | ८।६ | ४१ |
| | **जम्मा रु. लाखमा** | **१९१।५३** | **३३४।६४** | **३८६।२** | **३४२।०** | **२८७।०** | **१५४१** |

पहिलो पाँच वर्षका लागि जम्मा अनुमान १५४१ लाख नेपाली रुपैया आवश्यक देखिन्छ, जसमा स्वयम्सेवक शिक्षक, कर्मचारी तथा सहजकर्ताको पारिश्रमिक समेत जोडिएको छ ।



CamScanner

# परिच्छेद सात – कार्यान्वयन, अनुगमन, मूल्याँकन, समन्वय र सहजीकरण

## ७.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह सम्मुचित ढङ्गले भएको छ वा छैन, कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्ति तर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रुपमा निगरानी, निरीक्षण, पुर्ननिरीक्षण, पर्यवेक्षण एवम् जाँबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता, प्रभावकारीताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात पनि गरिन्छ ।

## ७.२ वर्तमान अवस्था

अनुगमन तथा मूल्याँकनलाई योजनाको अभिन्न अंगका रुपमा लिदै हाल विद्यमान अवस्थामा रहेको गाउँ शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउँदै आवश्यक मानवीय तथा भौत्तिक व्यवस्थापनमा जोड दिँदै गाउँपालिका अध्यक्षको अध्यक्षतामा रहेको गाउँ शिक्षा समितिबाट आवश्यक रूपमा बैठक बसी कार्य प्रगति समीक्षा हुने गर्दछ । यसरी गाउँपालिकाका शिक्षा शाखाबाट पनि शैक्षिक गतिविधि तथा गाउँपालिकाभित्र रहेका समुदायिक, धार्मिक र संस्थागत विद्यालयहरूको अनुगमन र मूल्याँकन भइरहेको छ । अनुगमन तथा मूल्याँकनका लागि विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई सोको विवरण आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पुर्याउने प्रबन्ध गरिएको छ । शिक्षाको वार्षिक कार्यक्रम स्थानीय गाउँ शिक्षा ऐनमा व्यवस्था भए अनुरूप गाउँ शिक्षा समितिबाट निर्णय गराई कार्यपालिकाले तयार गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुरूप हुने प्रवन्ध गरिएको छ । एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मार्फत विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा अन्य पूर्वाधार सम्बन्धी सूचना लिई विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरू, शिक्षक तथा विद्यार्थीहरूको सामाजिक तथा भाषिक पृष्ठभूमि तयार गर्दै गाउँपालिकाको शैक्षिक पार्श्वचित्र निर्माणको थालनी भएको छ । हाल आएर स्रोत केन्द्र र स्रोत व्यक्ति नभएको अवस्था र गाउँ शिक्षा योजनामा आवश्यक मानव स्रोत व्यवस्थापन हुन नसकेकोले योजना अनुगमन तथा मुल्यांकन कार्यमा केही राम्रा अवसरहरूका साथमा चुनौतीहरू रहेका छन् ।

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह सम्मुचित ढङ्गले भएको छ वा छैन, कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्य तालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्ति तर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रुपमा निगरानी, निरीक्षण, पुर्ननिरीक्षण, पर्यवेक्षण एवम् जाँबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता, प्रभावकारिताको सन्दर्भमा



CS CamScanner

सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यत: कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात पनि गरिन्छ ।

## ७.३ अवसर तथा चुनौतीहरु

उल्लिखित विश्लेषणका प्रमुख आधारमा यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रुपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सीप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु ।
२. अनुगमनलाई माँगमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरुपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु,
३. अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धतिको विकास गर्नु,
४. संघीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुर्नसंगठन गर्नु,
५. अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरि एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु,
६. सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।

## ७.४ उद्देश्य

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु ।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु ।
३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल गर्नु ।
४. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु ।

## ७.५ रणनीतिहरु

१. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरि उपयोग गर्ने,
२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने,
३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरि आवश्यक सूचकसहित स्वचालित बनाउने,
४. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने,
५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने,
६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरिने,
७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने,



CS CamScanner

८. शैक्षिक योजना तथा कार्यान्वयनहरूको नियमित, आवधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने,
९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने ।

## ७.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलापहरु र लक्ष्य

### *क) उपलब्धि*

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरू सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने ।

### *ख) प्रमुख नतिजा*

अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

### *ग) अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरू*

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्म भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार गर्ने | दस्तावेज | १ | ० | १ | ० | १ | ३ | गाउँपालिका |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ३ | कार्यक्रम कार्यान्वयनको त्रैमासिक अनुगमन गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ३ तहका सरकार |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | गाउँपालिका र विद्यालय |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ६ | शिक्षाका विभिन्न कार्यक्रमको आवधिक मूल्याँकन गर्ने | पटक | ० | २ | २ | २ | २ | ८ | गाउँपालिका |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | गाउँपालिका |
| ८ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका र विद्यालय |



CamScanner

## ७.७ विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको प्रबन्ध

### ७.७.१ परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ । योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरूले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछ । यसैगरि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरूले प्रभाव पार्दछन् । विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ । योजना कार्यान्वयन, प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम, कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन् ।

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ । त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा दिगोपन, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनुपर्दछ । कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरि स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ ।

### ७.७.२ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रबन्ध गर्नुपर्ने कानुनी व्यवस्था छ । शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ । संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ । स्थानीय तहमा शिक्षा महाशाखा/शाखा रहेका छन् । विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरि विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा मानवीय जनशक्ति व्यवस्थापन र विद्यालय शिक्षामा सुशासन कामय गरि कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

### ७.७.३ अवसर तथा चुनौतीहरू

हालको संरचनामा देखिएका केही अवसर तथा चुनौतीहरू निम्नानुसार छन् :

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु,
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु,
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु,
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु,
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरि स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु,



CS CamScanner

६. संघ, प्रदेश तथा स्थानीय तहहरूबीच समन्वय र सहकार्य सुदृढ गर्नु ।

### ७.७.४ योजना कार्यान्वयनको प्रबन्ध

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरूमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकार्य गर्नुपर्दछ । स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्नलिखित प्रवन्ध गर्नुपर्दछ ।

**स्थानीय तह**

१. चन्द्रनगर गाँउपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरि वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
२. चन्द्रनगर गाँउपालिकाको शिक्षा शाखाको क्षमता विकास गरि कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने ।
३. चन्द्रनगर गाँउपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरि विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार चन्द्रनगर गाँउपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने ।
५. चन्द्रनगर गाँउपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउँदै सो मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरि थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने कुराको सुनिश्चितता गर्ने ।
६. चन्द्रनगर गाँउपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि गाउँपालिकास्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने ।

**विद्यालय**

- विद्यालयले विद्यालय सुधार योजना तयार गरि सालवसाली अद्यावधिक गर्ने ।
- संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरि निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने ।
- व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरि उत्तरदायी बनाइने ।
- विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकले कक्षाकोठामा बिताउने समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरि लागू गर्ने ।
- विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपद् व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने ।



CamScanner

- विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने ।

**समुदायिक सिकाइ केन्द्र**

- सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने ।
- वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरि कार्यान्वयनको व्यवस्था मिलाउने ।
- सामुदायिक सिकाइ केन्द्रले विषयगत स्थानीय तहका इकाइहरू, समुदाय, गैरसरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरि कार्यक्रमहरू सञ्चालन गर्ने ।



CamScanner

# परिच्छेद आठ – योजनाको नतिजा खाका

## ८.१ परिचय

चन्द्रनगर गाँउपालिकाले निर्माण गरेको विद्यालय शिक्षा क्षेत्र योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरेको छ । यस योजनाको गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरि पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आँकलन गरिएको छ भने पाँच वर्षमा हुने नतिजाको पनि प्रक्षेपण गरिएको छ । नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको संख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारी समेत उल्लेख गरिएको छ ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने संख्यात्मक साधन हो । जसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ । यसले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नुका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ । यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ । नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ ।

यस परिच्छेदमा योजनाको समग्र खाका अन्तर्गत अपेक्षित प्रभावको आँकलन, उपलब्धिहरू तथा उपलब्धिका सूचकहरू समावेश गरिएको छ । त्यसैगरि यसमा मुख्य कार्यसम्पादन सूचकहरू तथा कार्यक्रम नतिजा ढाँचा पनि प्रस्तुत गरिएको छ ।

## ८.२ योजनाको समग्र नतिजा खाका

यस शिक्षा क्षेत्रको योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाका अन्तर्गत देशको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ । त्यसैगरि योजनाको तत्कालीन, मध्यकालीन र दीर्घकालीन उपलब्धिहरू उल्लेख गरिएको छ भने उपलब्धिका नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि उल्लेख गरिएको छ । यसपछिका दुई तालिकामा (तालिका ८.१ र ८.२) नतिजाका प्रमुख सूचकहरूका मुख्य कार्यसम्पादन सूचकहरू र कार्यक्रम नतिजा सूचकहरू समावेश गरिएको छ ।

**तालिका ८.१ योजनाको समग्र नतिजा, नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू**

**तत्कालीन उपलब्धि**

| क्र.सं. | उपलब्धी | नतिजा सूचक | स्रोत तथा तरीका |
|---|---|---|---|
| १ | निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन | ▪ प्रमुख कार्य सम्पादन सूचकहरू,<br>▪ कार्यक्रम नतिजा सूचकहरू | ▪ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>▪ वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>▪ वार्षिक परीक्षाको नतिजा विश्लेषण |
| २ | पोषणयुक्त दिवा खाजा संचालन | | |
| ३ | घुम्ती पुस्तकालय सञ्चालन | | |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन/निर्माण | | |
| ५ | निरक्षरहरूको विवरण संकलन | | |
| ६ | विद्यालयमा सूचना तथा संचार प्रविधिको विकास | | |
| ७ | विद्यालयको मर्मत सम्भार | | |
| ८ | ई-पुस्तकालय अद्यावधिक र विस्तार | | |



CamScanner

**मध्यकालीन उपलब्धी**

| क्र.सं. | उपलब्धी | नतिजा सूचक | स्रोत तथा तरीका |
|---|---|---|---|
| १ | १०+२, स्नातक तहको अध्ययन | ▪ प्रमुख कार्य सम्पादन सूचकहरू,<br>▪ कार्यक्रम नतिजा सूचकहरू | ▪ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>▪ वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>▪ वार्षिक परीक्षाको नतिजा विश्लेषण |
| २ | प्राविधिक धारको स्थापना तथा स्तरोन्नती | | |
| ३ | स्वयमसेवक शिक्षक नियुक्ति र क्षमता विकास | | |
| ४ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | | |
| ५ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | | |
| ६ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | | |
| ७ | User Manual समेतको प्राथमिक उपचार बाकस | | |
| ८ | विद्यालयमा सूचना तथा संचार प्रविधिको विकास | | |

**दीर्घकालीन उपलब्धी**

| क्र.सं. | उपलब्धी | नतिजा सूचक | स्रोत तथा तरीका |
|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरिने । | ▪ प्रमुख कार्य सम्पादन सूचकहरू<br>▪ कार्यक्रम नतिजा सूचकहरू | ▪ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>▪ वार्षिक स्थिति प्रतिवेदन<br>▪ वार्षिक अनुगमन प्रतिवेदन<br>▪ विभिन्न तहमा वार्षिक प्रगति प्रतिवेदन<br>▪ वार्षिक परीक्षाको नतिजा विश्लेषण |
| २ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि हुने । | | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने । | | |
| ४ | सुरक्षित र उपयुक्त भौत्तिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर हुने । | | |
| ५ | विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने । | | |
| ६ | प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने । | | |
| ७ | सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने । | | |



CS CamScanner

| | | | |
|---|---|---|---|
| ८ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने । | | |
| ९ | विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाइ प्रति सचेत हुने । | | |
| १० | आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने | | |
| ११ | हरेक परिस्थितिमा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरिने | | |
| १२ | सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौत्तिक वातावरणमा अध्ययन गर्ने अवसर हुने । | | |
